# भन्सार विभागको
# वार्षिक प्रगति विवरण
## (आ.व. २०८०/८१)



नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

त्रिपुरेश्वर, काठमाडौं

२०८१

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिम प्रकाशित)

## भन्सार विभागको

# वार्षिक प्रगति विवरण

(आ.व. २०८०/८१)

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

## भन्सार विभाग

त्रिपुरेश्वर, काठमाडौ

२०८१

कभर पृष्ठः- ७२ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको लोगो

नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग

प.सं.:-
च.नं.:-

त्रिपुरेश्वर, काठमाडौं, नेपाल



## भूमिका

सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले राज्यका कामकारबाहीलाई लोकतान्त्रिक पद्धति अनुसार खुला र पारदर्शी बनाउँदै नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरू सार्वजनिक गर्नुपर्ने व्यवस्था गरे बमोजिम भन्सार विभागले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका प्रमुख कार्यहरू समेटी यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गरेको छ। यसबाट भन्सार सम्बन्धी जानकारी राख्न चाहने सम्पूर्ण पाठक वर्ग र सरोकारवालाहरूलाई भन्सार विभागका गतिविधिहरूबारे जानकारी हासिल गर्न सकिनेछ।

नेपालको भन्सार प्रशासनका प्रमुख कार्य जिम्मेवारीहरू राजस्व सङ्कलन, व्यापार सहजीकरण, अवैध व्यापार नियन्त्रण र आपूर्ति श्रृङ्खलालाई सुचारु राख्न भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूले नियमित रुपमा सम्पादन गरेका कार्यहरूलाई यस प्रतिवेदनमार्फत सार्वजनिक गर्ने प्रयास गरिएको छ।

नेपालको भन्सार प्रशासनमा छैठौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९-२०८२/८३) ले समग्र सुधारलाई मार्गदर्शन गरिरहेको छ। विगतमा हासिल गरेका उपलब्धिहरूबाट शिक्षा लिँदै हालका चुनौतीहरूलाई अवसरमा बदल्नका लागि निरन्तर सुधारको अभियानमा भन्सार विभाग अघि बढिरहेको छ।

नेपाल राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन तथा आसिकुडा वर्ल्ड प्रणालीको प्रयोगले हाम्रो अन्तर्राष्ट्रिय व्यापार प्रक्रियालाई प्रविधि मैत्री र सहज बनाएको छ। भन्सार कार्यालयहरूमा प्रयोगमा रहेको विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनले भन्सार प्रशासनलाई अझ पारदर्शी र सूचना प्रविधि मैत्री बनाएको छ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा गरिएका प्रतिवद्धता अनुरूप कानूनी सुधारलाई तीव्रता दिइएको छ। विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता, परिमार्जित क्योटो अभिसन्धिको सामान्य अनुसूची र अन्तर्राष्ट्रिय असल अभ्यास लगायत सरोकारवालाहरूले दिएका सुझावहरूलाई समावेश गरी भन्सार विधेयक संघीय संसदमा पेश भएको छ।

विद्यमान कानूनी संरचनालाई थप सुदृढ गर्दै योजनाबद्ध सुधारका कदम अगाडि बढाइएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजना तर्जुमा, प्रमुख भन्सार कार्यालयहरूमा आधुनिक प्रयोगशालाको स्थापना र कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न तालीम कार्यक्रम सञ्चालन गरी समावेशी, दक्ष र पारदर्शी भन्सार प्रशासनतर्फ नेपालको भन्सार प्रशासन अगाडि बढेको छ। यस्ता सुधारका प्रयासहरूलाई सफल बनाउन सम्बद्ध सरोकारवालाहरूसँगको सहकार्यमा भन्सार प्रशासनलाई अझ सक्षम, पारदर्शी र प्रविधिमैत्री बनाउने हाम्रो प्रतिबद्धता निरन्तर जारी रहनेछ।

अन्त्यमा, भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूमा अहोरात्र कार्यसम्पादनमा खटिने कर्मचारीहरूलाई धन्यबाद दिन चाहन्छु। भन्सार विभागलाई निरन्तर मार्गनिर्देश तथा पृष्ठपोषण प्रदान गर्नुहुने अर्थ मन्त्रालय परिवारप्रति विशेष आभार व्यक्त गर्दछु। साथै, यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबै कर्मचारीहरूलाई धन्यबाद दिन चाहन्छु।

**हरिशरण पुडासैनी**
महानिर्देशक

टेलिफोन नं.: ९७७-१-५९१७२१५, ५९१७२१७, ५९१७२२५, ५९१७२२६, ५९१७२२७ टोल फ्रि नं.: १६६००१२१२२३
इमेल : *prasasan.customs@gmail.com, prasasan@customs.gov.np* वेबसाइट : *www.customs.gov.np*

# विषय सूची

**सि.नं. विषय** **पाना नं.**


**Abbreviations** ........................................ I

**कार्यकारी सारांश** ........................................ III

**खण्ड – एक**

**परिचय**

१.१ पृष्ठभूमि........................................ १

१.२ भन्सार विभागका कार्यहरु ........................................ २

१.३ भन्सार विभागका शाखाहरुको स्वीकृत कार्य विवरण........................................ ४

१.३.१ सुधार तथा व्यवस्थापन महाशाखा........................................ ४

१.३.२नीति तथा सञ्चालन महाशाखा ........................................ ११

१.४ सङ्गठन संरचना ........................................ १८

१.४.१ भन्सार विभागको स्वीकृत सङ्गठन संरचना ........................................ १९

१.४.२ भन्सार विभाग अन्तर्गतका कार्यालयहरूको दरबन्दीको विवरण........................................ १९

१.४.३ भारतसँग सीमा जोडिएका मूल र छोटी भन्सार कार्यालयहरु........................................ २०

१.४.४ चीनसँग सीमा जोडिएका भन्सार कार्यालयहरू........................................ २१

**खण्ड – दुई**

**भन्सार विभागद्वारा आ.व. २०८०/८१ मा सम्पादित प्रमुख कार्यहरू** ........................................ २३

२.१ व्यापार सहजीकरण सम्बन्धी कार्य ........................................ २३

२.२ अनुपालन र सामाजिक सुरक्षा सम्बन्धी कार्य ........................................ २४

२.३ राजस्व सङ्कलन सम्बन्धी कार्य ........................................ २६

२.४ आ.व. २०८०/८१ मा विभाग अन्तर्गतका शाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु........................................ २८

क) सुधार तथा व्यवस्थापन महाशाखा ........................................ २८

२.४.१ भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा ........................................ २८

२.४.२ भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा ........................................ ३०

२.४.३ अनुगमन शाखा........................................ ३१

२.४.४ जोखिम व्यवस्थापन शाखा........................................ ३२

२.४.५ आर्थिक प्रशासन शाखा ........................................ ३३

२.४.६ सामान्य प्रशासन तथा जनशक्ति विकास शाखा........................................ ३३

२.४.७ नेपाल राष्ट्रिय एकद्वार प्रणाली ........................................ ३५

ख) नीति तथा सञ्चालन महाशाखा........................................ ३५

२.४.८ अनुसन्धान तथा अनुपालन शाखा........................................ ३६

२.४.९ सेवाग्राही सहजीकरण शाखा........ ३७
२.४.१० नीति तथा महसुल शाखा........ ३८
२.४.११ वर्गीकरण तथा पुनरावलोकन शाखा........ ३९
२.४.१२ प्रयोगशाला शाखा........ ४०
२.४.१३ सूचना प्रविधि पूर्वाधार शाखा........ ४०
२.४.१४ तथ्याङ्क व्यवस्थापन शाखा........ ४२

**खण्ड – तीन**

**वैदेशिक व्यापार तथा राजस्व सङ्कलन**........ ४३
३.१ आयात निर्यातको बिश्लेषण........ ४३
३.१.१ विगत ५ बर्षको आयात/निर्यातको तथ्याङ्क........ ४४
३.१.२ आयात भएका प्रमुख वस्तुहरु र गत वर्षको तुलनामा ती वस्तुहरुको आयातमा भएको परिवर्तन........ ४५
३.१.३ निर्यात भएका प्रमुख वस्तुहरु र गत वर्षको तुलनामा ती वस्तुहरुको निर्यातमा भएको परिवर्तन........ ४५
३.२ नेपालका प्रमुख वैदेशिक व्यापार साझेदारहरु........ ४६
३.३ विगत पाँच वर्षको राजस्व सङ्कलनको अवस्था........ ४७
३.४ कार्यालयगत राजस्व सङ्कलनको अवस्था........ ४७
३.५ शीर्षक अनुसार राजस्व सङ्कलनको तुलनात्मक अवस्थाः........ ४८
३.६ भन्सार महसुल दर अनुसार राजस्व सङ्कलनको अवस्था........ ४८

**खण्ड – चार**

**भन्सार कार्यालयबाट सम्पादित प्रमुख कार्यहरु**........ ४९
४.१ व्यापार सहजीकरण........ ४९
४.२ कानूनको परिपालना........ ५०
४.३ राजस्व सङ्कलन........ ५२
४.४ आन्तरिक नियन्त्रण एवम् सहजीकरण........ ५२
४.५ कर्मचारी बैठक........ ५४
४.६ मुद्दा व्यवस्थापन........ ५५
४.७ भन्सार जाँचपासपछिको परीक्षण........ ५८

**खण्ड – पाँच**

**भन्सार विभागका अन्य कार्यहरुको विवरण**........ **५९**
५.१ वस्तु वर्गीकरण र पुनरावलोकन सम्बन्धी विगत पाँच वर्षको तुलनात्मक विवरण........ ५९
५.२ मूल्याङ्कन पुनरावलोकनका लागि प्राप्त भएका वस्तुहरुको विगत पाँच वर्षको तुलनात्मक विवरण........ ५९
५.३ प्रयोगशाला परीक्षणको विगत पाँच वर्षको तुलनात्मक विवरण........ ६०

५.४ निकासी पैठारी सङ्केत नम्बरको विगत पाँच वर्षको तुलनात्मक विवरण........................................६०
५.५ अनलाईन अनुगमनबाट सङ्कलित थप राजस्वको विवरण८ ..................................................६०
५.६ आ.व. २०७९/८० र आ. व. २०८०/८१ मा प्रविष्टि भएका प्रज्ञापनपत्रको तुलनात्मक विवरण (TIV, PEI र PEX बाहेक)...............................................................................६१
५.७ छनौट प्रणाली कार्यान्वयनको अवस्था....................................................................६२
५.८ आ.व. २०८०/८१ मा विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको कार्यालयगत अवस्था......................६२
५.९ आशिकुडा प्रणाली तथा मोड्युलहरुको कार्यान्वयनको अवस्था ..............................................६३
५.१० नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन पश्चात जारी भएका LPCO को विवरण ........................... ६४

**खण्ड – छ**

**समस्या, चुनौती एवम् आगामी कार्यदिशा**.................................................................... ६५
६.१ प्रमुख समस्या तथा चुनौती........................................................................................ ६५
६.२ आगामी कार्यदिशा.................................................................................................६६

**अनुसूचीहरू**

अनुसूची १: भन्सार कार्यालयहरु र छोटी भन्सार कार्यालयहरु....................................................... ७३
अनुसूची २: भन्सार कार्यालयहरुको स्वीकृत दरबन्दी................................................................ ७७
अनुसूची ३: भन्सार कार्यालयका प्रमुखहरुको विवरण...............................................................९२
अनुसूची ४: भन्सार विभागमा कार्यरत महानिर्देशक/का.मु. महानिर्देशकहरुको नामावली ............................ ९४
अनुसूची ५: नेपाल-भारत बीचमा भएको वाणिज्य सन्धि बमोजिमका द्विपक्षीय नाकाको विवरण.......................९६
अनुसूची ६: नेपाल-चीन बीचमा भएको वाणिज्य सन्धि बमोजिमका द्विपक्षीय नाकाको विवरण ........................९८
अनुसूची ७: आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१ सम्मको कार्यालयगत लक्ष्य तथा असुलीको तुलनात्मक विवरण ............................................................................९९
अनुसूची ८: आ.व. २०७९/८० को कार्यालयगत मुद्दाको अवस्था................................................. १०१
अनुसूची ९: आ.व. २०८०/८१ को वार्षिक वित्तिय प्रगति.......................................................... ११४
अनुसूची १०: आ.व. २०८१/८२ को भन्सार विभागको राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना..... ११५
अनुसूची ११: भन्सार दिवसको अवसरमा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरुको विवरण ................................. १३६

## Abbreviations

| | |
|---|---|
| **A-CIP** | Anti-Corruption and Integrity Promotion |
| **ADB** | Asian Development Bank |
| **ABP** | Authorized Business Person |
| **AMC** | Annual Maintenance Contract |
| **AML/CFT** | Anti-Money Laundering / Combating the Financing of Terrorism |
| **API** | Application Programming Interface |
| **BIMSTEC** | Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation |
| **CBIC** | Central Board of Indirect Taxes and Customs |
| **CCTV** | Closed Circuit Television |
| **CMAA** | Cooperation and Mutual Administrative Assistance |
| **CNI** | Confederation of Nepalese Industries |
| **CRMP** | Customs Reform and Modernization Plan |
| **DFTQC** | Department of Food Technology and Quality Control |
| **DLS** | Department of Livestock Services |
| **DMG** | Department of Mines and Geology |
| **DoA** | Department of Archaeology |
| **DoI** | Department of Industry |
| **DoTM** | Department of Transport Management |
| **EU** | European Union |
| **EXIM** | Export and Import |
| **FHAN** | Federation of Handicraft Associations |
| **FNCCI** | Federation of Nepalese Chamber of Commerce & Industries |
| **GSP** | Generalized System of Preferences |
| **IP** | Internet Protocol |
| **ISO** | International Organization for Standarization |
| **ITS** | Integrated Tax System |
| **LAN** | Local Area Network |
| **LPCO** | Licence, Permit, Certificates and Others |
| **MDMS** | Mobile Device Management System |
| **NBSM** | Nepal Bureau of Standards and Metrology |
| **NCC** | Nepal Chamber of Commerce |
| **NECAS** | Nepal Customs Automated System |
| **NNSW** | Nepal National Single Window |
| **PAN** | Permanent Account Number |
| **PCA** | Post Clearance Audit |
| **PIS** | Personnel Information System |
| **PQPMC** | Plant Quarantine and Pesticide Mangement Centre |

| | |
|---|---|
| **RMIS** | Revenue Management Information System |
| **SAFTA** | South Asian Free Trade Area |
| **SASEC** | South Asia Subregional Economic Cooperation |
| **TA** | Technical Assistance |
| **TSC** | Tariff Specification Code |
| **WAN** | Wide Area Network |
| **WCO** | World Customs Organization |
| **WTO** | World Trade Organization |

# कार्यकारी सारांश

नेपालको भन्सार प्रशासन मुलुकको सीमापार व्यापारलाई नियमन र व्यवस्थापन गर्ने प्रमुख सरकारी निकाय हो। यसले मूलतः राजस्व संकलन गर्ने, वैध व्यापारलाई सहजीकरण गर्ने र हानिकारक वस्तुहरूको आयात-निर्यातलाई नियन्त्रण गरी समाज र वातावरणको सुरक्षामा योगदान पुऱ्याउने कार्य गर्दै आइरहेको छ। सीमापार व्यापारलाई व्यवस्थापन गर्न विश्वस्तरमा अवलम्बन गरिएका असल अभ्यासहरुलाई क्रमशः अवलम्बन गर्दै अन्तर्राष्ट्रियस्तरको भन्सार प्रशासनमा रुपान्तरणका लागि कार्य गर्दै आएको छ।

यसै पृष्ठभूमिमा, नेपालको भन्सार प्रशासनबाट गत आर्थिक वर्षमा सम्पादित मुख्य-मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

१. आर्थिक वर्ष २०८०/८१ मा भन्सार प्रशासनका लागि रु. ६ खर्ब २७ अर्ब ७५ करोड राजस्व सङ्कलनको लक्ष्य तोकिएकोमा कुल रु. ४ खर्ब २४ अर्ब २४ करोड (लक्ष्यको तुलनामा ६७.५८ प्रतिशत) राजस्व सङ्कलन भएको छ। सङ्कलित कुल राजस्वमध्ये भन्सार महसुलबापत रु. १ खर्ब ८९ अर्ब ९४ करोड (लक्ष्यको तुलनामा ६५.०६ प्रतिशत), मूल्य अभिवृद्धि कर बापत रु. १ खर्ब ८४ अर्ब ५५ करोड (लक्ष्यको तुलनामा ६८.६९ प्रतिशत) र अन्तःशुल्क बापत रु. ३७ अर्ब १४ करोड (लक्ष्यको तुलनामा ७१.९५ प्रतिशत) सङ्कलन भएको छ। त्यसैगरी, रु. ८ अर्ब ८ करोड (लक्ष्यको तुलनामा ७३.९२ प्रतिशत) सडक मर्मत तथा सुधार दस्तुर वापत र रु. ४ अर्ब ५३ करोड (लक्ष्यको तुलनामा ९९.०१ प्रतिशत) सडक निर्माण तथा सम्भार दस्तुर वापत सङ्कलन भएको छ। गत आर्थिक वर्षमा सङ्कलन भएको राजस्व मध्ये भन्सार महसुलको हिस्सा ४४.७७ प्रतिशत, मूल्य अभिवृद्धि करको हिस्सा ४३.५० प्रतिशत, अन्तःशुल्कको हिस्सा ८.७५ प्रतिशत, सडक मर्मत तथा सुधार दस्तुरको हिस्सा १.९० प्रतिशत र सडक निर्माण तथा सम्भार दस्तुरको हिस्सा १.०६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा आयातमा वृद्धि हुन नसक्नु, पुँजीगत खर्च बढ्न नसक्नु, चोरी निकासी पैठारी नियन्त्रण हुन नसक्नु लगायतका कारण अपेक्षित रुपमा राजस्व सङ्कलन हुन नसकेको देखिन्छ।

२. आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक व्यापारमा सामान्य गिरावट आएको छ। आर्थिक वर्ष २०७९/८० मा रु. १७ खर्ब ६९ अर्व रहेको कुल वैदेशिक व्यापार आर्थिक वर्ष २०८०/८१ मा १.३३ प्रतिशतले खुम्चिन गइ रु. १७ खर्ब ४५ अर्बमा सीमित रहन पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा रु. १६ खर्ब ११ अर्बको ७३ करोड मूल्य बराबरको आयात भएकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. १५ खर्ब ९२ अर्ब ९९ करोड मूल्य बराबरको मात्र आयात भएको छ। त्यस्तै, निर्याततर्फ आर्थिक वर्ष २०७९/८० मा रु. १ खर्ब ५७ अर्ब १४ करोड मूल्य बराबरको निर्यात भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३.०३

प्रतिशतले सङ्कुचन आइ रु.१ खर्ब ५२ अर्ब ३८ करोड मूल्य बराबरको निर्यात भएको छ। आर्थिक वर्ष २०७९/८० मा १०.२६ रहेको आयात र निर्यातको अनुपात आर्थिक वर्ष २०८०/८१ मा १.९२ प्रतिशतले वृद्धि भई १०.४५ पुगेको छ।

३. विदेशी मुलुकबाट आयात गरिने वा विदेशी मुलुकमा निकासी गरिने वस्तुमा भन्सार महसुलका दरहरू तोक्ने, त्यसरी लगाइएको भन्सार महसुल आवश्यकता अनुसार पूरै वा आंशिक रुपमा छुट दिने, विदेशी मुलुकहरूसँग गरिएको सन्धि/सम्झौता अनुसार भन्सार महसुलमा सहुलियत वा छुट दिने, स्वदेशी उद्योगको संरक्षण एवं प्रवर्द्धनको लागि भन्सार दर समायोजन गर्ने जस्ता विषय समेटी भन्सार महसुल ऐन जारी गरिएको छ।भन्सार महसुल ऐन बमोजिमको भन्सार महसुल नियमावलीको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ।

४. नेपालले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मञ्चहरुमा गरेको प्रतिवद्धता अनुसार भन्सार दर पुनरावलोकन, राष्ट्रिय प्राथमिकता तथा आवश्यकतालाई मध्यनजर गर्दै स्वदेशी उद्योग र उत्पादनलाई प्रवर्द्धन हुने एकै प्रकृतिको मालवस्तुको भन्सार दर सम्भव भएसम्म समान कायम हुने गरी विद्यमान भन्सार महसुल दरको विश्लेषण गरी भन्सार महसुल ऐन, २०८१ मार्फत समायोजन गरिएको छ।

५. विश्व व्यापार संगठन (WTO) को व्यापार सहजीकरण सम्झौता, परिमार्जित क्योटो अभिसन्धीको सामान्य अनुसूचिका प्रावधानहरुसँग तादाम्यता कायम हुने गरी एवं सरोकारवालाहरुसँग भएका छलफलमा उठेका विषयहरुलाई समेत समावेश गरी नयाँ भन्सार ऐनको मस्यौदा संघीय संसदमा पेश गरिएको छ।

६. योजनाबद्ध विकासको माध्यमबाट विगतमा भन्सार प्रशासनले हासिल गरेका उपलब्धिलाई प्रेरणा र अवसरका रूपमा ग्रहण गर्दै विद्यमान चुनौतीहरूलाई सम्बोधन गर्न र सुधारको क्रमलाई निरन्तरता दिन, अन्तर्राष्ट्रिय भन्सारका स्वीकृत मापदण्डहरू र असल अभ्यासहरूबाट निर्देशित भई सूचना प्रविधिको अधिकतम प्रयोग र उपयुक्त सङ्गठनात्मक संरचना एवम् दक्षताको माध्यमबाट व्यापार सहजीकरणमा टेवा पुऱ्याउन र चोरी पैठारी नियन्त्रण र राजस्व जोखिम न्यूनीकरण गरी यथार्थपरक राजस्व सङ्कलन गर्ने उद्देश्यले छैठौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९-२०८२/८३) मा उल्लिखित सुधारका कार्यलाई निरन्तरता दिइएको छ।

७. अन्तर्राष्ट्रिय व्यापारमा संलग्न सवै निकायहरुले एकै प्रणालीबाट कार्य गर्न सक्ने व्यवस्थाका लागि विकास गरिएको नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) लाई क्रमशः लागू गरिएको छ। अन्तर्राष्ट्रिय व्यापारमा संलग्न पहिचान भएका ४८ निकायहरुमध्ये हालसम्म

३३ वटा निकायहरुले प्रणाली संचालन गरेको अवस्था  छ। थप १५ वटा निकायहरुलाई प्रणालीमा आवद्ध गर्ने प्रक्रिया अघि बढेको छ।

८. मालवस्तुको वर्गीकरण र उत्पत्तिका सम्बन्धमा वर्गीकरण तथा पुनरावलोकन (पूर्वादेश समेत) तर्फ ४८ वटा मालवस्तुको निर्णय गरिएको छ। मालवस्तुको मूल्याङ्कनमा पुनरावलोकन परेका निवेदनहरुमध्ये आर्थिक वर्ष २०८०/८१ मा कुल २३५ वटाको निर्णय गरिएको छ।

९. आ.व. २०८०/८१ मा भन्सार कार्यालयहरुमा १८७७२ मुद्दा दर्ता भएकोमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका २९३६ सहित जम्मा २१७०८ मुद्दा रहेकोमा जसमध्ये १७८७४ वटा मुद्दा फछ्र्यौट भएका छन्। प्रस्तुत मुद्दाहरुमा दाखिला भएका मालवस्तु मध्ये १५५९१ वटा मुद्दा सम्बद्ध मालवस्तुहरु लिलाम भएका छन्। कुल मुद्दा फछ्र्यौट प्रतिशत ८२.३३ प्रतिशत रहेको छ। मालवस्तुको लिलामीबाट रु. ५४ करोड ३५ लाख राजस्व सङ्कलन भएको छ।

१०. मुद्दा व्यवस्थापनलाई प्रभावकारी र प्रणालीमा आधारित बनाउन सबै भन्सार कार्यालयहरुमा मुद्दा व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको छ।यसबाट यथा समयमा मुद्दा सम्बन्धी विस्तृत सूचना प्राप्त हुनेछ।

११. Wide Area Network (WAN) मार्फत ८० प्रतिशत भन्दा बढी भन्सार घोषणाको अनुगमन गरिएको छ। यसबाट प्रभावकारी अनुगमन भई सही घोषणा, वस्तु वर्गीकरण र मूल्याङ्कन प्रणालीमा थप सुधार भएको छ। आर्थिक वर्ष २०८०/८१ मा WAN मार्फत रु. १ अर्ब २७ करोड ९३ लाख थप राजस्व सङ्कलन भएको छ।

१२. अन्तराष्ट्रिय भन्सार दिवसको अवसरमा सन् २०२४ जनवरी २६ मा भन्सारमा पहिलो पटक आशिकुडा वर्ल्ड प्रणालीमा Digital Signature को शुरुआत गरिएको छ। विराटनगर भन्सार कार्यालयबाट शुरु गरिएको Digital Signature लाई क्रमशः अन्य भन्सार कार्यालयहरुमा समेत विस्तार गर्ने योजना रहेको छ।

१३. अन्तराष्ट्रिय भन्सार दिवसको अवसरमा सन् २०२४ जनवरी २६ मा भन्सार विभागमा भन्सार सङ्ग्रहालय स्थापना गरिएको छ। उक्त संग्रहालयमा भन्सार विभागले विभिन्न समयमा वर्गीकरण गरेका विशेष खालका वस्तुहरु, भन्सार प्रशासनसँग सम्बन्धित दस्तावेजहरु एवम् सम्बन्धित वस्तुहरुलाई संग्रहित गरिएको छ।

१४. भन्सार जाँचपासका लागि आसिकुडा वर्ल्ड प्रणालीमा आधारित नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) अवलम्वन गरी २९ वटा भन्सार कार्यालयमा कार्यान्वयनमा ल्याइएको छ।

१५. आसिकुडा वर्ल्ड प्रणालीभित्र विभिन्न थप उपप्रणालीहरु (Modules) विकास भएका छन्। प्रयोगशाला परिक्षणका चरणलाई स्वचालित गर्नको लागि Lab Module को विकास गरिएको छ। भन्सारमा प्रज्ञापनपत्र दर्ता भएदेखि जाँचपास हुँदासम्मका विभिन्न चरणहरुको जानकारी (SAD Status) सम्बन्धित मालधनी (Consignee) लाई email वा SMS वा दुवै माध्यमबाट जानकारी गरी प्रणाली विकास गरिएको छ।

१६. भन्सार कार्यालयहरुलाई पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस बनाउने अवधारणा अनुरुप १२ वटा भन्सार कार्यालयहरुमा निकासीकर्ताले तोकिएका सबै कागजातहरु वस्तु घोषणा गर्दाकै बखत आसिकुडा प्रणालीमार्फत पेश गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

१७. सुक्खा बन्दरगाह भन्सार कार्यालय, सुठौली भन्सार कार्यालय, जनकपुर भन्सार कार्यालय, कन्चनपुर भन्सार कार्यालय, सर्लाही भन्सार कार्यालय, सिराहा भन्सार कार्यालय, सुनसरी भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, सती भन्सार कार्यालय, ठाडी भन्सार कार्यालयमा समेत Gate entry Module को विस्तार गरिएको छ। हाल २३ वटा भन्सार कार्यालयहरुमा यस उपप्रणाली कार्यान्वयनमा रहेको छ।

१८. सुख्खाबन्दरगाह भन्सार कार्यालय, सुठौली भन्सार कार्यालय, जनकपुर भन्सार कार्यालय, कन्चनपुर भन्सार कार्यालय, सर्लाही भन्सार कार्यालय, सिराहा भन्सार कार्यालय, सुनसरी भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, सती भन्सार कार्यालय, गौर भन्सार कार्यालय, भद्रपुर भन्सार कार्यालय, ठाडी भन्सार कार्यालयमा छनौट उप-प्रणाली विस्तार गरी २६ वटा भन्सार कार्यालयहरुमा छनौट उप-प्रणाली लागू गरिएको छ।

१९. नेपालको भन्सार प्रशासन र भारतीय भन्सार प्रशासनबीच भन्सार सहयोग सम्बन्धी सम्झौता Customs Mutual Assistance Agreement (CMAA) का लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

२०. भन्सार प्रशासनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion-GESI) प्रवर्द्धन गर्न कार्यशालाको आयोजना गरी उक्त कार्यशालाबाट प्राप्त पृष्ठपोषणलाई समावेश गरी भन्सार प्रशासनका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजनाको मस्यौदा तयार गरिएको छ।

२१. Aritificial Intelligence (AI) मार्फत Risk Register, Risk Profile निर्माण गरी जोखिम व्यवस्थापन मार्फत भन्सार जाँचपास प्रणालीलाई थप सुदृढ बनाउन Risk Engine निर्माण गर्ने कार्य अगाडि बढाइएको छ। Aritificial Intelligence (AI) मा आधारित जोखिम व्यवस्थापन प्रणालीको

विकास मार्फत जोखिमका सूचकहरु तयार गरी हरियो मार्ग (Green Lane) तथा पहेँलो मार्ग (Yellow Lane) बाट मालवस्तु जाँचपास हुने दर बढाई रातो मार्ग (Red Lane) लाई क्रमशः कम गर्दै लगिनेछ।

२२. आशिकुडा वर्ल्ड प्रणालीमा रहेको मूल्याङ्कन मोड्युलमा परिमार्जन गरी प्रज्ञापनपत्रमा मालवस्तु घोषणा गर्दा केही HSCode मा ब्रान्ड, मोडल तथा साइज अनिवार्य प्रविष्टि गर्नुपर्ने व्यवस्था मिलाइएको छ।

२३. आसिकुडा वर्ल्ड प्रणालीमा कार्यान्वयनमा ल्याइएको मूल्याङ्कन मोड्युलवाट निर्माण भएको डाटावेसलाई अद्यावधिक एवं प्रयोगयोग्य बनाउँदै बढी जोखिमयुक्त मालवस्तुको अन्तर्राष्ट्रिय मूल्यसूची तयार गरी प्रणालीमै अद्यावधिक गर्नेतर्फ कार्य भइरहेको छ। यसबाट मालवस्तुको कारोबार मूल्यलाई यथार्थपरक बनाउन सकिने अपेक्षा गरिएको छ।

२४. परीक्षणमा आधारित नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि जोखिमका सूचकको विकास गरी सूचकका आधारमा जाँचपासपछिको परीक्षण छनौट एवम् परीक्षण गर्ने कार्यको शुरुआत गरिएको छ।

२५. आवश्यक कानूनी तथा प्रक्रियागत व्यवस्था गरी Authorized Business Person, Expedited Shipment, Pre-arrival processing, Cross-Border E-Commerce जस्ता भन्सार सुधार, भन्सार सहजीकरण एवम् भन्सार आधुनिकीकरणका आयामको कार्यान्वयन गर्नेतर्फ भन्सार विभागको ध्यान आगामी दिनमा केन्द्रीत गरिनेछ।

२६. घोषणा गरिएका मालवस्तु र कागजातहरूको वैधता सुनिश्चित गर्नु, जोखिमको पहिचान र व्यवस्थापन गर्नु, मालवस्तुको यथार्थ मूल्याङ्कन तथा वर्गीकरण गर्नु र आयात-निर्यात प्रक्रिया सम्बन्धी कानूनको पूर्ण पालना गर्नु भन्सार प्रशासनमा रहेका प्रमुख चुनौतीहरु हुन्। यसका साथै, सीमामा अवस्थित वहु निकायहरु बीच समन्वय गर्दै समन्वयात्मक सीमा व्यवस्थापनलाई प्रभावकारी बनाउनु, भन्सार प्रशासनमा सदाचार, सुशासन र पारदर्शिता कायम गरी राज्य, सेवाग्राही एवम् आम जनताको विश्वास हासिल गर्नु, भन्सारको सङ्गठन संरचनामा रहेका तर हाल सञ्चालनमा नरहेका एवम् वर्तमान अवस्थामा सञ्चालन गर्न उपयुक्त नभएका छोटी भन्सार कार्यालयहरुको व्यवस्थापन गर्नु, भन्सार प्रशासन प्रतिको आम नागरिकको धारणा र विश्वासमा परिवर्तन गर्नु लगायतका कार्यहरु भन्सार प्रशासनका लागि चुनौतीपूर्ण रहेका छन्।

# खण्ड - एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको भन्सार प्रणालीको प्रारम्भिक इतिहास लिच्छवी कालदेखि देखिन्छ। त्यसबेला राजाहरूले मुख्य व्यापारिक मार्गमा भन्सार कार्यालयहरू स्थापना गरेका थिए। ती मार्गहरूमा कर संकलन गरिन्थ्यो। व्यापारिक वस्तुहरू ल्याउन र लैजान भन्सार शुल्क तिर्नुपर्ने व्यवस्था थियो। नेपालका विभिन्न राज्यहरूका आ-आफ्नै भन्सार नीति थिए र राजस्व संकलनको मुख्य स्रोत भन्सार शुल्क नै थियो।

मल्लकालमा भन्सारको महत्त्व झन् बढ्यो। काठमाडौं उपत्यकामा विभिन्न किसिमका व्यापार व्यवसाय सञ्चालनमा थिए। व्यापारमा संलग्न व्यापारीहरूले भन्सार शुल्क तिर्ने गरेका थिए,जसले मल्ल राजाहरूलाई समृद्ध बनाउन मद्दत पुर्‍यायो। शाह र राणाकालमा नेपालले विदेशी व्यापारसँगको सम्बन्धलाई नयाँ ढंगले अगाडि बढायो। यस कालमा भन्सार प्रणालीलाई व्यवस्थित गर्न थालियो र व्यापारिक नियमहरूलाई थप स्पष्ट बनाइयो। राणा शासनकालमा भारत, तिब्बत र अन्य देशहरूसँगको व्यापारलाई निरन्तरता दिँदै भन्सार राजस्वलाई राज्य सञ्चालनको प्रमुख आर्थिक स्रोत बनाइयो।

प्राचीन कालदेखि राजस्व सङ्कलनको प्रमुख उद्देश्य पूरा गर्न परम्परागत रुपले सञ्चालन हुँदै आएको भन्सार प्रशासनमा वि. सं. २००७ सालपछि संस्थागत विकास प्रारम्भ भयो। विशेषतः सीमावर्ती क्षेत्रमा भन्सार कार्यालयहरुको स्थापना, नेपाल-भारत तथा नेपाल तिब्बत व्यापारलाई व्यवस्थित गर्नका लागि परम्परागत भन्सार प्रशासनमा सुधार, भन्सार कार्यालयहरुको स्थापना र व्यवस्थापन, कानूनी व्यवस्था, संस्थागत रुपमा महसुल निर्धारण लगायतका कार्यहरु प्रारम्भ हुन गयो।यसै सन्दर्भमा वि.सं. २०२३ सालमा अर्थ मन्त्रालय अन्तर्गत रहने गरी भन्सार विभागको स्थापना भएको हो।

वि. सं. २०४७ साल पछिको नेपालको भन्सार प्रशासन आधुनिकीकरणको दिशातर्फ अग्रसर हुँदै आएको छ। वि. सं. २०६४ मा परिवर्तित राजनीतिक परिस्थिति अनुकूल हुने गरी भन्सार प्रशासनलाई अधिक व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवम् सहज बनाउन प्रचलित कानूनलाई परिमार्जित एवम् एकीकरण गर्ने उद्देश्यले भन्सार ऐन, २०१९ लाई खारेज गरी भन्सार ऐन, २०६४ जारी गरियो। यस ऐनले भन्सार प्रणालीलाई अधिक प्रभावकारी तुल्याउन आधुनिक प्रविधिको प्रयोगका साथै अन्तर्राष्ट्रिय भन्सार प्रणालीमा आएका नवीन प्रयोगहरुलाई समेत आत्मसात गर्दै आधुनिकीकरण र सुधार ल्याउने बाटो खोलेको थियो

तथापि यसमा पनि थप सुधारको आवश्यकता महसुस गर्दै नयाँ भन्सार विधेयक तयार गरी संघीय संसदमा पेश भएको अवस्था छ।

नेपालको राजस्व प्रशासनको प्रमुख पक्षको रुपमा रहेको भन्सार प्रशासनमा समयसापेक्ष सुधार र आधुनिकीकरण गर्नुपर्ने आवश्यकता महसुस गरी आर्थिक वर्ष २०६०/६१ देखि चरणबद्ध रुपमा भन्सार सुधार र आधुनिकीकरणको कार्ययोजना तर्जुमा भै कार्यान्वयन भैरहेको छ। सोही क्रममा हाल छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९–२०८२/८३) २०७८ श्रावण १ गतेदेखि लागू भइ कार्यान्वयनमा रहेको छ।

भन्सार प्रशासनले देशको कर राजस्वको करिव ५० प्रतिशत र समग्र राजस्वको करिव ४४ प्रतिशत संकलन गर्दछ। वैदेशिक व्यापारलाई सहजीकरण गर्दै देश, समाज तथा मानव स्वास्थ्यमा हानी पुर्याउने मालवस्तुको ओसारप्रसारलाई नियन्त्रण गर्ने, देशमा भित्रिने तथा बाहिरिने यात्रुहरुको सहज आवागमनको व्यवस्थापन गर्ने, सीमामा अवैध क्रियाकलाप हुन नदिने, समन्वयात्मक सीमा व्यवस्थापनको अवधारणा बमोजिम सीमामा अवस्थित विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने, आपुर्ति श्रृङ्खलामा आवद्ध निकायहरुसँग समन्वय गरी वैदेशिक व्यापारको सहजीकरण गर्ने लगायतका कार्यहरु भन्सार प्रशासनले गर्दै आएको छ।

नेपालको भन्सार प्रशासनले समयानुकूल आधुनिकीकरण तर्फ लैजान आशिकुडा प्रणाली, राष्ट्रिय एकद्वार प्रणाली जस्ता विभिन्न स्वचालित प्रणालीहरुको विकास गरी कार्यान्वयन गर्दै आएको छ भने जाँचपास प्रक्रियालाई सहजीकरण गर्न कार्यविधिहरुमा सुधार गर्ने, समयानुकूल अध्ययन गर्दै भन्सारमा पेश गर्नु पर्ने कागजातहरुको संख्या घटाउने, व्यापार सहजीकरणका लागि विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन जस्ता विशिष्टकृत कार्यहरु गर्दै आएको छ। भन्सार प्रशासनले अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रतिवद्धता कार्यान्वयन गर्दै लैजान योजनावद्ध रुपमा विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्दै आएको छ।

भन्सार प्रशासनले भन्सार जाँचपासको अलावा पनि अन्य विविध कार्यहरु गर्दै आएको छ र त्यस्ता कार्यहरुको बारेमा सबैमा जानकारी पुर्याउने उद्देश्यले अघिल्लो आर्थिक वर्षमा सम्पादन गरिएका क्रियाकलापहरु समावेश गरी वार्षिक रुपमा प्रगति विवरण प्रकाशन गर्ने गरेको छ। यसै परिप्रेक्ष्यमा गत आर्थिक वर्ष २०८०/८१ मा भन्सार विभाग र अन्तर्गतका निकायहरूबाट सम्पादन गरिएका प्रमुख कार्यहरूको विवरण र सोको प्रगति विवरण तयार गरिएको छ।

## १.२ भन्सार विभागका कार्यहरु

मूलतः भन्सार विभागले मालवस्तुको निकासी पैठारी सम्बन्धी भन्सार जाँचपास र भन्सार सम्बन्धी सेवा प्रवाहको कार्य गर्दै आइरहेको छ। यी दुवै प्रकारका जिम्मेवारी पुरा गर्न भन्सार विभागले सम्पादन गर्ने प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन्ः

- अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्ने,
- भन्सार सम्बन्धी नीतिगत सुधारहरु प्रस्ताव गर्ने,
- अन्तर्राष्ट्रिय व्यापारको सिलसिलामा निकासी पैठारीमा लाग्ने कर राजस्व सङ्कलन गर्ने,
- भन्सार महसुल असुली सम्बन्धी कार्य गर्ने,
- कानून बमोजिम भन्सार महसुल छुट तथा सुविधा प्रदान गर्ने,
- वस्तु वर्गीकरणमा द्विविधा परेका वस्तुको वर्गीकरणको निर्णय गर्ने,
- भन्सार एजेण्टको नियुक्ति, एजेण्टको इजाजतपत्रको नवीकरण तथा अनुगमन गर्ने,
- भन्सार मूल्याङ्कन तथा कारोबार मूल्यको अनुगमन गर्ने,
- मूल्याङ्कन तथा वर्गीकरण सम्बन्धी विषय पुनरावलोकनको व्यवस्था गर्ने,
- छनौटको आधारमा जाँचपासपछिको परीक्षण गराउने,
- मुद्दा तथा लिलामी सम्बन्धी भन्सार कार्यालयहरुको कार्यको अनुगमन, निर्देशन र समन्वय गर्ने,
- वण्डेड वेयरहाउस र बैङ्क ग्यारेन्टीको सुविधा प्रदान गर्नुका साथै सो कार्यको अनुगमन गर्ने,
- निकासी पैठारी सङ्केत नम्बरको दर्ता, नवीकरण, निलम्बन र खारेजी गर्ने,
- भन्सार जाँचपासका लागि आशिकुडा विस्तार, कार्यान्वयन र अनुगमन गर्ने,
- भन्सार प्रशासनलाई यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्न योजना बनाउने,
- राजस्वको दैनिक, मासिक र वार्षिक अभिलेख अद्यावधिक गर्ने,
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्याङ्क तयार गर्ने,
- रासायनिक पदार्थ तथा अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरण गर्ने,
- छिमेकी राष्ट्र एवम् व्यापार साझेदार देशका भन्सार प्रशानसनसँग समन्वय र सहकार्य गर्ने,
- विश्व भन्सार सङ्गठन र व्यापार सम्वद्ध अन्य अन्तर्राष्ट्रिय सङ्गठनसँग समन्वय र सहकार्य गर्ने,
- भन्सार कार्यालयको नियमित सुपरीवेक्षण र निरीक्षण गर्ने,
- भन्सार महशुलका दरहरुको माध्यमबाट स्वदेशी उत्पादन र उद्योगहरुको संरक्षण गर्ने,
- हानिकारक र गुणस्तर कम भएका वस्तुको पैठारी नियन्त्रण गरी समाजको सुरक्षा गर्ने.
- विभाग र कार्यालयको बजेट तर्जुमा, निकासा र बाँडफाँट गर्ने,
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विकास तथा कार्यान्वयन गर्ने।

## १.३ भन्सार विभागका शाखाहरुको स्वीकृत कार्य विवरण

भन्सार विभागको कार्यक्षेत्र भित्र रहेका विभिन्न क्रियाकलाप सञ्चालन गर्न महानिर्देशक अन्तर्गत रहने गरी देहाय बमोजिमका दुईओटा महाशाखाहरु तथा उक्त महाशाखाहरु अन्तर्गत १३ ओटा शाखाहरु रहेका छन्, जुन देहाय बमोजिम रहेका छन्ः

| सुधार तथा व्यवस्थापन महाशाखा | नीति तथा सञ्चालन महाशाखा |
|---|---|
| • भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | • अनुसन्धान तथा अनुपालन शाखा |
| • भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा | • सेवाग्राही सहजीकरण शाखा |
| • अनुगमन शाखा | • नीति महसुल शाखा |
| • जोखिम व्यवस्थापन शाखा | • वर्गीकरण तथा पुनरावलोकन शाखा |
| • आर्थिक प्रशासन शाखा | • प्रयोगशाला शाखा |
| • सामान्य प्रशासन तथा जनशक्ति विकास शाखा | • सूचना प्रविधि पूर्वाधार शाखा |
| | • तथ्याङ्क व्यवस्थापन शाखा |

### १.३.१. सुधार तथा व्यवस्थापन महाशाखा

सुधार तथा व्यवस्थापन महाशाखा अन्तर्गतका शाखाहरुको स्वीकृत कार्यविवरण देहाय बमोजिम रहेको छः

**भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा**

- भन्सार सुधार तथा आधुनिकीकरणको दीर्घकालीन योजना तर्जुमा र सोको प्रगति अनुगमन गर्ने।
- दीर्घकालीन कार्ययोजना अनुसार भन्सार सुधार तथा आधुनिकीकरणका आयोजना पहिचान तथा सञ्चालित आयोजनाको प्रगति अनुगमन गर्ने।
- भन्सार विभाग एवम् भन्सार कार्यालयको वार्षिक योजनामा भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्ययोजना एकीकृत गर्ने गराउने।
- दीर्घकालिन कार्ययोजनाहरूको लागि आन्तरिक तथा वैदेशिक स्रोतको समन्वय सम्बन्धी कार्य गर्ने।
- भन्सार प्रशासनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका संघ संस्थाबीच समन्वय सम्बन्धी कार्य गर्ने।
- विभाग र कार्यालयहरूको वार्षिक कार्ययोजना अनुसार सम्पन्न कार्यहरू समेटी विभागको वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने।
- व्यापार सहजीकरण सम्बन्धी बैठक आयोजना र सो सम्बन्धी कार्यक्रमहरूमा सहभागीता जनाउने।

- नियमित टाईम रिलिज अध्ययन गर्ने गराउने।
- भन्सार सरोकारवालाहरूसँगको सहकार्य प्रवर्द्धन र सुधार गर्ने गराउने।
- अन्य मुलुकका भन्सार प्रशासनहरूसँग सूचना आदानप्रदान गर्ने गराउने।
- एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाहहरू सम्बन्धी कार्य गर्ने।
- समन्वयात्मक सीमा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- भन्सार सुधार तथा आधुनिकीकरण सम्बन्धी अन्तर्राष्ट्रिय उत्तम प्रचलनहरू नविन अवधारणा, नीति निर्माण तथा कार्यान्वयन आदि विषयमा पृष्ठपोषण, अध्ययन अनुसन्धान र सो सम्बन्धी कार्यक्रममा भन्सारको तर्फबाट सहभागीता हुने।
- भन्सारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरू WCO, WTO आदिसँग समन्वय तथा सम्पर्क स्थापित गर्ने।
- भन्सार विभागबाट भारत, बंगलादेश र चीनको स्वशासित क्षेत्र तिब्बतसँग वार्षिक रूपमा हुने द्विपक्षीय वार्ताको आयोजना, संयोजन, निर्णयको अभिलेख कार्यान्वयन र सोको प्रतिवेदन सम्बन्धी कार्य गर्ने।

**भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा**

- नेपालमा पैठारी हुने मुख्य मुख्य वस्तुहरूको अन्तर्राष्ट्रिय बजार मूल्यको अद्यावधिक जानकारी राख्ने।
- विभिन्न भन्सार नाकाबाट जाँचपास भई छुटेका मालवस्तुहरूको मूल्याङ्कन अनुगमन गर्ने गराउने।
- सबै भन्सार नाकाबाट छुटेका एकै किसिमका मालवस्तुको मूल्यमा एकरुपता कायम गराउने।
- भन्सार नाकाबाट छुटेका सामानको मूल्याङ्कन धेरै फरक पर्न गएको अवस्थामा त्यस्तो भन्सार महसुल निर्धारण आदेश संशोधन गर्न महानिर्देशक समक्ष सिफारिस गर्ने।
- विश्व व्यापार सङ्गठनको मूल्याङ्कन नीतिको कार्यान्वयन गर्ने गराउने।
- भन्सार मूल्याङ्कन निर्देशिका अद्यावधिक गरी राख्ने।
- भन्सार मूल्यसूची (Database) परिपालना गर्ने गराउने।
- मूल्याङ्कन पुनरावलोकन समितिको सचिवालयको रुपमा कार्य गर्ने।
- भन्सार विभागमा केन्द्रीय मूल्याङ्कन डाटाबेशको स्थापना गरी प्रयोग गर्ने र भन्सार र अन्य अधिकारीहरूलाई पहुँच उपलव्ध गर्ने गराउने।

- भन्सार मूल्याङ्कनमा देखा पर्ने समस्या समाधान गरी मूल्याङ्कनमा एकरूपता कायम गर्न आवश्यकता अनुसार भन्सार व्यवस्थापन गोष्ठी आयोजना गरी मूल्य सूचना अद्यावधिक गर्ने।
- भन्सार जाँचपासपछिको परीक्षण (PCA) गर्नुपर्ने फर्म, वस्तु तथा कन्साइन्मेन्टको छनौट गरी सम्बन्धित कार्यालयमा पठाउने, भन्सार जाँचपासपछिको परीक्षणको निर्देशिका अद्यावधिक गरी भन्सार जाँचपासपछिको परीक्षण सम्बन्धी अनुगमन एवम् नियन्त्रणात्मक कार्य गर्ने।
- बजार सर्वेक्षण सम्बन्धी कार्यहरू गर्ने।
- छनौट भएका उच्च जोखिमका मालवस्तुको लागि ट्यारिफ स्पेसिफिकेशन कोड (TSC) विकास गर्ने, ASYCUDA World प्रणालीमा मूल्याङ्कन डाटावेश मोड्यूललाई कार्गो जाँचपाससँग आवद्ध गर्न ट्यारिफ स्पेसिफिकेशन कोड (TSC) विकास गर्ने गराउने, TSC प्रयोग गर्न सक्ने गरी भन्सार एजेण्टको क्षमता विकास गर्ने, TSC बारे हुने सोधपुछको तत्काल जवाफ दिन सक्ने गरी सेवाग्राही सेवाकक्षको क्षमता विकास गर्ने र समय समयमा आवश्यकता अनुसार TSC अद्यावधिक गर्ने।
- जोखिममा आधारित छनौट पद्धति अपनाई भएको जाँचपासको आधारमा भन्सार जाँचपासपछिको परीक्षण गर्नु पर्ने कन्साइन्मेन्टको छनौट गरी सम्बन्धित कार्यालयमा पठाउने।

**अनुगमन शाखा**

- भन्सार कार्यालयहरूमा प्रविष्ट हुने भन्सार प्रज्ञापनपत्र र कागजात अनलाइन अनुगमन गर्न दक्ष अधिकृतहरूबाट घोषित सबै प्रज्ञापनपत्र र कागजातको (समानान्तर रूपमा वर्गीकरण टोली, मूल्याङ्कन टोली र कार्य प्रक्रिया टोली गठन गरी) अनुगमन गर्ने र तत्काल भन्सार कार्यालयलाई सुधारका लागि सुसूचित गर्ने गराउने।
- भन्सार कार्यालयहरूमा घोषणा तथा दर्ता भएका मालवस्तुको अनलाइन जाँच गर्दा प्राप्त सूचना तत्काल अन्य सम्वद्ध शाखाहरू र अन्य सम्वद्ध भन्सार कार्यालयलाई सूसुचित गर्ने।
- आइ.पी. क्यामेरा मार्फत भन्सार कार्यालयहरुको अनुगमनको कार्य गर्ने।
- अनुगमनबाट देखिएका कैफियतको सुधारका लागि सम्बन्धित भन्सार कार्यालयमा प्रेषित गर्ने।
- अनलाइन जाँच गर्दा प्राप्त विसंगतिलाई सम्बन्धित कार्यालयमा पठाएकोमा सोको भौतिक परीक्षण र कागजात जाँचमा खटिएका कर्मचारीहरुको लगत तयार गर्ने।
- अनलाइन अनुगमनको प्रगति नियमित रुपमा महानिर्देशक समक्ष पेश गर्ने।

- कार्यालयको राजस्व सङ्कलन लक्ष्य प्राप्त गर्न भन्सार कार्यालयहरुको असुलीको अनुगमन र पृष्ठपोषण गर्ने।
- राजस्व सङ्कलनको तत्कालीन र दीर्घकालीन रणनीति तर्जुमा गर्ने।
- भन्सार कार्यालयहरूको लक्ष्य प्रक्षेपण र निर्धारण गर्ने।
- भन्सार कार्यालयहरुवाट प्राप्त दैनिक, साप्ताहिक, मासिक प्रतिवेदन, विवरणको आधारमा कानून बमोजिम भन्सार सम्बन्धी काम कारवाही भए नभएको सम्बन्धमा अनुगमन, निरीक्षण गर्ने गराउने, आवश्यकता अनुसार थप प्रमाण वा पुष्टयाईं प्राप्त गरी कार्यान्वयन गर्ने।
- नीति कार्यक्रम लगायतको मासिक र वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने।

**जोखिम व्यवस्थापन शाखा**

- जोखिम व्यवस्थापनको लागि जोखिमको प्रोफाइल तयार गर्ने र समय समयमा अद्यावधिक गर्ने गराउने।
- जोखिमयुक्त सामानको प्रकार, पैठारी हुने देश, पैठारी गर्ने व्यक्ति/कम्पनी, निकासी गर्ने देश/व्यक्ति/कम्पनीको सूची (Database) तयार गर्ने र समय समयमा अद्यावधिक गर्ने गराउने।
- बिभिन्न निकायबाट प्राप्त सूचना विश्लेषण गरी प्रणालीमा आवद्ध गर्ने गराउने।
- जोखिम प्रोफाइललाई आशिकुडा वर्ल्डको कार्यगत (Selectivity) मोडलमा समावेश गर्ने।
- छनौट प्रणाली प्रभावकारी ढंगले लागू गर्ने कार्यविधि तर्जूमा एवम् परिमार्जन गर्ने।
- भन्सार जाँचपासमा Inspection note मा उल्लेख गरिएका कैफियतहरूलाई सूक्ष्म मूल्याङ्कन गरी आवश्यकता अनुसार छनौटका सूचकमा समावेश गर्ने।
- भन्सार कार्यालयमा जोखिम व्यवस्थापन एकाई गठन गर्ने गराउने।
- भन्सार कार्यालयहरूको स्तरमा देखिन सक्ने सम्भाव्य जोखिमका क्षेत्रहरू पहिचान गरी भन्सार कार्यालयको जोखिम व्यवस्थापन इकाईलाई पृष्ठपोषण गर्ने।
- छनौट प्रणालीबाट प्राप्त परिमाण र राजस्व सङ्कलनको अवस्था मूल्याङ्कन गरी सूचकहरू अध्यावधिक गर्ने।
- आशिकुडामा छनौट प्रणालीको तालिकालाई नियमित अध्यावधिक गर्ने।

- जोखिम व्यवस्थापन सम्बन्धी सूचना मूल्याङ्कन, महसुल, अनुगमन आदि सम्वद्ध शाखाहरू र भन्सार कार्यालयलाई सुसुचित गर्ने गराउने।
- कार्यगत (Selectivity) मोड्युल लागू भएको सुनिश्चित गर्न कार्ययोजना बनाई लागू गर्ने गराउने।
- अनुगमन शाखा एवम् भन्सार जाँचपास परीक्षण कार्यालयसँग निकटतम रहि जोखिममा आधारित व्यवस्थापन पद्धतिमा आधारित कार्य सम्पन्न गर्ने गराउने।
- जोखिममा आधारित व्यवस्थापन पद्धति अपनाई भएको जाँचपासको आधारमा जोखिम लेखाजोखा कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने।
- जोखिम व्यवस्थापनको लागि उपलब्ध सूचनाको आधारमा जोखिम व्यवस्थापन सूचक तयार गरी भन्सार कार्यालयमा कार्यान्वयनको लागि पठाउने र त्यसको अनुगमन गर्ने तथा समय समयमा त्यसमा पुनरावलोकन गर्ने।
- भन्सार कार्यालयहरू एवम् नेपालभित्र रहेका इन्टेलिजेन्स सम्बन्धी अन्य संस्थासँग समन्वय राख्ने र एक आपसमा सूचना आदानप्रदान गर्ने।
- नेपालको ठूलो व्यापार साझेदार भारत, चीन र अन्य देशका भन्सार इन्टेलिजेन्स सम्बन्धी अन्य संस्थासँग समन्वय राखी सूचना आदानप्रदान गर्ने।
- इन्टेलिजेन्सबाट प्राप्त सूचना व्यवस्थापनमार्फत जोखिम व्यवस्थापन, मूल्याङ्कन, महसुल, अनुगमन आदि सम्वद्ध शाखाहरू र भन्सार कार्यालयलाई सुसूचित गर्ने गराउने।
- भन्सार कार्यालयमा रहेको जोखिम व्यवस्थापन इकाईसँग सम्पर्क स्थापित गर्ने र सूचना आदानप्रदान गर्ने व्यवस्था गर्ने।

**आर्थिक प्रशासन शाखा**

- सम्बन्धित शाखा र कार्यालयसँग समन्वय गरी विभाग एवम् कार्यालयहरूका लागि चालू र पूँजीगत खर्चको बजेट तर्जुमा गरी पेश गर्ने र विनियोजित बजेट बाँडफाँट एवम् खर्च गर्ने।
- विभागको लेखा व्यवस्थापन, लेखापालन, आन्तरिक लेखापरीक्षण एवम् अन्तिम लेखापरीक्षणको कार्य गर्ने गराउने।
- आन्तरिक र बाह्य लेखापरीक्षणमा उठाइएका बेरूजु सम्बन्धित व्यक्ति, शाखा र कार्यालयसँग प्रमाण तथा पुष्ट्याईंहरु माग गरी फछ्र्यौट तथा फरफारकको लागि सिफारिश गर्न राय पेश गर्ने।
- विनियोजन हिसाबको लागि आवश्यक मास्केवारी तथा अन्य फाँटवारी नियमित रूपमा तयार गर्ने गराउने र सम्बन्धित निकायमा समयमै पठाउने व्यवस्था गर्ने।

- विनियोजन बजेट अन्तर्गतका महालेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रकम निकासा र सो सम्बन्धी कार्य गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रममा आवश्यकता अनुसार संशोधनको लागि जिल्लास्थित कार्यालयहरूबाट पुष्ट्याइँ सहित अनुरोध भई आएमा कार्यक्रम संशोधनको लागि पेश गर्ने।
- पूँजिगत तथा चालू खर्चतर्फ विनियोजन गरेको बजेटबाट आवश्यकता अनुसार रकमान्तर/स्रोतान्तर सम्बन्धी कार्य गर्ने।
- खरीद शीर्षकमा विनियोजित रकमको नियमित प्रगति अनुगमन गर्ने तथा सुधारात्मक कार्यको लागि विभागका शाखा एवम् कार्यालयमा सिफारिस गर्ने गराउने।
- भन्सार विभाग एवम् कार्यालयको चौमासिक बित्तीय प्रगति तयार गरी सुधारका क्षेत्र सिफारिस सहित उपमहानिर्देशक समक्ष प्रस्तुत गर्ने गराउने।
- जिन्सी व्यवस्थापनतर्फ विभागको खर्च भएर जाने र नजाने सामग्रीहरूको जिन्सी व्यवस्थापन गर्ने, विभागको भौतिक सम्पत्तीहरूको संरक्षण गर्ने, तोकिएको ढाँचामा जिन्सी स्रेस्ताहरू राख्ने, तोकिएको ढाँचामा जिन्सी सम्बन्धी प्रतिवेदनहरू तयार गर्ने।
- आर्थिक प्रशासन सम्बन्धमा राय माग गरिएका विषयहरुमा राय दिने।

**सामान्य प्रशासन तथा जनशक्ति विकाश शाखा**

- कर्मचारीहरूको व्यक्तिगत विवरण सहितको अभिलेख फाइल एवम् कर्मचारी सूचना प्रणाली (PIS) अद्यावधिक गर्ने।
- कर्मचारीहरूको पदस्थापन, सरूवा, काज खटाउने व्यवस्था गर्ने।
- विभागको आन्तरिक व्यवस्थापन सरसफाई, विद्युत, पानी, टेलिफोन, इन्टरनेट लगायतका सुविधाहरूको व्यवस्था मिलाउने।
- भौतिक पूर्वाधार सुधार गुरूयोजना कार्यान्वयन गर्दै भन्सारमा आवश्यक पूर्वाधार विकास गर्ने गराउने।
- विभागमा आवश्यक पर्ने जिन्सी सामानहरूको लागि खरीद योजना बनाई सोही अनुरूप खरीद गरी वितरणको व्यवस्था मिलाउने।
- विभागको लागि आवश्यक पर्ने भौतिक सुविधाको (Infrastructure Development) व्यवस्था मिलाउने एवम् सोको अभिलेख राख्ने।
- घर जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन बमोजिम कार्य गर्ने।

- भन्सार प्रशासनको खरीद प्रक्रिया प्रभावकारी बनाउन खरीद योजना र खरीद कार्य योजना अनुरूप विभाग र अन्तर्गतका कार्यालयको खरीद व्यवस्थापनको अनुगमन गरी उपमहानिर्देशक समक्ष चौमासिक खरीद प्रगति प्रतिवेदन प्रस्तुत गर्ने।
- खरीद बिज्ञको दक्षतालाई परिचालन गर्ने गराउने।
- भन्सार सुधार तथा आधुनिकीकरणकका लागि आवश्यकता अनुसार समय समयमा सङ्गठन पुनःसंरचना गर्ने गराउने।
- सार्वजनिक खरीद एकाईका कार्यहरू सम्पादन गर्ने।
- भन्सार कार्यालयबाट जफत भई लिलामी गर्नु पर्ने सवारी साधन तथा यन्त्र उपकरणहरुको मूल्याङ्कनमा सहयोग गर्ने।
- भन्सार विभाग र कार्यालयहरुलाई विपक्ष बनाएर दायर भएका मुद्दामा महान्याधिवक्ताको कार्यालयसँग समन्वय गरी मुद्दाको प्रतिरक्षा गर्ने।
- आवश्यकता अनुसार विभागलाई मुद्दा सम्बन्धी कानूनी परामर्श दिने।
- सम्बन्धित पक्षहरूका प्रतिनिधि वा संघसंस्थाका सुझावहरूलाई ध्यानमा राखी ऐन नियमहरूको तर्जुमा र संशोधन गर्न राय सुझाव प्रदान गर्ने।
- भन्सार कार्यालयहरुको भौतिक तथा जिन्सी र प्रशासनिक अनुगमन गरी प्रतिवेदन तयार गर्ने।
- ऐन नियमको प्रारम्भिक मस्यौदा तयार पारी सम्बन्धित निकायमा पठाउने।
- सम्मानित सर्वोच्च अदालतबाट कायम नजिर सम्बन्धी निर्णयहरूको लगत विवरण अद्यावधिक गर्ने।
- विभागको प्रशासनिक निर्णयका सम्बन्धमा आवश्यक राय तथा परामर्श उपलब्ध गर्ने गराउने।
- भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत जनशक्तिहरूको अध्ययन तथा तालिम आवश्यकताको पहिचान गर्ने र तालिम सञ्चालन गर्ने।
- भन्सार प्रशासन सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने।
- तालिम कार्यक्रमका मोडयूलहरू तयार गर्ने र समय समयमा अद्यावधिक गर्ने।
- विषय विशेषज्ञहरूको रोष्टर विकास गरी उपयोग गर्ने।
- तालिम तथा अध्ययनको लागि आवश्यकीय प्रशासनिक कार्यहरू गर्ने।
- जनशक्ति विकास योजना र अन्य जनशक्ति विकास सम्बन्धी कार्यहरू गर्ने।

**नेपाल राष्ट्रिय एकद्वार प्रणाली आयोजना कार्यान्वयन इकाई**

- नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) मा जोडिने निकायहरुको LPCO Modules तयार गर्न तथा गुणस्तर निर्धारण गर्न सम्बन्धित निकाय तथा विकासकर्ता कम्पनी एवम् परामर्शदाता कम्पनीहरुबीच आवश्यक सहजीकरण गर्ने।
- प्रणाली भएको निकायहरुका प्रणालीलाई API मार्फत नेपाल राष्ट्रिय एकद्वार प्रणालीसँग आवद्वता गर्न विकासकर्ता कम्पनीलाई आवश्यक सहजीकरण गर्ने।
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा जोडिने निकायहरुको कर्मचारीहरुलाई एकद्वार प्रणाली सञ्चालन सम्बन्धी तालिम प्रदान गर्ने।
- विद्यमान ASYCUDA WORLD सँग आवद्ध (Interface) हुने गरी नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास गर्न विकासकर्ता कम्पनीलाई आवश्यक सहजीकरण गर्ने।
- विकासकर्ता कम्पनीसँग गरिएको सम्झौता बमोजिम नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा जोडिने निकायहरुको विद्यमान स्रोत अभावलाई पूरा गर्न कम्प्युटर सेट, प्रिन्टर, यु.पि.एस., टेबल तथा कुर्सी जस्ता वस्तु तथा उपकरणहरू प्रदान गर्ने।
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीको प्रभावकारी सञ्चालनको लागि भन्सार विभाग र सरोकारवाला निकयहरुबीच आपसी समझदारी पत्र हस्ताक्षर गराउन सहजीकरण गर्ने गराउने।

**१.३.२. नीति तथा सञ्चालन महाशाखा**

नीति तथा सञ्चालन महाशाखा अन्तर्गतका शाखाहरुको स्वीकृत कार्यविवरण देहाय बमोजिम रहेको छ।

**अनुसन्धान तथा अनुपालन शाखा**

- भन्सार ऐन नियम कार्यविधि र प्रक्रियाको परिपालना गर्न गराउन Curative र Preventive Measures बाट अनुसन्धान, विश्लेषण गरी पहिचान गर्ने र कार्यान्वयन गर्ने गराउने।
- व्यापारिक छलको अनुसन्धान, विश्लेषण र कारवाही गर्ने गराउने।
- भन्सार अनुसन्धान कार्यविधि, २०७५ मा तोकिएका कार्यहरु गर्ने।
- नेपाल सरकारका निगरानी निकायहरु बीच सम्पर्क (फोकल) शाखाको रुपमा कार्य गर्ने।
- भन्सारका साझेदार निकायहरुसँग अनुसन्धान (Investigation) सम्बन्धी सूचना आदानप्रदान गर्ने।

- चोरी निकासी पैठारी सम्वद्ध निकाय, व्यक्ति, क्षेत्र आदिको पहिचान गरी डाटावेस तयार गर्ने गराउने।
- निकासी पैठारी व्यापारको प्रवृति र त्यसले चोरी निकासी पैठारी र राजस्व परिचालनमा पार्न सक्ने प्रभावको सूक्ष्म अध्ययन गरी विश्लेषण प्रतिवेदन महानिर्देशक समक्ष पेश गर्ने।
- परिपालना व्यवस्थापन/स्वेच्छिक परिपालना व्यवस्थापन एवम् कार्यान्वयन गर्न गराउन देहायको कार्य गर्ने।
- परिपालना रणनीति दस्तावेज तयार/अद्यावधिक गर्ने गराउने।
- सेवाग्राही/व्यवसायी Segmentation विधि परिभाषित गर्ने गराउने र आवश्यकता अनुसार अद्यावधिक गर्ने गराउने।
- सम्भाव्य प्रोत्साहन, रोकथाम र नियन्त्रणात्मक उपायहरू विकास गर्ने गराउने र आवश्यकता अनुसार अद्यावधिक गर्ने गराउने।
- स्वेच्छिक परिपालनाको लागि सुविधाको व्यवस्था (कम निरीक्षण, ग्रीन लेन आदि) एवम् कार्यान्वयनको अनुगमन गर्ने गराउने।
- आधिकारिक व्यवसायी र आधिकारिक आर्थिक सञ्चालकलाई लागू हुने भन्दा पृथक सबै पक्षको लागि लागू हुने परिपालना मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र आवश्यकता अनुसार अद्यावधिक गर्ने गराउने।
- परिपालना व्यवस्थापन/स्वेच्छिक परिपालना कार्यान्वयन गर्ने गराउने।
- परिपालना व्यवस्थापनको नतिजा मापन गर्न मुख्य कार्य सम्पादन सूचकहरू तयार गर्ने गराउने।
- परिपालना नगर्नेहरूको नियमित अनलाइन अनुगमन गर्ने गराउने।
- परिपालना नगर्नेहरू समेतको जोखिममा आधारित जाँचपास परीक्षण गर्न आवश्यक सूचना जाँचपास परीक्षण कार्यालयमा पठाउने व्यवस्था गर्ने गराउने।
- पैठारीकर्ता एवम् निकासीकर्ताहरूलाई उनीहरूको अधिकार र कर्तव्य तथा परिपालना रणनीतिको प्रभावबारे बोध गराउन सुशिक्षित एवम् सुसूचित गर्ने गराउने।
- परिपालना रणनीति र यसका फाईदा भन्सार विभागको वेभसाईट एवम् केन्द्रीय र स्थानीय व्यापार सहजीकरण समिति मार्फत सुसूचित गर्ने गराउने।
- परिपालना रणनीति आन्तरिक राजस्व विभागसँग आवद्ध गर्ने गराउने।

- कर्मचारीहरूमा सदाचार अभिवृद्धि गर्न कर्मचारीको आचरण निगरानी गर्ने आन्तरिक कार्यविधि तयार गरी डाटावेस तयार गर्ने र आवश्यकता अनुसार महानिर्देशक समक्ष पेश गर्ने।
- समाजमा सदैव भन्सार प्रशासनको छवि उच्च राख्न कर्मचारीहरूको सदाचार सम्बन्धी अध्ययन, अनुसन्धान एवम् परीक्षण गर्ने।
- सदाचार योजना तर्जुमा तथा अनुगमन गरी सदाचार अभिवृद्धि प्रतिवेदन महानिर्देशक समक्ष प्रस्तुत गर्ने गराउने।
- भन्सार प्रशासनमा संलग्न कर्मचारीहरूबाट निर्दिष्ट आचरण, अनुशासन एवम् आचारसंहिता परिपालना भए नभएको सम्बन्धमा अनुगमन एवम् आन्तरिक परीक्षण गरी आचरण सम्बन्धी विवरण र सूचना प्राप्त गर्ने र अभिलेख राख्ने।
- कर्मचारीहरूको काम कारवाहीका सम्बन्धमा प्राप्त भएका जनगुनासो, पत्रपत्रिका एवम् मिडियामा प्रसारित समाचारहरूको अभिलेख राखी आवश्यक छानविन एवम् परीक्षण गर्ने।
- निजामती सेवा ऐन, नियममा निर्दिष्ट आचरणको परिपालना, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताको परिपालना, भन्सार प्रशासनमा संलग्न कर्मचारीहरूको आचारसंहिता एवम् अन्तर्राष्ट्रिय भन्सार सङ्गठनबाट लागू गरिएको आचारसंहिताको परिपालना तथा सरकारी सम्पत्तिको उपयोग र संरक्षण सम्बन्धी व्यवस्थाको मूल्याङ्कन गरी सुधारको लागि आवश्यक सुझाव दिने।
- कर्मचारीको सदाचार र आचरणको अनुगमनबाट प्राप्त प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक योजना बनाइ महानिर्देशक समक्ष पेश गर्ने।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट कर्मचारीहरुको छानबिनको लागि लेखिआएका भन्सार कार्यालयहरूका उजुरी (विभागीय कार्यबाहीको लागि लेखिआएको बाहेक) सम्बन्धमा छानबिन सम्बन्धी कार्य गर्ने।
- राष्ट्रिय सतर्कता केन्द्र, हेल्लो सरकारबाट प्राप्त उजुरी सम्बन्धमा छानबिन सम्बन्धी कार्य गर्ने।
- शाखाबाट सञ्चालन हुने कार्यक्रमहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

**सेवाग्राही सहजीकरण शाखा**

- भन्सार कार्यालयहरूबाट प्रमाणित गरिएका GSP Verification सम्बन्धी कार्य।
- वण्डेड वेयरहाउस सञ्चालनको निमित्त नियमानुसार अनुमतिपत्र दिने वार्षिक नवीकरण गर्ने र त्यसको अनुगमन, सुपरीवेक्षण र नियन्त्रण गर्ने।

- भन्सार एजेन्टको नियुक्ति, भन्सार एजेण्ट प्रमाणपत्रको नवीकरण सम्बन्धी कामको अनुगमन र सुपरीवेक्षण गर्ने र सो कार्यहरूको अभिलेख अद्यावधिक गर्ने।
- अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने सम्बन्धी कार्य गर्ने।
- गुनासो सुनुवाई संयन्त्र स्थापना गरी गुनासो व्यवस्थापनको कार्य गर्ने गराउने।
- सेवाग्राही सन्तुष्टिको अध्ययन (सर्वेक्षण) गरी पत्ता लागेका कुराहरू कार्यान्वयन गर्ने गराउने।
- परिपालना व्यवस्थापनको कार्यसम्पादन मापन गर्ने गराउने।
- भन्सार सम्बन्धी सेवा प्राप्त गर्न आउने सेवाग्राहीका गुनासाहरू सुन्ने।
- प्राप्त गुनासाहरूको अभिलेख राखी महाशाखा प्रमुख समक्ष पेश गर्ने।
- कार्यालयको सोधपुछ एकाईको कार्य समेत गर्ने।
- सेवाग्राही सेवाकक्ष स्थापना र सञ्चालन गर्ने।
- EXIM Code सम्बन्धी कार्य गर्ने।
- भन्सार प्रशासनका गतिविधि र जनउपयोगी जानकारीहरूको सूचना प्रवाह, प्रकाशन आदिका माध्यमबाट सूचना सम्प्रेषण सम्बन्धी कार्य गर्ने।

**नीति तथा महसुल शाखा**

- आर्थिक विधेयकका लागि भन्सार सम्बन्धी विषयमा राय सुझाव सङ्कलन, छलफल र सुझाव पेश गर्ने।
- प्रत्येक वर्षका लागि भन्सारका दरहरु परिमार्जन सम्बन्धी आवश्यक तयारी गर्ने।
- बहुपक्षीय तथा द्विपक्षीय सम्झौता/सहमति एवम् आवश्यकता अनुसार भन्सारको नीति तथा कानून संशोधन गर्न मस्यौदा तयार गर्ने गराउने।
- विभिन्न आयोजनाहरू तथा ठेकेदारले पैठारी गर्ने मालवस्तुको महसुल छुट तथा सुविधा सम्बन्धी कार्य गर्ने।
- करमुक्त पसलहरूको लागि चाहिने मालवस्तुको कोटा स्वीकृति सम्बन्धी कार्यगर्ने।
- अन्तर्राष्ट्रिय उडानका लागि हवाई इन्धनको कोटा स्वीकृति गर्ने सम्बन्धी कार्य गर्ने।
- कार्यालयहरूलाई भन्सार ऐन, नियम वा आर्थिक ऐनको कार्यान्वयनमा परेका द्विविधा सम्बन्धमा निर्देशन र परिपत्र गर्ने सम्बन्धी कार्य गर्ने।
- म्याद थप तथा बिलम्ब शुल्क मिनाहा सम्बन्धी कार्य गर्ने।

- कूटनैतिक सुविधा र महसुल सुविधा तथा छुट उपलव्ध गराउने सम्बन्धी कार्य गर्ने।
- WTO, SAFTA तथा BIMSTEC सँग भन्सार प्रशासनको तर्फबाट फोकल पोइन्टको रूपमा कार्य गर्ने।
- भन्सार कार्यविधि, परिपत्र सङ्ग्रह, भन्सार ऐन नियम अध्यावधिक सम्बन्धी कार्य गर्ने।
- आयोजनाहरूको महसुल छुट सम्बन्धमा कार्यालयहरूबाट भए गरेका कामहरुको निरीक्षण तथा अनुगमन गर्ने।
- नीति तथा महसुल सम्बन्धमा महानिर्देशकले तोकेका अन्य कार्यहरु गर्ने।
- भन्सार ऐन, नियम, कार्यविधि र प्रक्रियाहरुलाई सहज, सरल र पारदर्शी बनाउन भन्सार प्रक्रिया अध्ययन गरी Business Process Re-Engineering गर्ने र कार्यान्वयन गर्ने गराउने।
- भन्सारका प्रक्रियाहरुलाई स्वचालन गर्न Business Rule तयार गराउने।
- भन्सार ऐन, नियमावली र प्रचलित आर्थिक ऐन बमोजिम आशिकुडा प्रणालीमा दरवन्दी र करको दर, राजस्व छुट सम्बन्धी व्यवस्था अद्यावधिक गर्ने र गर्न लगाउने।
- भन्सार स्वचालन प्रक्रियाको आवधिक प्रणाली परीक्षण गर्ने।
- भन्सार स्वचालन प्रणालीको कार्यशिलता र प्रभावकारिता वढाउन द्रुत जाँचपास, आगमन पूर्व जाँचपास, डिजिटल दस्तखत, ई-भुक्तानी आदि मोडल कार्यान्वयन र परिमार्जनको व्यवस्था गर्ने गराउने।
- आशिकुडा र एकद्वार प्रणाली लगायत स्वचालन प्रणालीको सञ्चालन गर्ने।
- आधिकारिक व्यवसायी कार्यक्रम लागू गर्न सो सम्बन्धी कार्य प्रक्रिया र कार्यक्रम निर्धारण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने।

**वर्गीकरण तथा पुनरावलोकन शाखा**

- मालवस्तुको वर्गीकरण सम्बन्धमा महानिर्देशकलाई राय प्रदान गर्ने र वर्गीकरण सम्बन्धी अन्य कार्य गर्ने।
- वस्तु वर्गीकरण सम्बन्धमा विश्व भन्सार सङ्गठनसँग समन्वय तथा पत्राचार गर्ने सम्बन्धी कार्य गर्ने।

- भन्सार महसुल दरबन्दी पुस्तक (अंग्रेजी तथा नेपाली) र एकीकृत भन्सार महसुल दरवन्दी पुस्तक प्रकाशन सम्बन्धी कार्य गर्ने।
- समय/समयमा भन्सार विभागबाट प्रकाशन गरिने वर्गीकरण निर्णयसार सङ्ग्रह सम्बन्धी कार्य गर्ने।
- वर्गीकरण तथा उत्पत्तिको विषयमा पूर्वादिश जारी गर्ने सम्बन्धमा पूर्वादिश समितिको सचिवालयको कार्य गर्ने।
- वस्तु वर्गीकरण सम्बन्धी तालिम, गोष्ठी, सेमिनार सम्बन्धी कार्य गर्ने।
- वस्तु बर्गिकरणका सम्बन्धमा कार्यालयहरूबाट भए गरेका कामहरुको निरीक्षण तथा अनुगमन गर्ने सम्बन्धी कार्य गर्ने।
- वस्तु वर्गीकरण सम्बन्धी राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय बैठक, सेमिनार, गोष्ठी आदिमा सहभागीता, सहकार्य तथा समन्वय गर्ने।
- वस्तु वर्गीकरणको पुनरावलोकनको निवेदन फछ्यौंट सम्बन्धी कार्य गर्ने।
- वस्तु वर्गीकरणका विषयमा भन्सार कार्यालयहरु र अन्य निकायवाट सोधिएका विषयमा जवाफ दिने।
- वस्तु वर्गीकरण सम्बन्धमा महानिर्देशकले तोकेका अन्य कार्यहरु गर्ने।

**प्रयोगशाला शाखा**

- भन्सार कार्यालय, अन्य सरकारी निकाय तथा औधोगिक प्रतिष्ठानबाट परीक्षणको लागि पठाइएका वस्तुहरू (नमुना) को Physical/Chemical परीक्षण गरी त्यसको नतिजा उपलब्ध गराउने।
- HS Explanatory Note को आवश्यकता अनुसार नमूना परीक्षण गरि वस्तु वर्गीकरणको लागि राय दिने।
- विश्व भन्सार सङ्गठन (WCO)/ISO को मापदण्ड अनुसारको प्रयोगशालाको गुणस्तर कायम गर्ने र बढी खतरायुक्त काम गर्दा आवश्यक मास्क, एप्रोनको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरणका विषयमा सम्बन्धित सरोकारवाला पक्षलाई सुसूचित गर्ने।
- नमुना सङ्कलन, व्यवस्थापन तथा नियन्त्रित/निषेधित वस्तुहरूको Customs Control लगायतका प्राविधिक विषयमा सरोकार पक्षहरूलाई तालिम दिने।
- आवश्यकता अनुसार विभिन्न भन्सार नाकाबाट नमुना सङ्कलन गर्ने।

- प्रयोगशाला व्यवस्थापन तथा परीक्षण विधि विकास लगायतका Scientific matter का सम्बन्धमा WCO Regional Laboratories सँग समन्वय गर्ने।
- भन्सार कार्यालयहरूमा अवस्थित प्रयोगशालाहरूले गरेको परीक्षण कार्यको Quality Control गर्ने।
- भन्सार विन्दुमा एकीकृत प्रयोगशाला सञ्चालन, गुणस्तर व्यवस्थापन लगायतका प्राविधिक विषयमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।

**सूचना प्रविधि पूर्वाधार शाखा**

- विभाग र भन्सार कार्यालयहरूमा क्रमशः NNSW, ASYCUDA को लागि स्वचालित उपकरणहरू जडान र सञ्चालनका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्ने।
- आशिकुडा तथा अन्य स्वचालन प्रणालीको डाटावेसको ब्याकअप तयार राखी रिकभरीको सुनिश्चितता गर्ने।
- Disaster Recovery Site को स्थापना, स्तरोन्नति, सञ्चालन र मर्मत सम्भार गर्ने।
- भन्सार स्वचालनका लागि आवश्यक मर्मत सुधार र व्यवस्थापन गर्ने।
- सूचना सञ्जालको स्थापना, स्तरोन्नति, सञ्चालन र मर्मत सम्भार गर्ने।
- डाटा सेन्टर स्थापना, सञ्चालन, स्तरोन्नति तथा मर्मत सम्भार गर्ने।
- सूचना प्रविधिको भौतिक पूर्वाधारको Replacement Plan बनाउने र कार्यान्वयन गर्ने।
- वेभसाइट, इ (हाजिरी, भिडियो कन्फेरेन्स, आई पि. क्यामेरा लगायत अन्य सूचना प्रणाली सुविधा विस्तार गर्न आवश्यक भौतिक पूर्वाधारको स्थापना तथा मर्मत सम्भार गर्ने।
- आशिकुडा प्रणाली लगायत स्वचालन प्रणालीको विकास, स्तरोन्नति र विस्तार गर्ने।
- एकद्वार प्रणाली विकास स्तरोन्नति र विस्तारमा प्राविधिक सहयोग गर्ने।
- सञ्चालनमा रहेका स्वचालन प्रणालीमा अन्तर्राष्ट्रिय सन्धि सम्झौता (WTO Trade Facilitation Agreement, Revised Kyoto Convention, TIR etc.) र राष्ट्रिय आवश्यकता अनुकुलका मापदण्ड समायोजन गर्ने गरी नयाँ सुविधाहरु विस्तार गर्ने।
- आशिकुडा प्रणाली विकास स्तरोन्नति कार्यसम्बन्धी आयोजना सञ्चालन गर्ने।

**तथ्याङ्क विश्लेषण शाखा**

- भन्सार कार्यालयबाट मासिक रूपमा प्राप्त गर्नुपर्ने पैठारी परिमाण, निकासी परिमाण, राजस्व असुली सम्बन्धी तथ्याङ्क सङ्कलनको लागि खाका (Standard Format) तयार गर्ने र सोही खाकामा सम्पूर्ण भन्सार नाकाबाट तथ्याङ्क उपलब्ध गर्ने।

- मासिक एवम् वार्षिक वस्तु व्यापार तथ्याङ्क नियमित प्रकाशन गर्ने।
- भन्सार विभागको वार्षिक तथ्याङ्क प्रतिवेदन तयार गर्ने।
- निकासी पैठारी विवरण नियमित सङ्कलन, भण्डारण तथा विश्लेषण गर्ने।
- शाखाबाट सञ्चालन हुने कार्यक्रमहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

## १.४ सङ्गठन संरचना

भन्सार विभाग र मातहतका निकायहरुको जनशक्तिको व्यवस्थापन र कार्यसञ्चालनका लागि नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७६।०९।२१ को निर्णयानुसार स्वीकृत संरचना अनुसार हाल विभागले कार्यसम्पादन आइरहेको छ।

नेपालमा व्यापारको स्वरुप र कार्यबोझ एवम् यात्रुहरुको आवतजावत अनुसार विभिन्न प्रकारका भन्सार कार्यालयहरुको कार्य प्रकृतिमा केही भिन्नता रहेको छ। सीमावर्ती भन्सार कार्यालयहरुमा पनि उत्तरी, दक्षिणी तथा रेल्वेमा आधारित भन्सारका कार्य प्रकृतिमा सामान्य भिन्नता पाइन्छ। भन्सार कार्यालयहरुलाई कार्य प्रकृति र कार्यबोझ अनुरुप वर्गीकरण गरी तिनीहरुको उत्तरदायित्व एवम् सङ्गठनात्मक स्वरुप, जिम्मेवारी र कार्यक्षेत्र स्वीकृत भई सञ्चालनमा रहेका छन्।

नेपालमा हाल भन्सार विभाग अन्तर्गत ४० ओटा मूल भन्सार कार्यालयहरु र एक भन्सार जाँचपास परीक्षण कार्यालय रहेको छ भने १३३ ओटा छोटी भन्सार कार्यालय रहेका छन्। मूल भन्सार कार्यालयहरुमा ३ ओटा हवाईमार्गमा आधारित भन्सार, १ ओटा आन्तरिक परिवहनमा आधारित भन्सार, २७ ओटा भारतीय सीमामा अवस्थित भन्सार र ९ ओटा चीनसँगको सीमामा अवस्थित भन्सार कार्यालय रहेका छन्।

नेपालका भन्सार कार्यालयहरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः




नेपालका ७ प्रदेश अन्तर्गत रहेका भन्सार कार्यालयहरुको विवरण, सीमा, भन्सारको प्रकार तथा मूल कार्यालयहरुमा रहेको छोटी भन्सार कार्यालयहरुको विवरण **अनुसूची १** मा उल्लेख गरिएको छ।

### १.४.१ भन्सार विभागको स्वीकृत सङ्गठन संरचना

भन्सार विभागमा राजपत्राङ्कित प्रथम श्रेणीको पदका महानिर्देशकको नेतृत्वमा दुईओटा महाशाखाहरु र त्यस अन्तर्गत १३ ओटा शाखाहरु रहेका छन्। भन्सार विभागको हालको स्वीकृत दरबन्दीको विवरण तल तालिकामा देखाइएको छः

| पद | श्रेणी वा तह | सेवा | समुह | स्विकृत दरवन्दी |
|---|---|---|---|---|
| महानिर्देशक | रा.प. प्रथम | नेपाल प्रशासन | प्रशासन | १ |
| उप-महानिर्देशक | रा.प. प्रथम | नेपाल प्रशासन | प्रशासन | २ |
| निर्देशक | रा.प. द्वितीय | नेपाल प्रशासन | राजस्व | ८ |
| निर्देशक | रा.प. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| निर्देशक (सूचना प्रविधि) | रा.प. द्वितीय | नेपाल विविध | | २ |
| निर्देशक (तथ्याङ्क) | रा.प. द्वितीय | आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ |
| सिनियर डिभिजनल केमिष्ट | रा.प. द्वितीय | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | १ |
| उपसचिव (लेखा) | रा.प. द्वितीय | नेपाल प्रशासन | लेखा | १ |
| शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | २२ |
| शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | २ |
| लेखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | लेखा | १ |
| शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय सेवा | सरकारी वकील | १ |
| केमिष्ट | रा.प. तृतीय | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | २ |
| कम्प्यूटर इन्जिनियर | रा.प. तृतीय | नेपाल विविध | | ७ |
| मेकानिकल इन्जिनियर | रा.प. तृतीय | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | १ |
| कम्प्यूटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | | २ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | २६ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| असिष्टेन्ट केमिष्ट | रा.प.अनं. प्रथम | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | २ |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | १० |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १२ |
| स्वीपर | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| | | | **जम्मा** | **११२** |

### १.४.२ भन्सार विभाग अन्तर्गतका कार्यालयहरूको दरबन्दीको विवरण

भन्सार विभाग र मातहतका कार्यालयमा जम्मा १२५७ जना कर्मचारीहरुको दरबन्दी रहेको छ। जसमध्ये, भन्सार विभागमा महानिर्देशक, सुधार तथा व्यवस्थापन महाशाखा र

नीति तथा सञ्चालन महाशाखामा उपमहानिर्देशक, भन्सार जाँचपास परीक्षण कार्यालयमा भन्सार जाँचपास परीक्षण प्रशासक, त्रिभुवन विमानस्थल भन्सार कार्यालय र वीरगञ्ज भन्सार कार्यालयमा प्रमुख भन्सार प्रशासक गरी ६ जना सहसचिवस्तरको दरबन्दी रहेको छ।

भन्सार विभाग र मातहतका कार्यालयमा राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा ४५ जना र तृतीय श्रेणीको पदमा २३४ जना, राजपत्र अनङ्कित पदमा ५२३ जना र श्रेणीबिहिन पदमा ४४० जनाको दरबन्दी रहेको छ। कार्यबोझ र जिम्मेवारी बढी भएका कार्यालयहरुमा कार्यालय प्रमुखको रुपमा प्रमुख भन्सार अधिकृत (राजपत्राङ्कित द्वितीय श्रेणी) को दरबन्दी रहेको छ। कार्यबोझ र जिम्मेवारी कम भएको आधारमा पशुपतिनगर, भद्रपुर, राजविराज, ठाँडी, सर्लाही, महेशपुर, त्रिवेणी, सुठौली, सती, मुस्ताङ, किमाथांका र राजापुरमा कार्यालय प्रमुखको रुपमा भन्सार अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) र सोभन्दा पनि कार्यबोझ कम रहेका कार्यालयमा राजपत्र अनंकित प्रथम श्रेणी(नायब सुब्बा) को दरबन्दी रहेको छ।

भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुको दरबन्दीको विस्तृत विवरण **अनुसूची २** मा रहेको छ। भन्सार कार्यालयहरुमा कार्यरत कार्यालय प्रमुखको विवरण **अनुसूची ३** मा उल्लेख गरिएको छ। भन्सार विभागमा हालसम्म कार्यरत महानिर्देशकहरुको विवरण **अनुसूची** ४ मा राखिएको छ। भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुमा कार्यरत श्रेणीगत र श्रेणीविहिन कर्मचारीको दरबन्दीको सारांश देहाय बमोजिम रहेको छः

| तह | राजस्व समूह | प्रशासन/विविध/अन्य | कुल दरबन्दी |
|---|---|---|---|
| रा.प. प्रथम | ० | ६ | ६ |
| रा.प. द्वितीय | ३९ | ६ | ४५ |
| रा.प. तृतीय | १७२ | ६२ | २३४ |
| रा.प.अनं. प्रथम | ४३७ | ८६ | ५२३ |
| रा.प.अनं. द्वितीय | ९ | ० | ९ |
| **श्रेणीगत जम्मा** | **६५७** | **१६०** | **८१७** |
| श्रेणीविहिन | ० | ४४० | ४४० |
| **कुल जम्मा** | **६५७** | **६००** | **१२५७** |

भन्सार विभाग

### १.४.३ भारतसँग सीमा जोडिएका मूल र छोटी भन्सार कार्यालयहरु

नेपाल र भारतबीचको व्यापार सन्धिले २७ ओटा नाकाहरुलाई द्विपक्षीय व्यापार नाकाको रुपमा स्वीकृत गरेको छ। यी स्वीकृत नाकाहरुमध्ये नेपालतर्फ भिस्वा र गुलरिया हालसम्म पनि छोटी भन्सारको स्तरमा नै रहेका छन्। नेपाल र भारतबीचको

व्यापार सन्धिभित्र परेको साविकमा छोटी भन्सार कार्यालय दार्चुलालाई हालै मूल भन्सारमा स्तरोन्नति गरिसकिएको छ। यस बाहेक व्यापार सन्धिमा नपरेका त्रिवेणी र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय समेत मूल भन्सार कायम गरिएका छन्। यसरी भारततर्फको सीमासँग जोडिएका २६ ओटा र भारतको सीमादेखि केही टाढा रेल सञ्जालसँग जोडिएको १ ओटा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय समेत गरी गरी दक्षिणी सीमामा २८ ओटा मूल भन्सार कार्यालयहरू रहेका छन्।

यी मध्ये कार्यबोझ र जिम्मेवारी कम भएको आधारमा पशुपतिनगर, भद्रपुर, राजविराज, ठाँडी, सर्लाही, महेशपुर, त्रिवेणी, सुठौली, सती, मुस्ताङ्ग, किमाथांका र राजापुरमा कार्यालय प्रमुखका रुपमा भन्सार अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) को दरबन्दी रहेको र सोभन्दा पनि कार्यबोझ कम रहेका भन्सार कार्यालय कोइलावास, महाकाली र दार्चुलामा रा. प. अनं. प्रथम श्रेणी (ना.सु) को दरबन्दी रहेको छ। ती बाहेक कार्यबोझ र जिम्मेवारी बढी भएका अन्य कार्यालयहरूमा कार्यालय प्रमुखको रुपमा प्रमुख भन्सार अधिकृत (राजपत्राङ्कित द्वितीय श्रेणी) को दरबन्दी तथा वीरगञ्ज भन्सार कार्यालयमा कार्यालय प्रमुखको रुपमा प्रमुख भन्सार प्रशासक (राजपत्राङ्कित प्रथम श्रेणी) को दरबन्दी रहेको छ। खुला सीमानाको कारण यी भन्सारहरूको काम यात्रुहरूको जाँचपास (Passengers Clearance) भन्दा मालवस्तु जाँचपासमा नै बढी केन्द्रित छ। नेपालको दक्षिणी सीमामा अवस्थित छोटी भन्सार कार्यालयहरूमध्ये हाल ४४ ओटा चालू अवस्थामा रहेका छन्।

भारतसँग सीमा जोडिएका मूल र छोटी भन्सार कार्यालयहरू मूलतः भारतमा निकासी हुने र भारतबाट पैठारी हुने मालवस्तुको प्रशासनमा केन्द्रित छन्। मेची, विराटनगर, वीरगञ्ज, सुक्खा बन्दरगाह, भैरहवा, नेपालगञ्ज र कैलाली भन्सारबाट भारतमा निकासी/पैठारीको अतिरिक्त भारतीय बन्दरगाह हुँदै तेस्रो मुलुकमा मालवस्तुहरू निकासी पैठारी समेत हुने गर्दछ। नेपाल र भारतबीचको पारवहन सम्झौताबाट नेपाललाई तेस्रो मुलुकसँगको व्यापारका लागि कलकत्ता, हल्दिया, विशाखापट्टनम बन्दरगाह र फूलबारी (भारत), बंगलाबन्ध (बंगलादेश) स्थलमार्ग उपलब्ध छन्। नेपाल-भारत बीचमा भएको वाणिज्य सन्धि बमोजिमका द्विपक्षीय नाकाको विवरण **अनुसूची-५** मा रहेको छ।

### १.४.४ चीनसँग सीमा जोडिएका भन्सार कार्यालयहरू

नेपाल र जनबादी गणतन्त्र चीनबीच सम्पन्न व्यापार एवम् पारवहन सम्झौताले नेपाल चीन बीच द्विपक्षीय व्यापारका लागि ६ ओटा नाका स्वीकृत गरेको छ। नेपाल र जनबादी गणतन्त्र चीनबीच सम्पन्न बन्दरगाह व्यवस्थापन सम्बन्धी सम्झौता, २०१२ ले स्वीकृत ६ ओटा नाकाहरु मध्ये तीनओटा नाकाहरु यारी-पुलान, रसुवा-जिलोङ एवम् कोदारी-जाङ्चमुलाई अन्तर्राष्ट्रिय व्यापारको लागि समेत उपयोग गर्न सक्ने नाका र बाँकी

तीन नाकाहरु नेचुङ-लिजी, ओलाङ्चुङ्गोला-रियु तथा किमाथान्का-छेन्ताङलाई द्विपक्षीय व्यापार गर्ने नाकाका रुपमा स्थापित गरेको छ। नेपाल र चीनबीच सम्पन्न पारवहन यातायात सम्झौता २०१६ र तत्सम्बन्धी प्रोटोकल २०१८ ले समुद्रसम्मको पहुँचका लागि चारओटा सामुद्रिक बन्दरगाहहरु (Tianjin, Shenzhen, Lianyungang and Zhanjiang) र तीनओटा सुक्खा बन्दरगाहहरु (Lanzhou, Lhasa and Xigatse) उपलब्ध गराएको छ।

नेपालको उत्तरी सीमामा ९ ओटा मूल भन्सार कार्यालय रहेका छन् भने ती मूल भन्सार कार्यालयका हाल कुनै पनि छोटी भन्सार कार्यालय रहेका छैनन्। उत्तरी सीमास्थित भन्सार कार्यालयहरुमध्ये रसुवा भन्सार कार्यालय र तातोपानी भन्सार कार्यालयमा राजपत्रांकित द्वितीय श्रेणीको प्रमुख भन्सार अधिकृत कार्यालय प्रमुख रहने व्यवस्था गरिएको छ भने यी बाहेक अन्य सबै उत्तरी सीमावर्ती भन्सार कार्यालयले उठाउने राजस्व ज्यादै न्यून रहेको छ। किमाथाङ्का भन्सार कार्यलयमा रा.प. तृतीय श्रेणी र अन्य कार्यालयहरूमा हाल राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीलाई कार्यालय प्रमुखको रहने व्यवस्था छ। नेपाल-चीन बिचमा भएको वाणिज्य सन्धि बमोजिमका द्विपक्षीय नाकाको विवरण **अनुसूची ६** मा रहेको छ।

# खण्ड - दुई

# भन्सार विभागद्वारा आ.व. २०८०/८१ मा सम्पादित प्रमुख कार्यहरू

## २.१ व्यापार सहजीकरण सम्बन्धी कार्य

भन्सार प्रशासनको प्रमुख कार्य भनेको अन्तर्राष्ट्रिय वैध व्यापारलाई सहजीकरण गर्नु हो। नेपालले दुईपक्षीय तथा बहुपक्षीय संघ/संस्थासँग गरेको प्रतिवद्धता, विश्व भन्सार सङ्गठनको सदस्यता एवम् विश्व व्यापार सङ्गठनको पछिल्लो मान्यता अनुसार व्यापारमा लाग्ने समय र लागतलाई घटाउँदै जाने क्रममा व्यापार साझेदारहरूसँग निरन्तरको सम्बाद तथा सहजीकरण र परेका व्यावधान एवम् उल्झनहरूलाई समाधान गर्ने, भन्सारका प्रक्रिया र पद्धतिहरूको समय/समयमा पुनरावलोकन गरी आधुनिक पद्धति भित्र्याउने प्रयासहरु भन्सार प्रशासनले निरन्तर रुपमा गर्दै आएको छ। यसै सन्दर्भमा भन्सार प्रशासनले आर्थिक वर्ष २०८०/८१ मा व्यापार सहजीकरणका लागि गरेका प्रयासहरु देहाय बमोजिम रहेका छन्ः

- विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता तथा विश्व भन्सार संगठनको संशोधित क्योटो अभिसन्धिको साधारण अनुसूची परिपालनाका लागि भन्सार विधेयकको मस्यौदा संघीय संसदमा पेश भएको छ।
- राष्ट्रिय व्यापार सहजीकरण समितिको बैठक आयोजना गरी विभिन्न भन्सार सम्बद्ध विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने गरिएको छ।
- व्यापार सहजीकरणका लागि अन्य मुलुकका भन्सार प्रशासनसँग भन्सार सहयोग सम्बन्धी सम्झौता (CMAA) गर्ने प्रावधान अनुरुप भारतको भन्सार प्रशासनसँग भन्सार सहयोग सम्बन्धी सम्झौताको प्रक्रिया अघि बढाइएको छ।
- सर्वसाधारण र सरोकारवालालाई आवश्यक पर्ने भन्सारसँग सम्बन्धित जानकारी तथा सेवा प्रवाह सम्बन्धी विवरण नियमित रुपमा वेबसाइटमा र विभागको आधिकरिक फेसबुक पेजमा अद्यावधिक गर्ने व्यवस्था मिलाइएको छ।
- भन्सार प्रशासनबाट प्रवाह हुने सेवा सम्बन्धी सेवाग्राहीहरुको जिज्ञासा समाधान गर्न Interactive Voice Resposne (IVR) Machine सञ्चालनमा ल्याइएको छ।
- भन्सार जाँचपासलाई प्रभावकारी बनाउन विभागबाट नियमित अनलाईन अनुगमन गरी कार्यालयहरुलाई पृष्ठपोषण प्रदान गरिएको छ।
- भन्सारका विविध पक्षहरुको अवस्था अध्ययन गरी समस्या समाधान गर्न तथा मूल्याङ्कनमा एकरुपता ल्याइ सहजीकरणको लागि भन्सार व्यवस्थापन गोष्ठी आयोजना गरिएको छ।
- भन्सार प्रशासनको सेवा प्रवाहबाट सेवाग्राहीको सन्तुष्टी मापन गर्नको लागि सेवाग्राही सन्तुष्टी सर्भेक्षण सम्पन्न गरिएको छ।

## २.२ अनुपालन र सामाजिक सुरक्षा सम्बन्धी कार्य

नेपालको भन्सार प्रशासनले भन्सार प्रशासनको मुख्य जिम्मेवारीको रुपमा रहेको सामाजिक सुरक्षा एवम् संरक्षणलाई सुनिश्चित गर्ने नीति अङ्गिकार गरेको छ। भन्सार प्रशासनले आफ्नो दक्षता एवम् अनुभवको प्रयोग गरी गैर अनुपालन, भन्सार ऐन नियमको उल्लङ्घन, भन्सार मूल्याङ्कन, वर्गीकरण तथा उत्पतिको मुलुकको गलत घोषणा, राजस्व छुट सुविधाको दुरुपयोग जस्ता जोखिमका क्षेत्र पहिचान गरी सो को नियन्त्रण गर्दै भन्सार जाँचपास गर्ने र न्यून जोखिमका वस्तु तथा क्षेत्रहरूमा सहजीकरण गर्ने कार्य गर्दै आइरहेको छ।

सामाजिक सुरक्षाका लागि विश्वका भन्सार प्रशासनले जोखिममा आधारित भन्सार जाँचपास प्रणाली अपनाउँदै आइरहेका छन्। यसै अनुरुप भन्सार ऐन, २०६४ मा जोखिममा आधारित भन्सार जाँचपास प्रणाली सम्बन्धी व्यवस्थाको लागि कानूनी व्यवस्था गरी सोको आधारमा छनौट प्रणाली, २०६६ कार्यान्वयनमा ल्याई २०६६ माघदेखि नेपालको भन्सार प्रशासनमा पहिलोपटक जोखिममा आधारित भन्सार जाँचपास प्रणाली शुरुआत गरिएको थियो। हाल त्यसलाई परिमार्जन गरेर बनाइएको "**"छनौट प्रणाली कार्यसञ्चालन निर्देशिका, २०८१**" कार्यान्वयनमा रहेको छ। कार्यान्वयनबाट प्राप्त पृष्ठपोषण र समयानुकुल बनाउन यसको परिमार्जन गर्ने प्रक्रिया समेत शुरु गरिएको छ।

वि.सं. २०६६ सालमा वीरगञ्ज भन्सार कार्यालयबाट शुरुआत गरिएको जोखिममा आधारित भन्सार जाँचपास प्रणाली हाल २६ ओटा भन्सार कार्यालयहरुमा बिस्तार गरिएको छ भने यसलाई क्रमशः बढाउँदै लैजाने नीति अख्तियार गरिएको छ। छनौट प्रणाली (Selectivity) अन्तर्गत हाल रातो, हरियो र पहेँलो गरी तीनओटा मार्ग सञ्चालनमा रहेका छन्। जोखिम व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सिलसिलामा विगतमा भन्सार कार्यालयहरुबाट हुँदै आएको Selectivity Update सम्बन्धी कार्य २०७६ भाद्रदेखि भन्सार विभागबाट हुँदै आएको छ। भन्सार विभागमा उपमहानिर्देशकको अध्यक्षतामा केन्द्रीय जोखिम व्यवस्थापन समिति र स्थानीयस्तरमा भन्सार प्रमुखको अध्यक्षतामा जोखिम व्यवस्थापन एकाई क्रियाशील रहेका छन्।

Selectivity Update गर्दा मूलतः मालवस्तु, मालवस्तुको उपयोग, उत्पत्तिको मुलुक, वर्गीकरण शीर्षक, उपशीर्षक, भन्सार मूल्याङ्कन, ढुवानीको साधन, मालवस्तु पुग्ने स्थान, पैठारी/निकासीकर्ताहरुको शाख तथा अनुपालनस्तर, भन्सार एजेण्टको विश्वसनीयता, राजस्व जोखिम, सामाजिक सुरक्षा जस्ता विभिन्न सूचकहरुको आधारमा Risk Profile तयार गरी सोको विश्लेषणको आधारमा गरिन्छ। भन्सार विभागबाट Selectivity Update सम्बन्धी कार्य गर्दा सबै भन्सार कार्यालयहरुको कार्यमा एकरुपता आउनुका अतिरिक्त कार्यालयहरुको कार्यबोझमा पनि कमी आएको छ भने विभिन्न निकायहरुबाट प्राप्त हुने सूचनाहरुलाई पनि तत्काल सम्बोधन गर्न सहज भएको छ। आ.व. २०८०/८१ मा छनौट प्रणालीको कार्यान्वयनको अवस्था हेर्दा व्यापार मूल्यको आधारमा हरियोमा १३ प्रतिशत, पहेँलोमा ४५ प्रतिशत र रातोमा ४२ प्रतिशत, राजस्व असुलीको आधारमा

हरियोमा १९ प्रतिशत, पहेंलोमा ३१ प्रतिशत र रातोमा ४९ प्रतिशत र प्रज्ञापनपत्रको आधारमा हरियोमा ७ प्रतिशत, पहेंलोमा २९ प्रतिशत र रातोमा ६४ प्रतिशत रहेको थियो।









Wide Area Network (WAN) का माध्यमबाट भन्सार कार्यालयमा हुने काम कारवाही र जाँचपास सम्बन्धी घोषणालाई विभागबाट सोझै अनुगमन गर्न सकिने व्यवस्था गरिएको छ। यसलाई ASYCUDA World लागू भएका भन्सार कार्यालयहरुमा विस्तार गरिएको छ। भन्सार कार्यालयमा जाँचपासको लागि घोषणा भएका प्रज्ञापनपत्रको विभागबाट प्रत्यक्ष रुपमा अनुगमन गरी वर्गीकरण/मूल्याङ्कन र अन्य प्रक्रिया अनुगमन गरी फरक पाइएमा तत्काल सच्याउन निर्देशन दिने गरिएको छ।

नियन्त्रण र निगरानीको पाटोलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सबै ठूला भन्सार कार्यालयहरुलाई IP Camera (Internet Protocol) को माध्यमबाट जोडिएको छ। यसमा इन्टरनेटको माध्यमबाट भन्सार कार्यालयमा भएका गतिविधिलाई सोझै विभागबाट अनुगमन गर्न सकिने व्यवस्था मिलाइएको छ। यसले गर्दा सही घोषणा गर्न तथा भन्सार प्रशासनको कार्यसम्पादनमा थप सचेतना ल्याउन मद्दत गरेको छ।

अनुसन्धान तथा छड्के चेकजाँचले भन्सार कार्यालयको कामकारवाहीमा प्रभावकारिता ल्याएको छ। भन्सार कार्यालयका प्रमुख तथा भन्सार अधिकृतहरुसँग विभागबाट नियमित रुपमा हुने भर्चुअल अन्तरक्रियाले पनि सहजीकरण र नियन्त्रणको लागि महत्वपूर्ण भूमिका खेलेको छ। विभागबाट दैनिक अनुगमनको क्रममा देखिएका विषय तथा अन्य प्राप्त सूचनाहरुको तत्काल सूचना सम्प्रेषणका साथै विभागको उच्च व्यवस्थापनबाट आवश्यक निर्देशन दिने गरिएको छ।

भन्सार प्रशासनले सीमामा रही सीमा सुरक्षा र समाजको सुरक्षाको काम समेत गर्दै आइरहेको छ। सीमामा रहेका अध्यागमन, प्रहरी, विभिन्न क्वारेन्टाइनहरु, स्थानीय तह, स्थानीय प्रशासन जस्ता निकायसँग आवश्यक समन्वय गर्दै आएको छ। नेपालको भन्सार प्रशासन र छिमेकी देशको सीमावर्ती भन्सार प्रशासनसँग समेत निरन्तरको बैठक र छलफलद्वारा संदिग्ध व्यापार व्यवसाय एवम् चोरी निकासी पैठारी नियन्त्रणका लागि सूचना आदानप्रदान गरी व्यापार विचलन र अनधिकृत व्यापार नियन्त्रणको प्रयास भइरहेको छ। न्यून गुणस्तर भएका तथा मानव स्वास्थ्यको लागि हानिकारक र वातावरणीय असर गर्ने मालवस्तुको निकासी पैठारी नियन्त्रण गरी समाजिक सुरक्षामा समेत सघाएको छ।

## २.३ राजस्व सङ्कलन सम्बन्धी कार्य

भन्सार प्रशासनको महत्वपूर्ण कार्यमा राजस्व सङ्कलन पनि एक हो। देशको कुल राजस्वको करिव ५० प्रतिशत भन्सार प्रशासनले सङ्कलन गर्दै आएको छ। भन्सार विभागको लागि आर्थिक वर्ष २०८०/८१ मा रु ६ खर्ब २७ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा कुल ४ खर्ब २४ अर्ब राजस्व सङ्कलन गरी लक्ष्यको तुलनामा ६७.५८ प्रतिशत राजस्व सङ्कलन भएको थियो।

भन्सार प्रशासनबाट आर्थिक वर्ष २०८१/८१ मा सङ्कलित कुल राजस्व मध्ये २ खर्ब ९१ अर्ब ९४ लाख भन्सार महसुल (लक्ष्यको तुलनामा ६५.०६%), २ खर्ब ६८ अर्ब ७५ करोड २ लाख

मूल्य अभिवृद्धि कर (लक्ष्यको तुलनामा ६८.६९%), ५१ अर्ब ६१ करोड ६२ लाख अन्तःशुल्क (लक्ष्यको तुलनामा ७१.९६%) सङ्कलन भएको थियो।

रु. हजारमा

| शीर्षक | | लक्ष्य | असुली | प्रगति | अघिल्लो वर्षको तुलनामा फरक% |
|---|---|---|---|---|---|
| आयात भन्सार महशुल | | २४४८४८९०० | १५९१६७३६६ | ६५.०१ | ११.४४ |
| निकासी भन्सार महशुल | | ६९९१०० | २८१३९८ | ४०.२५ | २१८.१७ |
| निर्यात सेवा शुल्क | | ० | १ | २.०० | ५.०० |
| वैदेशिक व्यापारमा आधारित अन्य आय | कृषि सुधार शुल्क | १३१७३१०० | ६५६५१३४ | ४९.८४ | -१०.६८ |
| | भन्सार सम्बन्धी अन्य आय | १५२९९०० | १६२८९२५ | १०६.४७ | ३२५.७४ |
| | अग्रिम आयकर | ० | १६०३१८० | ०.०० | -२९.३८ |
| | स्वास्थ्य जोखिम कर | १९७०० | १६९८६ | ८६.२२ | २४.९८ |
| | पूर्वाधार कर | ३१६७९२०० | २०६५७४०७ | ६५.२१ | ०.४७ |
| भन्सार महसुल जम्मा | | २९१९४९९०० | १८९९३७२४७ | ६५.०६ | ९.४७ |
| मू.अ. कर जम्मा | | २६८६७५२०० | १८४५४५३२३ | ६८.६९ | ६.६४ |
| अन्तःशुल्क जम्मा | | ५१६१६२०० | ३७१४२९०७ | ७१.९६ | १४.८७ |
| सडक मर्मत तथा सुधार दस्तुर | | १०९२९१०० | ८०७९५६१ | ७३.९३ | ७.२२ |
| सडक निर्माण तथा सम्भार दस्तुर | | ४५७८४०० | ४५३४५८४ | ९९.०४ | ६.१० |
| कुल जम्मा | | ६२७७४८८०० | ४२४२३९६२२ | ६७.५८ | ८.५८ |

आर्थिक वर्ष २०८०/८१ मा सङ्कलित राजस्वमध्ये भन्सार महसुलको हिस्सा ४४.७७ प्रतिशत, मू.अ. करको ४३.५० प्रतिशत अन्तःशुल्क ८.७६ प्रतिशत, सडक मर्मत तथा सुधार दस्तुर १.९६ प्रतिशत र सडक निर्माण तथा सम्भार दस्तुर १.०६ प्रतिशत रहेको छ।




## २.४ आ.व. २०८०/८१ मा विभाग अन्तर्गतका शाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु

भन्सार विभागका विभिन्न शाखाहरुले भन्सार सुधार तथा आधुनिकीकरण योजना, नीति तथा कार्यक्रम तथा अन्य विविध क्रियाकलापहरु सम्पादन गर्दै आएका छन्। आ.व. २०८०/८१ मा शाखाहरुले सम्पादन गरेका भन्सार सुधार तथा आधुनिकीकरण योजनामा उल्लेख भएका कार्यहरुको प्रगति अनुसूची ११ मा समावेश गरिएको छ। यस्तै वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यहरुको प्रगति अनुसूची १२ मा समावेश गरिएको छ। भन्सार विभागका शाखाहरुले सम्पादन गरेका मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

### क) सुधार तथा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत रहेका शाखाहरुबाट सम्पादन भएका कार्यहरु यस प्रकार रहेका छन्:

### २.४.१ भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा

**भन्सार सुधार तर्फ**

- भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९-२०८२/८३) को अर्धवार्षिक प्रगति समीक्षा सम्पन्न गरिएको छ।
- भन्सार कार्यालयहरुलाई पेपरलेस, फेसलेस र कन्टयाक्टलेस बनाउने अवधारणा अनुरुप मेची भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालय, रसुवा भन्सार कार्यालय, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, सुक्खा बन्दरगाह भन्सार कार्यालय, वीरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय, नेपालगञ्ज भन्सार कार्यालय र कैलाली भन्सार कार्यालयमा निकासीकर्ताले भन्सार

नियमावली, २०६४ बमोजिम तोकिएका सबै कागजातहरु वस्तु घोषणा गर्दाकै बखत अनिवार्य रुपमा आसिकुडा प्रणालीमार्फत पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

- अध्यागमन विभागले यात्रुहरुको विवरण भन्सार विभागलाई API (Application Program Interface) मार्फत उपलब्ध गराउने गरी मिति २०८०।०९।१६ गते अध्यागमन विभागका महानिर्देशक र भन्सार विभागका महानिर्देशक बीच समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- विश्व भन्सार सङ्गठन (WCO) अन्तर्गतको INAMA परियोजनाको सहयोगमा Illegal Wildlife Trade (IWT) नियन्त्रणका लागि भन्सारमा कार्यरत फ्रन्टलाइन कर्मचारीको क्षमता अभिवृद्धि गर्न २०२४ मे ६ देखि १० सम्म काठमाडौंमा Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) सम्बन्धी तालिम सम्पन्न भएको छ। यसैगरी, CITES/IWT मा केन्द्रित भइ २०२४ जुन १८ देखि २१ सम्म काठमाडौंमा जोखिम व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको छ।
- EU-Nepal Trade and Investment Programme (TIP) संगको सहकार्यमा अन्तर्राष्ट्रिय विज्ञहरुबाट सन् २०२३ अगष्ट २० देखि २५ सम्म अधिकृत व्यवसायिक व्यक्ति (Authorized Business Person) सम्वन्धी ६ दिने कार्याशालाको आयोजना गरिएको छ। यसैगरी सोही संस्थाको सहयोगमा सन् २०२३ नोभेम्बर २६ देखि ३० सम्म शीघ्र जाँचपास र जोखिम व्यवस्थापन (Expedited Shipment and Risk Management) सँग सम्बन्धित कार्यशाला आयोजना गरिएको छ।
- SASEC Customs and Logistics Reforms Program अन्तर्गतको दोस्रो चरणको नीति कार्यक्रम (Policy Actions) सम्पन्न गर्नको लागि ५ वटा Thematic Task Force गठन भइ कार्य भइरहेको छ।
- भन्सार विभाग तथा अन्तर्गतका कार्यालयहरुमा हुने मुद्धा तथा पुनरावलोकन निवेदनलाई व्यवस्थापन गर्न Online Based Software को विकास गरी २०८०/०४/०१ देखि कार्यान्वयनमा ल्याइएको छ।
- भन्सार तथा अन्तर्राष्ट्रिय व्यापार सम्बद्ध निकायहरु(सरकारी एवम् निजी क्षेत्र) को सहभागितामा मिति २०८० श्रावण र २०८१ जेठमा गरी दुई पटक व्यापार सहजीकरण समिति(भन्सार) को बैठक आयोजना गरिएको छ।
- भन्सार प्रशासनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion-GESI) प्रवर्द्धन गर्न २०८० फागुन १६ गते भन्सार विभागमा वृहत कार्यशालाको आयोजना गरिएको छ। उक्त कार्यशालाबाट प्राप्त पृष्ठपोषणलाई समावेश गरी भन्सार प्रशासनका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजनाको मस्यौदा तयार गरिएको छ।
- WCO-ACIP र भन्सार विभागको सहकार्यमा सन् २०२४ जनवरी १५ देखि १९ सम्म Internal Affairs Training Workshop सञ्चालन भएको छ।

**अन्तर्राष्ट्रिय सम्बन्ध तर्फ**

- नेपाल र चीनको भन्सार प्रशासनबीचको ३३ औं उपमहानिर्देशकस्तरीय बैठक सन् २०२४ जुलाई २ देखि ८ सम्म चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासामा सम्पन्न भएको छ। सो बैठकमा विभिन्न १० वटा एजेन्डाहरू माथि छलफल भई निर्णय गरिएको छ।
- चौथो SASEC भन्सार उपसमूहको सीमावर्ती बैठक नेपालको आयोजनामा सन् २०२३ सेप्टेम्बर १९ तदनुसार २०८० आश्विन २ गते मेचीनगरको होटल मेची क्राउनमा सम्पन्न भएको छ। उक्त बैठकमा सीमावर्ती भन्सार प्रशासनबीच हरेक दुई महिनामा कम्तिमा एकवटा बैठक सञ्चालन गर्ने, एकआपसमा समन्वयको लागि सम्पर्क व्यक्ति तोकी सम्पर्क विवरण आदान प्रदान गर्ने लगायत निर्णय भएको छ।

- CITES र Illegal Wildlife Trade नियन्त्रणको क्षेत्रमा क्षमता विकासको आवश्यकता पहिचानका लागि WCO अन्तर्गतको INAMA India परियोजनासँगको सहकार्यमा मिति २०२४ फेब्रुअरी १२ देखि १६ सम्म Diagnostic Mission सम्पन्न गरिएको छ।
- नेपालको भन्सार प्रशासन र भारतको Central Board of Indirect Taxes and Customs (CBIC) बीच भन्सार जाँचपास प्रक्रियामा एक अर्कालाई सूचना उपलब्ध गराउने तथा प्रशासनिक सहयोग गर्नुपर्ने लगायतका प्रतिवद्धता समेटिएको Customs Mutual Assistance Agreement (CMAA) को मस्यौदा तयार गरी भारतको CBIC मा पठाइएकोमा पुनः संशोधन सहित प्राप्त भएकाले संशोधित मस्यौदा उपर नेपालको भन्सार प्रशासनको धारणा समाहित गरी अर्थ मन्त्रालय पठाइएको छ।
- Rules of Origin, Classification, Post Clearance Audit, Time Release Study, WCO Data Model को क्षेत्रमा प्राविधिक सहायता तथा क्षमता विकासको लागि World Customs Organization सँग निरन्तर समन्वय गरिएको छ।
- UNODC-PCBT,WTO,WCO, IMF लगायतका संस्थाहरुद्वारा सञ्चालन गरिएका क्षमता विकासका कार्यक्रममा बढी भन्दा बढी कर्मचारी सहभागी हुने वातावरण मिलाइएको छ।

**प्रकाशनहरु**

- आर्थिक वर्ष २०७९/८० मा भन्सार विभाग तथा कार्यालयहरुले सम्पादन गरेका कार्यहरु समेटी वार्षिक प्रगति विवरण प्रकाशन गरिएको छ।
- ७२ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार स्मारिका प्रकाशन गरिएको छ।
- अर्ध वार्षिक रुपमा प्रकाशन हुने भन्सार बुलेटिन वर्ष १५ को अंक १ र अंक २ प्रकाशन गरिएको छ।

### २.४.२ भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा

- भन्सार व्यवस्थापन गोष्ठी २०८० श्रावण र चैत्र महिनामा आयोजना गरिएको छ।
- भन्सार समिक्षा बैठक २०८० मंसिरमा सम्पन्न गरिएको छ।

- निजी क्षेत्र तथा व्यवसायीहरुसँग भन्सार मूल्याङ्कन सम्बन्धी विषयमा २०८० चैत्र महिनामा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ।
- विश्व भन्सार  संगठनको सहकार्यमा विभाग र अन्तर्गत कार्यालयमा कार्यरत भन्सार अधिकृतहरुलाई भन्सार मूल्याङ्कन सम्बन्धी अन्तर्राष्ट्रियस्तरको तालिम प्रदान गरिएको छ।
- जाँचपासपछिको परीक्षण कार्यको लागि प्रज्ञापनपत्रको आधारमा मात्र परीक्षण गर्ने गरी १०० वटा, प्रोडक्टको आधारमा परीक्षण गर्ने गरी २५ वटा र फर्मको आधारमा परीक्षण गर्ने गरी २४ वटा छनौट गरिएको छ।
- भन्सार महसुल छुटमा पैठारी भएका ५६ वटा सवारी साधानको महसुल असुलको लागि भन्सार कार्यालयहरुलाई लेखि पठाइएको छ।
- भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखाले भन्सार मूल्याङ्कन पुनरावलोकन समितिको सचिवालयको समेत कार्य गर्ने गरेकोमा आ.व. २०८०/८१ मा २३५ वटा निवेदन उपर निर्णय भएको छ।
- आ.व. २०८०/८१ मा आठ वटा मालवस्तुको पुनः मूल्याङ्कनको लागि भन्सार कार्यालयहरुलाई पत्राचार गरिएको छ।
- कार्यालयबाट कायम भएको भन्सार मूल्याङ्कनको नियमित रुपमा अनुगमन गरी कैफियत देखिएको विषयमा कार्यालयहरुलाई ध्यानकर्षण गरिएको छ।

### २.४.३ अनुगमन शाखा

- महानिर्देशक, उपमहानिर्देशक, निर्देशक र शाखा अधिकृत समेतको विभिन्न टोलीले भन्सार कार्यालयहरुको नियमित स्थलगत अनुगमन गरिएको छ। अनुगमनको क्रममा देखिएका कैफियत तत्काल सुधार गर्न लेखी पठाइएको छ।
- भन्सार कार्यालयहरुमा प्रविष्ट हुने अधिकांश घोषणाहरुको Wide Area Network(WAN) को माध्यमबाट बिदाको दिनमा समेत प्रत्यक्ष रुपमा अनुगमन गर्ने गरिएको छ। आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा प्रत्यक्ष अनुगमनबाट देहाय बमोजिम थप राजस्व निर्धारण भएको छः

**रकम रु. लाखमा**

| प्रत्यक्ष अनुगमनबाट निर्धारण भएको थप राजस्वको विवरण | | | | |
|---|---|---|---|---|
| | असुली भएको थप राजस्व | | अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि भएको राजस्व | वृद्धि प्रतिशत(%) |
| महिना | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | |
| श्रावण | २३० | १२१८ | ९८८ | ४२९ |
| भाद्र | १८६ | १४०३ | १२१६ | ६५३ |
| असोज | ८४ | २००१ | १९१८ | २२९६ |

| | | | | |
|---|---|---|---|---|
| कार्तिक | ५१० | ११७४ | ६६४ | १३० |
| मंसिर | ४५९ | ७५५ | २९६ | ६५ |
| पुस | ४१८ | ११६६ | ७४८ | १७९ |
| माघ | ५३२ | ९१० | ३७८ | ७१ |
| फागुन | ६६० | १०२५ | ३६५ | ५५ |
| चैत्र | ७१२ | ९२४ | २१२ | ३० |
| बैशाख | ७७९ | ७२२ | -५७ | -७ |
| जेठ | ११६४ | ७३२ | -४३२ | -३७ |
| असार | १०३७ | ७६४ | -२७३ | -२६ |
| जम्मा | ६७७१ | १२७९३ | ६०२३ | ८९ |

- १३ वटा भन्सार कार्यालयहरुको IP Camera मार्फत यात्रुकक्ष, भन्सार यार्ड तथा परिसर साथै जाँचपास प्रक्रियाको निगरानी गर्ने गरिएको छ।
- श्रीमान् सचिवज्यू तथा महानिर्देशकबीचमा भएको कार्यसम्पादन सम्झौताको चौमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाइएको छ।
- राजस्व सङ्कलन, मुद्दा तथा लिलामी सम्बन्धि प्रगति विवरण तयार गरी अर्थ मन्त्रालयमा प्रतिवेदन पठाइएको छ।
- प्रत्यक्ष अनुगमनको क्रममा गम्भीर कैफियत देखिएका २५ वटा Consignment रोकी विभागले तोकेको अधिकृतबाट छड्के परीक्षण गर्न लगाइएको छ।

### २.४.४ जोखिम व्यवस्थापन शाखा

- छनौट प्रणाली कार्यसञ्चालन निर्देशिका, २०८१ को मस्यौदा तयार गरिएको छ।
- आशिकुडा वर्ल्डबाट मासिक रुपमा Fraud Code अनुसारको तथ्यांकको विश्लेषण गरी Risk Register, Risk Profile र Risk Indicator तयार तथा अद्यावधिक गर्ने गरिएको छ।
- केन्द्रिय जोखिम व्यवस्थापन समितिको बैठक २७ पटक, केन्द्रीय जोखिम व्यवस्थापन इकाईको बैठक २५ पटक र Random Hit Working Team को बैठक १२ पटक बसी सूचना तथा तथ्याङ्क विश्लेषण गरी छनोट प्रणाली अद्यावधिक गरिएको छ।
- Risk को effective management को लागि Action plan तयार भई निकट भविष्यमा Automation System बाट Risk लाई Control गर्ने Mechanism तयार गर्ने गरी कार्य अगाडि बढिरहेको छ।

### २.४.५ आर्थिक प्रशासन शाखा

- बेरुजु व्यवस्थापन सूचना प्रणाली सफ्टवेयर अद्यावधिक भै कार्यान्वयनमा निरन्तरता दिइएको छ।
- भन्सार विभाग अन्तर्गत आर्थिक वर्ष २०८१ आषाढ मसान्तसम्म रहेको ९ अर्व २३ करोड ७८ लाख बेरुजु मध्ये १ अर्व ५९ करोड ७१ लाख अर्थात् १७.२९ प्रतिशत बेरुजु सम्परीक्षणका लागि पठाइएको छ।
- भन्सार विभागको आ.व. २०८०/८१ को बेरुजु सम्बन्धी कार्यालयगत अवस्था देहाय बमोजिम रहेको छः

रकम रु. करोडमा

| सि. नं. | कार्यालय | असुल उपर गर्नुपर्ने बेरुजु रकम | नियमित गर्नुपर्ने बेरुजु रकम | पेश्की बेरुजु रकम | जम्मा बेरुजू रकम | फछ्र्यौटका लागि पठाइएको रकम | फछ्र्यौट हुने प्रतिशत | फछ्र्यौट गर्न बाँकी बेरुजू | कार्यालयगत बेरुजुको हिस्सा (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वीरगञ्ज | ३०९.७९ | २३.२७ | ०.६५ | ३३३.७१ | ४५.२१ | १३.५५ | २८८.५० | ३६.१२ |
| २ | भैरहवा | १०५.१५ | १९.२७ | ०.०० | १२४.४२ | २१.७८ | १७.५१ | १०२.६४ | १३.४७ |
| ३ | त्रि.वि. | ८१.६४ | ३५.२७ | ०.०० | ११६.९१ | १७.४१ | १४.८९ | ९९.५० | १२.६६ |
| ४ | विराटनगर | ९४.०२ | १६.०९ | ०.०० | ११०.११ | ६.८६ | ६.२३ | १०३.२५ | ११.९२ |
| ५ | सुक्खाबन्दरगाह | ७४.७१ | १५.१८ | ०.०० | ८९.८९ | २६.९५ | २९.९८ | ६२.९४ | ९.७३ |
| ६ | मेची | ३४.९८ | ३.७५ | ०.०० | ३८.७३ | १२.२३ | ३१.५८ | २६.५० | ४.१९ |
| ७ | अन्य | ८७.८० | २२.०१ | ०.२० | ११०.०१ | २९.२७ | २६.६१ | ८०.७४ | ११.९१ |
| | **जम्मा बेरुजू** | **७८८.०९** | **१३४.८४** | **०.८५** | **९२३.७८** | **१५९.७१** | **१७.२९** | **७६४.०७** | **१००** |

- भन्सार विभागको आ.व. २०८०/८१ को वित्तिय प्रगति सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ।

### २.४.६ सामान्य प्रशासन तथा जनशक्ति विकास शाखा

- आ.व. २०८०/८१ मा विभागको लागि स्वीकृत बजेट र कार्यक्रमको परिधिभित्र रही विभागलाई आवश्यक पर्ने मसलन्द सामाग्रीहरु, कम्प्यूटर सम्बन्धी उपकहरणहरु तथा फर्निचर्स तथा फिक्चर्सहरु खरिद गरिएको छ।
- विभाग र अन्तर्गतका कार्यालयहरुको प्रयोगशालाका लागि उपकरण खरिद तथा जडान गरिएको छ।

- विभागको सूचना प्रविधिसँग सम्बन्धित उपकरणहरु (Router, Switch, Firewall, Backup battery आदि) खरिद गरिएको छ।
- फैसला संग्रह, २०८० तयार गरी प्रकाशन गरिएको छ।
- भन्सार प्रशासन सम्बन्धी, अचल भौतिक सम्पत्ति र जिन्सी अनुगमन गरी अभिलेख र कर्मचारी अभिलेख अद्यावधिक गरिएको छ।
- नेपाल सरकारका विभिन्न निकायहरुबाट माग भई आए बमोजिमका चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरु हस्तान्तरण सम्बन्धी कार्य गरिएको छ।
- विभागमा रहेका चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरुको नवीकरण, बीमा र इम्बोस्ड नम्बर जडान गरिएको छ।
- विभाग अन्तर्गतका कर्मचारीहरुको नियमित रुपमा हुने नियुक्ति, पदस्थापना, कामकाज, सरुवा तथा अनिवार्य अवकाश सम्बन्धी कार्य गरी सो को अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक गरिएको छ। साथै, विभाग अन्तर्गत नयाँ स्थायी नियुक्ति भई आएका शाखा अधिकृतहरुको लागि सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- विभागको लागि प्राप्त भएका स्वदेशी तथा वैदेशिक तालिम तथा छात्रवृत्ति कार्यक्रममा विभाग र मातहतका विभिन्न तहका कर्मचारीहरुलाई मनोनयन सिफारिस गरिएको छ। साथै विभिन्न सरकारी निकायहरुबाट प्रशिक्षणको लागि अनुरोध भएबमोजिमका प्रशिक्षकहरु विभागबाट खटाईएको छ।
- अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा यस विभाग र अन्तर्गत कार्यालयहरुमा कार्यरत कर्मचारीहरु, भन्सार एजेन्ट तथा व्यवसायीहरुलाई पुरस्कारको लागि छनौट गरिएको छ।

**कानुनतर्फ**

- विभाग र अन्तर्गतका भन्सार कार्यालयहरुलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालतहरुमा परेका मुद्दा र रिट निवेदनहरुको लिखित जवाफ पठाईएको छ।
- भन्सार विभाग अन्तर्गत रहेका विभिन्न शाखा एवम् महाशाखाबाट टिप्पणी उठान भई कानूनी रायको लागि प्राप्त भएका फाईल/मिसिल अध्ययन गरी कानूनी राय प्रदान गर्ने गरिएको छ।
- विभिन्न भन्सार कार्यालयहरुमा मुद्दाको विवरण, प्रकृया, आदेश फैसला समेतको निरीक्षण गरी सुझाव प्रदान गरिएको छ।
- सर्वोच्च अदालत, उच्च अदालत, राजस्व न्यायाधिकरण, महान्यायाधिवक्ताको कार्यालय समेतका सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिएको छ।
- अदालतबाट फैसला भई प्राप्त भएका आदेश, फैसला कार्यान्यवनको लागि सम्बन्धित भन्सार कार्यालयमा पत्राचार गरिएको छ।
- न्यायिक निकायबाट माग भएका मिसिल पठाउने तथा पठाउनको लागि सम्बन्धित भन्सार कार्यालयमा पत्राचार गरिएको छ।
- सम्बन्धित भन्सार कार्यालयबाट मुद्दा सम्वद्ध कागजात माग गरी न्यायिक निकाय समक्ष पेश गरिएको छ।

- मुद्दाको अभिलेख वस्तुनिष्ठ वनाई सहज, सरल र छिटो छरितो तवरले मुद्दाको टुङ्गो लगाउने गरी सफ्टवेयर तयार पारिएको र सो कार्यमा यस शाखाले महत्वपूर्ण भुमिका निर्वाह गरेको छ।

### २.४.७ नेपाल राष्ट्रिय एकद्वार प्रणाली

नेपाल राष्ट्रिय एकद्वार प्रणाली आयोजना अन्तर्गतका ४८ वटा सरोकारवाला निकायहरुको लागि प्रणाली निर्माण गर्ने र केही निकायहरुबाट सञ्चालनमा रहेका प्रणालीहरु यस एकद्वार प्रणालीसँग आवद्धता गर्ने आयोजनाको उद्देश्य रहेको छ। सो बमोजिम देहाय अनुसार विभिन्न कार्यहरु सम्पादन गरिएको छः

| नेपाल राष्ट्रिय एकद्वार प्रणालीबाट सम्पादित कार्य | निकाय संख्या |
|---|---|
| प्रणाली (Module) निर्माण भएको | ३३ |
| प्रणाली (Module) सञ्चालन भएका | २० |
| प्रणाली (Module) सञ्चालन हुन बाँकी | १३ |
| एकद्वार प्रणालीसँग आवद्धता कायम भएको | १३ |
| LPCO(License, Permit, Certificate and Others) को रिपोर्टिङ मोड्युल बनाएको | ७ |
| उपकरण जडान तथा हस्तान्तरण गरिएको विभाग | १७ |
| उपकरण जडान तथा हस्तान्तरण गरिएको क्वारेन्टाइन कार्यालय | ४४ |
| आपसी समझदारी पत्र हस्ताक्षर गरिएको | २३ |
| आपसी समझदारी पत्र हस्ताक्षर गर्न बाँकी | ६ |

एकद्वार प्रणालीमा विकास गरिएका Module र सरोकारवाला निकायहरुको सङ्ख्या

| Module को प्रकार | निकाय संख्या |
|---|---|
| Import License and Permit Module | ११ |
| Export License and Permit Module | ८ |
| Quarantine Inspection Module | ३ |
| Certificate of Origin Module | ४ |
| Exemption Module | १४ |
| Financial Instrument Module | २ |
| EXIM Module | १ |
| Bonded Warehouse Module | १ |

**ख) नीति तथा सञ्चालन महाशाखा**

**२.४.८ अनुसन्धान तथा अनुपालन शाखा**

- राजस्व चुहावट नियन्त्रणका लागि प्राप्त सूचनाको आधारमा नियमित रुपमा अनुसन्धान गरी कारबाही गर्ने गरिएको छ।
- गत आर्थिक वर्षमा विभिन्न निकायबाट प्राप्त पत्र र फछ्र्यौटको विवरण देहाय बमोजिम रहेको छः

| क्र. सं. | पत्र पठाउने निकाय | प्राप्त पत्रको संख्या | फर्छ्यौट भएका पत्रको संख्या र फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ४८ वटा | • प्राप्त सबै पत्रको फछ्र्यौट भएको छ।<br>• उल्लेखित पत्रमध्ये ३३ वटा पत्रको जवाफ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ।<br>• प्राप्त पत्रमध्ये १५ वटा पत्रको जवाफ माग नभइ आवश्यक कारबाहीका लागि प्राप्त भएकाले सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पत्र पठाइ जानकारी प्राप्त भएको छ। |
| २ | अर्थ मन्त्रालय | ३५ वटा | • प्राप्त सबै पत्रको फछ्र्यौट भएको छ।<br>• उल्लेखित पत्रमध्ये १७ वटा पत्रको जवाफ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ।<br>• प्राप्त पत्रमध्ये १८ वटा पत्रको जवाफ माग नभइ आवश्यक कारबाहीका लागि प्राप्त भएकाले सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पत्र पठाइ जानकारी प्राप्त भएको छ। |
| ३ | केन्द्रीय अनुसन्धान विभाग(CIB) | ११ वटा | • प्राप्त सबै पत्रको फछ्र्यौट भएको छ।<br>• उल्लेखित सबै प्रश्नको जवाफ सम्बन्धित निकायमा पठाइएको छ। |
| ४ | राष्ट्रिय सतर्कता केन्द्र | १ वटा | • उल्लेखित प्रश्नको जवाफ राष्ट्रिय सतर्कता केन्द्रमा पठाइएको छ। |
| ५ | राजस्व अनुसन्धान विभाग | २ वटा | • उल्लेखित प्रश्नको जवाफ राजस्व अनुसन्धान विभागमा पठाइएको छ। |

- भन्सार विभागबाट प्रत्यक्ष अनुगमनको क्रममा कैफियत देखिएका २५ वटा Consignment को छड्के परीक्षणका लागि भन्सार विभागबाट टोली खटाइ त्यस्तो परीक्षणबाट थप ३ करोड ९० लाख थप राजस्व सङ्कलन भएको छ।

- भन्सार कार्यालयमा निष्क्रिय रहेका प्रज्ञापनपत्र (Pending SAD) को फरफारक गर्न लगाइएको छ।
- वित्तीय जानकारी एकाइ (FIU) मा नियमित रुपमा मुद्रा तथा धारक विनिमय अधिकारपत्र सम्बन्धी विवरण पठाइएको छ।

### २.४.९ सेवाग्राही सहजीकरण शाखा

- भन्सार प्रशासनबाट हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न हुन बाँकी प्रमुख पाँचवटा भन्सार कार्यालयहरुः मेची, जलेश्वर, कैलाली, तातोपानी र रसुवा भन्सार कार्यालयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण २०८१ सम्पन्न गरिएको छ।
- केन्द्रीयस्तरमा भन्सार एजेन्टको कार्यसम्पादन अभिवृद्धि तथा अभिमुखीकरण सम्बन्धी ६ कार्यदिने तालिम सञ्चालन गरी भन्सार विभागबाट नयाँ इजाजत लिएका ३२ जना भन्सार एजेन्टहरुको व्यावसायिक क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गरिएको छ।
- बण्डेड वेयरहाउस इजाजतपत्र व्यवस्थापनको लागि स्वचालन प्रणाली विकास गरी लागू गरिएको छ।
- सन् २०२४ जनवरी २६ मा विविध कार्यक्रम गरी अन्तर्राष्ट्रिय भन्सार दिवस मनाइएको छ।
- सिद्धार्थ रिफाइनरी एण्ड सोल्भेन्ट प्रा.लि. र सिद्धिविनायक आयल प्रा.लि. बण्डेड वेयरहाउसको निरीक्षण गरिएको छ।
- शाखाले जारी गरेका अन्य सेवाहरू निम्न रहेका छन्

| | |
|---|---|
| EXIM CODE नयाँ दर्ता संख्या | २७४२ |
| EXIM CODE नवीकरण संख्या | १९२३० |
| EXIM CODE खारेजी संख्या | १३३७ |
| EXIM CODE पुनः दर्ता संख्या | ५४ |
| बण्डेड वेयरहाउस नयाँ दर्ता संख्या | १५ |
| बण्डेड वेयरहाउस नवीकरण संख्या | १०० |
| भन्सार एजेन्ट इजाजतपत्र नवीकरण संख्या | ४०४ |
| भन्सार एजेन्ट इजाजतपत्र खारेजी संख्या | ९ |
| सेवाग्राही सेवाकक्षबाट सेवा प्रवाहको विवरण | |
| टेलिफोनबाट सेवा प्रवाह संख्या | ५६९२ |
| इमेलबाट सेवा प्रवाह संख्या | ६७३८ |
| प्रत्यक्ष उपस्थितिबाट सेवा लिनेको संख्या | ९०२ |

## २.४.१० नीति तथा महसुल शाखा

- नेपालबाट निकासी हुने र नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार महसुल लगाउने र असुल गर्ने तथा भन्सार बिन्दुबाट वस्तु निकासी वा पैठारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने महसुल सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी भन्सार महसुलका दरहरु तोक्ने र महसुल सुविधा प्रदान गर्ने सम्बन्धमा छुट्टै ऐनको व्यवस्था गर्न पहिलो पटक भन्सार महसुल ऐन, २०८१ तयार गरी संघीय संसदबाट जारी भई कार्यान्वयनमा समेत आएको छ।
- भन्सार महसुल नियमावली, २०८१ को मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ।
- आर्थिक ऐन, २०८० ले परिवर्तन गरेका निकासी/ पैठारीसँग सम्बन्धित विषय समावेश गरी भन्सार महसुल दरबन्दी २०८०/८१ (नेपाली तथा अङ्ग्रेजी) र एकिकृत भन्सार महसुल दरबन्दी २०८०/८१ तयार गरी प्रकाशन गरिएको छ।
- भन्सार विभाग तथा अन्य सम्बद्ध निकायहरुबाट मिति २०८० फागुन मसान्तसम्म जारी भएका निकासी पैठारीसँग सम्बन्धित सूचना, आदेश, निर्देशिका/कार्यविधि एवम् परिपत्रहरुलाई एकत्रित गरी भन्सार सम्बन्धी परिपत्रहरुको अद्यावधिक सङ्गालो परिपत्र सङ्ग्रह-२०८० पुस्तक तयार गरी प्रकाशन गरिएको छ।
- आर्थिक वर्ष २०८१/0८२ को बजेट निर्माण तथा राजस्व नीति तर्जुमाका लागि सुझाव उपलब्ध गराउने प्रयोजनका लागि भन्सार उप-समितिको प्रतिवेदन, २०८० तयार गरी राजस्व परामर्श समिति समक्ष पेश गरिएको छ।
- आर्थिक वर्ष २०८१/८२ को बजेट, राजस्व नीति तथा कार्यक्रम एवं आर्थिक ऐन तर्जुमा गर्ने प्रयोजनका लागि भन्सार विभागको नीति पत्र (POLICY PAPER), २०८१ तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ।
- आ.ब. २०८१/८२ को बजेट वक्तव्यमा समावेश गरिनु पर्ने विषय तथा आर्थिक ऐन, २०८१ बाट हुनुपर्ने भन्सार ऐनमा संशोधन तथा परिमार्जन, महसुल दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, व्यापार सहजीकरण, वस्तुको नयाँ भन्सार उपशीर्षक कायम गर्ने जस्ता विषयहरु र भन्सार नियमावलीमा गरिनुपर्ने संशोधन सम्बन्धमा अर्थ मन्त्रालयमा सुझाव पेश गरिएको छ।
- आर्थिक विधेयक,२०८१ तर्जुमाका लागि स्वदेशी उद्योग र उत्पादनलाई प्रवर्द्धन हुनेगरी तथा तयारी वस्तु र कच्चा पदार्थको भन्सार दर फरक हुने गरी दर समायोजन गर्न, नेपालले अन्तर्राष्ट्रिय र क्षेत्रिय मञ्चहरुमा गरेको प्रतिवद्धता अनुरुप भन्सार दरहरु समायोजन गर्न, केही वस्तुलाई सम्बन्धित निकायको सिफारिसमा मात्र पैठारी गर्न पाउने व्यवस्थालाई हटाई उद्योगले आफैं पैठारी गर्दा सिधै छुट दिने व्यवस्था गरी व्यापार सहजीकरण गर्न, छुट सुविधा दिन आवश्यक नरहेका र लामो समयसम्म प्रयोगमा नआएका छुट सम्बन्धी दफा हटाउन, उद्योगको संरक्षणका लागि छुट सम्बन्धी दफा थप गर्न, वस्तु वर्गीकरण

उपशीर्षक अनुसार सडक निर्माण दस्तुर, केही वस्तुहरुको पैठारीमा हरित कर लगाउन लगायतका विविध विषयमा अर्थ मन्त्रालयमा सिफारिस गरिएको छ।

- अद्यावधिक भन्सार ऐन नियम संग्रह प्रकाशन गरिएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेल्लो सरकार मार्फत प्राप्त गुनासोहरु फर्छ्यौट गरिएको छ।
- विभिन्न आयोजनाहरुको स्वीकृत मास्टरलिष्ट अनुसार अर्थ मन्त्रालयबाट विभिन्न मितिमा दिइएको छुटको विवरण र अभिलेख अद्यावधिक गरिएको छ।
- कुटनीतिक सुविधा, महसुल सुविधा तथा छुट उपलव्ध गराइएको छ।
- कार्यालयहरुबाट भन्सार ऐन, नियम वा आर्थिक ऐनको कार्यान्वयनमा परेका द्विविधा सम्बन्धमा निर्देशन र परिपत्र गर्ने कार्य गरिएको छ। साथै अन्य निकायबाट राय माग भएको विषयमा राय दिइएको छ।
- शीघ्र जाँचपास (Expedited Shipment) र अधिकृत व्यवसायिक व्यक्ति (Authorized Business Person) सम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गरिएको छ।
- परिमाण खुलाउन सकिने शाखाले सम्पादन गरेका अन्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

| सि. नं. | सम्पादित प्रमुख कार्य | संख्या |
|---|---|---|
| १ | कुटनीतिक सुविधा | ११६५ |
| २ | महसुल सुविधा | ३५६ |
| ३ | आयोजना तथा अन्य छुट | ७७० |
| ४ | अर्थ मन्त्रालयबाट आर्थिक ऐनको दफा १८ बमोजिम भएको छुट | ११० |
| ५ | अन्य विविध | ४३१ |
| | **जम्मा** | **२८३२** |

## २.४.११ वर्गीकरण तथा पुनरावलोकन शाखा

- भन्सार महसुल दरबन्दी पुस्तक अंग्रेजी र नेपाली भाषामा प्रकाशन गरिएको छ।
- एकीकृत भन्सार महसुल दरबन्दी पुस्तक प्रकाशन गरिएको छ।
- वस्तु वर्गीकरण निर्णय संग्रह प्रकाशन गरिएको छ।
- मालवस्तु वर्गीकरणको नेपाली भाषाको वर्णानुक्रम सूची (Alphabetical Index) तयार भएको छ।
- वस्तु वर्गीकरण तथा पुनरावलोकन सम्बन्धमा राजस्व न्यायाधिकरणबाट माग भएका कागजात तथा विवरण उपलब्ध गराइएको छ।

- वस्तु वर्गीकरण तथा पुनरावलोकन सम्बन्धमा अदालतमा पर्न गएको रिटका सम्बन्धमा विभागको तर्फबाट वहस पैरवी गरिएको र जवाफ तथा कागजात पठाइएको छ।
- WCO HS Committee को ७२ औं Session मा उपस्थित भइ सहभागिता जनाइएको छ।
- वर्गीकरण तथा पुनरावलोकन (पूर्वादिश समेत)को ९३ वटा मालवस्तुको वर्गीकरण उपशीर्षक तोक्ने निर्णय गरिएको छ।

## २.४.१२ प्रयोगशाला शाखा

- वस्तु वर्गीकरणका लागि प्राप्त देहाय बमोजिमका १३४ नमुनाहरूको परीक्षण गरी प्राविधिक राय दिइएको छ।

| | |
|---|---|
| कार्यालयको दाबी अनुसार सिफारिश गरिएको नमुना संख्या | ४१ |
| आयातकर्ताको दाबी अनुसार सिफारिश गरिएको नमुना संख्या | ३७ |
| कार्यालय र आयातकर्ता दुबै भन्दा फरक सिफारिश गरिएको नमुना संख्या | २३ |
| ○ HS Code को लागि राय दिइएको नमुना संख्या(वर्गीकरण शाखा बाहेक अन्य निकायबाट अनुरोध भइ आएको) | ३३ |

- प्रयोगशाला परीक्षणको लागि यस आर्थिक वर्षमा प्राप्त ७६६ नमुनाहरुको परीक्षण गरी परीक्षण नतिजा प्रदान गरिएको छ। परीक्षण गरिएका जम्मा ७६६ नमुनाहरू मध्ये दावी गरिएभन्दा फरक पहिचान गरिएका नमूना ४१ वटा, स्तरविहिन / न्यून गुणस्तर भएका नमूना ८ वटा र प्रतिबन्धित मालवस्तुका नमूना ११२ वटा रहेका छन्।
- भन्सार विभाग र कार्यालयमा अवस्थित प्रयोगशालाहरूको स्थापना तथा स्तरोन्नतिका लागि FTIR र GCMS Pyrolizer उपकरणहरू खरिद गरिएको छ।
- भन्सार विभाग र कार्यालयहरूका प्रयोगशालाहरूमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका निम्ति ISO १७०२५ lead auditor तालिम सम्पन्न भएको छ।
- ४ वटा भन्सार कार्यालयहरू (रसुवा, भैरहवा, नेपालगन्ज र विराटनगर) मा भन्सार कर्मचारीहरूका लागी नमूना संकलन, केमिकल तथा Green Customs सम्बन्धी तालिम सञ्चालन गरिएको छ।
- भन्सार विभागमा स्थित प्रयोगशालामा Sample Storage Rack र Museum स्थापना गरिएको छ।

## २.४.१३ सूचना प्रविधि पूर्वाधार शाखा

- सुख्खाबन्दरगाह भन्सार कार्यालय, सुठौली भन्सार कार्यालय, जनकपुर भन्सार कार्यालय, कन्चनपुर भन्सार कार्यालय, सर्लाही भन्सार कार्यालय, सिराहा भन्सार कार्यालय, सुनसरी भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, सती भन्सार कार्यालय, ठाडी भन्सार कार्यालयमा

Gate entry Module को विस्तार गरिएको छ। हाल २३ वटा भन्सार कार्यालयहरुमा यस उपप्रणाली कार्यान्वयनमा रहेको छ।

- सुख्खाबन्दरगाह भन्सार कार्यालय, सुठौली भन्सार कार्यालय, जनकपुर भन्सार कार्यालय, कन्चनपुर भन्सार कार्यालय, सर्लाही भन्सार कार्यालय, सिराहा भन्सार कार्यालय, सुनसरी भन्सार कार्यालय, महेशपुर भन्सार कार्यालय, सती भन्सार कार्यालय, गौर भन्सार कार्यालय, भद्रपुर भन्सार कार्यालय, ठाडी भन्सार कार्यालयमा छनौट प्रणाली विस्तार गरी २६ वटा भन्सार कार्यालयहरुमा छनौट प्रणाली लागू गरिएको छ।
- भन्सार विभागको डाटा सेन्टरमा रहेका सर्भर, स्टोरेज लगायतका उपकरणहरुको Annual Maintenance Contract (AMC) का साथै विभाग र अन्तर्गत भएको सूचना सञ्जाल (Network) को लागि Service Level Agreement (SLA) गरिएको छ।
- पशुपतिनगर भन्सार कार्यालयमा ASYCUDA प्रणाली लागू गरिएको छ।
- विराटनगर भन्सार कार्यालयबाट आशिकुडा प्रणालीमा digital signature को प्रयोगको सुरुआत गरिएको छ।
- सुक्खा वन्दरगाह भन्सार कार्यालयमा Manifest module लागू गरिएको छ।
- भन्सार विभागमा डाटाबेसको Active Data guard व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको छ।
- विराटनगरमा Data Recovery Center स्थापना गरी सञ्चालनमा ल्याइएको छ।
- आशिकुडाको प्रयोगलाई थप सुरक्षित बनाउनको लागि Login मा Password को साथै OTP समेत प्रयोग गर्ने गरी व्यवस्था मिलाइएको छ।
- भैरहवा भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, मेची भन्सार कार्यालय, तातोपानी भन्सार कार्यालय र वीरगञ्ज भन्सार कार्यालयमा Gate Entry को Modality परिवर्तन गरी लागू गरिएको छ।
- भन्सार मूल्याङ्कन प्रयोजनको लागि Valuation Page मा घोषणा गरिएको Brand/Model/Size र मूल्याङ्कन विधि (Valuation Method) स्वचालित रुपमा प्रज्ञापनपत्रमा आउने गरी ASYCUDA प्रणालीमा व्यवस्था मिलाइएको छ।
- प्रयोगशाला परिक्षणका चरणलाई स्वचालित गर्नको लागि Lab Module को विकास भई परिक्षण सम्पन्न गरिएको छ।
- भन्सारमा प्रज्ञापनपत्र दर्ता भएदेखि जाँचपास हुँदा सम्मका विभिन्न चरणहरुको जानकारी (SAD Status) मालधनी (Consignee) लाई email वा SMS वा दुवै माध्यमबाट जाने गरी प्रणालीको विकास गरिएको छ।
- यस विभागमा रहेको Near Disaster Recovery (NDR) ले सही रुपमा काम गरे/नगरेको परिक्षण गर्नको लागि सफल NDR परिक्षण गरिएको छ।

- Cargo Vehicle Fee (CVF) मालवस्तु जाँचपास गरेकै प्रज्ञापनपत्रमा आउने गरी ASYCUDA मा व्यवस्था गरिएको छ।
- Entry Note मा भएको Vehicle Nationality र प्रज्ञापनपत्रमा राखिएको Vehicle Nationality match गर्ने गरी आशिकुडा प्रणालीमा व्यवस्था गरिएको छ।
- प्रयोगशाला परिक्षणका चरणलाई स्वचालित गर्नको लागि Lab Module को विकास भई आशिकुडा परिक्षण सम्पन्न भएको छ।
- आशिकुडाको प्रणालीमा Login OTP का लागि Alternative Gateway प्रयोग गर्न सक्ने र email समेत प्रयोग गर्न सकिने गरी प्रणालीमा सुधान गरिएको छ
- आशिकुडा प्रणालीमा रहेको Valuation Module update गरी प्रज्ञापनपत्रमा मालवस्तु घोषणा गर्दा केही HSCode मा Brand, Model, size अनिवार्य गरिएको छ।

### २.४.१४ तथ्याङ्क व्यवस्थापन शाखा

- आ.व. २०८०/८१ को वैदेशिक वस्तु व्यापार तथ्याङ्क (International Merchandise Trade Statistics) सम्बन्धी मासिक तथा बार्षिक विवरण यस विभागको Website मा प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ।
- वैदेशिक व्यापारको समग्र अबस्था, भाग (Chapter) अनुसार बस्तु निकासी तथा पैठारी, देश अनुसार वस्तु निकासी तथा पैठारी, भन्सार महसुल दर अनुसार निकासी तथा पैठारी र भन्सार कार्यालय अनुसारको बस्तु निकासी तथा पैठारी लगायतका विवरण समावेश गरी मासिक रुपमा तथ्याङ्क प्रकाशन गरिएको छ।
- भन्सार कार्यालयहरुलाई आ.व. २०८१/८२ को मासिक तथा वार्षिक राजस्व असूलीको लक्ष्य निर्धारण गरिएको छ।
- दैनिक आयात तथा निर्यात र राजस्व संकलन सम्बन्धी विवरण तयार गरी प्रतिवेदन गर्ने गरिएको छ।

# खण्ड - तीन

# वैदेशिक व्यापार तथा राजस्व सङ्कलन

## ३.१ आयात निर्यातको विश्लेषण

आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक व्यापारमा सामान्य गिरावट आएको छ। आर्थिक वर्ष २०७९/८० मा रु. १७ खर्ब ६८ अर्ब ८७ करोड रहेको कुल वैदेशिक व्यापार आर्थिक वर्ष २०८०/८१ मा १.३३ प्रतिशतले खुम्चिन गइ रु. १७ खर्ब ४५ अर्ब ३७ करोडमा सीमित रहन पुगेको छ।

आर्थिक वर्ष २०७९/८० मा रु. १६ खर्ब ११ अर्बको ७३ करोड मूल्य बराबरको आयात भएकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. १५ खर्ब ९२ अर्ब ९९ करोड मूल्य बराबरको मात्र आयात भएको छ। त्यस्तै, निर्याततर्फ आर्थिक वर्ष २०७९/८० मा रु. १ खर्ब ५७ अर्ब १४ करोड मूल्य बराबरको निर्यात भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३.०३ प्रतिशतले सङ्कुचन आइ रु.१ खर्ब ५२ अर्ब ३८ करोड मूल्य बराबरको निर्यात भएको छ। आर्थिक वर्ष २०७९/८० मा १०.२६ रहेको आयात र निर्यातको अनुपात आर्थिक वर्ष २०८०/८१ मा १.९२ प्रतिशतले वृद्धि भई १०.४५ पुगेको छ।

**रकम रु. करोडमा**



### ३.१.१ विगत ५ वर्षको आयात/निर्यातको तथ्याङ्क

विगत ५ वर्षको आयात र आयातमा भएको परिवर्तन हेर्दा आ.व. २०७७/७८ मा अघिल्लो वर्षको तुलनामा २८.७ प्रतिशतले वृद्धि भएको आयात मूल्यमा आ.व. र २०७८/७९ मा २४.७ प्रतिशतले वृद्धि भएको थियो भने र आ.व. २०७९/८० र २०८०/८१ मा पुन १६.५ प्रतिशतले र १.१ प्रतिशतले गिरावट आएको देखिन्छ।

| आ.व. | कुल आयात(हजारमा) | परिवर्तन प्रतिशत |
|---|---|---|
| २०७६/७७ | १,१९६,७९९,०५३ | |
| २०७७/७८ | १,५३९,८३७,०६८ | २८.७ |
| २०७८/७९ | १,९२०,४४८,३४९ | २४.७ |
| २०७९/८० | १,६११,७३१,७७० | -१६.५ |
| २०८०/८१ | १,५९२,९८५,५२८ | -१.१ |




विगत ५ वर्षको आयात रकम र परिवर्तन प्रतिशत

यस्तै निर्याततर्फको विगत ५ वर्षमा तथ्यांक हेर्दा आ.व. २०७७/७८ मा ४४.४ प्रतिशतले र आ.व. २०७९/८० मा ४१.७ प्रतिशतले वृद्धि भएको देखिन्छ। भने र आ.व. २०७९/८० र २०८०/८१ मा पुन २२.४ प्रतिशतले र ३.० प्रतिशतले गिरावट आएको देखिन्छ।




विगत ५ वर्षको निर्यात रकम र परिवर्तन प्रतिशत

### ३.१.२ आयात भएका प्रमुख वस्तुहरु र गत वर्षको तुलनामा ती वस्तुहरुको आयातमा भएको परिवर्तन

आर्थिक वर्ष २०७९/८० मा प्रमुख रुपमा पेट्रोलियम, कच्चा तेल, फलामजन्य कच्चा पदार्थहरु पैठारी भएको देखिन्छ। आयात भएका प्रमुख १० वस्तुहरु र ती वस्तुहरुको गत वर्षसँगको तुलना तलको स्तम्भत्रिचमा प्रस्तुत गरिएको छः

रकम रु. करोडमा




### ३.१.३ निर्यात भएका प्रमुख वस्तुहरु र गत वर्षको तुलनामा ती वस्तुहरुको निर्यातमा भएको परिवर्तन

आर्थिक वर्ष २०७९/८० मा निर्यात भएको प्रमुख १० वस्तुहरु ती वस्तुहरुको गत वर्षसँग तुलना तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

रकम रु. करोडमा



## ३.२ नेपालका प्रमुख वैदेशिक व्यापार साझेदारहरु

नेपालको वैदेशिक व्यापारको प्रमुख साझेदारहरु हेर्दा आयाततर्फ भारत र चीन रहेको देखिन्छ भने निर्याततर्फ भारत र अमेरिका देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा प्रमुख १० व्यापार साझेदार र नेपालको आयातमा तिनीहरुको हिस्सा तलको तालिकामा प्रस्तुत गरिएको छ :

| देश | आयात रकम रु. करोडमा | देश | निर्यात रकम रु. करोडमा |
|---|---|---|---|
| भारत | ९९६६८ | भारत | १०३१८ |
| चीन | २९८७७ | संयुक्त राज्य अमेरिका | १७३१ |
| संयुक्त अरब इमिरेट्स | २९०९ | जर्मनी | ४४५ |
| संयुक्त राज्य अमेरिका | १९४८ | बेलायत | ३०८ |
| युक्रेन | १८८९ | चीन | २५९ |
| मलेसिया | १७९२ | संयुक्त अरब इमिरेट्स | २५८ |
| अस्ट्रेलिया | १५४० | फ्रान्स | २०५ |
| फ्रान्स | १३७८ | अस्ट्रेलिया | १८२ |
| अर्जेन्टिना | १२३८ | जापान | १५९ |
| साउदी अरब | ११४९ | इटाली | १३६ |
| अन्य | १५९११ | अन्य | १२३६ |
| जम्मा | १५९२९९ | जम्मा | १५२३८ |

नेपालको आयात तथा निर्यातमा प्रमुख साझेदार रहेका देशहरुको साझेदारी हिस्सा तलको चित्रमा प्रस्तुत गरिएको छ।



## ३.३ विगत पाँच वर्षको राजस्व सङ्कलनको अवस्था

विगत ५ वर्षको राजस्व सङ्कलनको तथ्यांक हेर्दा आर्थिक वर्ष २०७६/७७ भने लक्ष्यको तुलनामा निकै कम राजस्व संकलन भएको देखिन्छ। कार्यालयगत रुपमा विगत ५ वर्षको भन्सार कार्यालयहरुको राजस्व लक्ष्य र सङ्कलनको विवरण **अनुसूची ७ मा** प्रस्तुत गरिएको छ। कुल लक्ष्य, सङ्कलित राजस्व र उपलब्धि प्रतिशत तलको चित्रमा प्रस्तुत गरिएको छः



| आ.व. | कुल भन्सार राजस्व(हजारमा) | परिवर्तन प्रतिशत |
|---|---|---|
| २०७६/७७ | ३०५,३७३,०५९ | |
| २०७७/७८ | ४४३,२६७,३४२ | ४५.२ |
| २०७८/७९ | ५०६,४२१,००७ | १४.२ |
| २०७९/८० | ३९०,७०३,५७४ | -२२.९ |
| २०८०/८१ | ४२४,२३९,५२२ | ८.६ |



विगत ५ वर्षको भन्सार राजस्व र परिवर्तन प्रतिशत

## ३.४ कार्यालयगत राजस्व सङ्कलनको अवस्था

भन्सार विभागले आ.व. २०८०/८१ मा राजस्व लक्ष्य हासिल गर्न योगदान गर्ने कार्यालयहरु र कुल राजस्व संकलनमा कार्यालयको हिस्सा तलको चित्रमा प्रस्तुत गरिएको छः




चार्ट ५: सङ्कलित राजस्वमा कार्यालयगत हिस्सा

## ३.५ शीर्षक अनुसार राजस्व सङ्कलनको तुलनात्मक अवस्थाः

भन्सारले संकलन गर्ने राजस्वमा प्रमुखतः भन्सार महशुल, मू.अ.कर तथा अन्तःशुल्को हिस्सा रहने गर्दछ। राजस्व शीर्षक अनुसारको राजस्व सङ्कलनको अवस्था चित्रमा प्रस्तुत गरिएको छ :

रकम रु. करोडमा

**शीर्षक अनुसार संकलित राजस्वको विवरण**



| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| भन्सार महशुल | १४,०१३ | २०,२९७ | २२,४१५ | १७,३५० | १८,९९४ |
| मू.अ. कर | १२,९४८ | १७,०६३ | २०,७५४ | १७,३०६ | १८,४५५ |
| अन्तःशुल्क | ३,५७७ | ५,२५८ | ५,७३५ | ३,२३३ | ३,७१४ |

* नोटः सडक मर्मत तथा सुधार र सडक निर्माण तथा सम्भार दस्तुर समावेस गरिएको छैन।

## ३.६ भन्सार महसुल दर अनुसार राजस्व सङ्कलनको अवस्था

भन्सारमा विभिन्न वस्तुहरुको फरक फरक भन्सार दर तोकिएको हुन्छ। सो भन्सार दरबन्दी अनुसार आयात भन्सार महसुल सङ्कलनको आँकडा तलको तालिकामा प्रस्तुत गरिएको छ।

रकम रु करोडमा

| आ.व. | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भन्सार दर | राजस्व | मूल्य | राजस्व | मूल्य | राजस्व | मूल्य | राजस्व | मूल्य | राजस्व | मूल्य |
| ० | ० | ८३४० | ० | ११५४५ | ० | १५०८८ | ० | ९८४२ | ० | ११०४६ |
| ५ | १०५६ | २५४१९ | १६०६ | ३८६२३ | १६७२ | ४४५४४ | १२६७ | ३६९११ | १२३७ | ३८१०९ |
| १० | १३४० | २९७१७ | १७६३ | ३८४४५ | २१९३ | ४६७४२ | १५८८ | ३७०८४ | १८५१ | ३३९२७ |
| १५ | २०९० | १९९५८ | २१०५ | १९९०२ | २३९१ | २२७६४ | २०९० | २०८१५ | २९२६ | २६९२४ |
| २० | १३३१ | ८०९३ | १७९८ | १०७२० | २०१५ | ११९७१ | १४६३ | ९१०८ | १७२७ | १०५३७ |
| ३० | २१६८ | ८०७९ | २९८२ | ११०६२ | २९७९ | ११३३२ | २०२१ | ९५२८ | २४७३ | १०१७७ |
| ४० | ४८३ | १३७२ | ७७९ | २१४० | ७७५ | २१११ | ११५१ | ३१५३ | ११२१ | २९१३ |
| ८० | ७१० | ११८१ | ११६५ | २०३३ | १२९९ | १९३३ | ३२१ | ८७९ | ४२६ | ७९९ |
| अन्य | २२८५ | १७५२२ | ४४७५ | १९५१५ | ५१२८ | ३५५६१ | ४१३२ | ३३८५३ | ३८४९ | २४८६८ |
| जम्मा | ११४६३ | ११९६८० | १६६७३ | १५३९८४ | १८४५१ | १९२०४५ | १४०३२ | १६११७३ | १५६११ | १५९२९९ |

# खण्ड - चार

# भन्सार कार्यालयबाट सम्पादित प्रमुख कार्यहरु

## ४.१ व्यापार सहजीकरण

भन्सार प्रशासनको प्रमुख कार्य व्यापार सहजीकरण हो। वैध व्यापारलाई प्रवर्द्धन गर्न भन्सार प्रशासनमा केन्द्रीय तथा कार्यालयहरुमा निजी क्षेत्र र सरोकारवाला निकायहरु समेत समावेश भएको व्यापार सहजीकरण समितिको व्यवस्था रहेको छ। स्थानीयस्तरमा व्यावसायिक संघ संस्था, स्थानीय प्रशासन, प्रहरी, भन्सार र भन्सार एजेन्ट समेत रहेको स्थानीय व्यापार सहजीकरण समिति, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा राजस्व चुहावट नियन्त्रण समिति र सीमावर्ती देशका भन्सार प्रमुख रहने गरी सीमावर्ती भन्सार समिति जस्ता संयन्त्र क्रियाशील रहेका छन्। यी समितिहरुले कार्य सञ्चालन तहमा आवश्यक समन्वय गर्ने, कार्य सञ्चालनमा रहेका समस्या पहिचान गर्ने, सेवालाई अझ प्रभावकारी बनाउने र सहज रुपमा व्यापार सञ्चालन गर्न आवश्यक सुझाव दिने र सोको कार्यान्वयन गर्दै आएका छन्। यी संयन्त्रहरु स्थानीयस्तरमा व्यापार सहजीकरण गर्न र राजस्व चुहावट नियन्त्रण गर्नका लागि प्रभावकारी भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा भन्सार कार्यालयहरूमा व्यापार सहजीकरणका लागि भएका बैठकको विवरण देहाय बमोजिम रहेको छः

| सि.नं. | भन्सार कार्यालयको नाम | बैठक संख्या | | | |
|---|---|---|---|---|---|
| | | राजस्व चुहावट नियन्त्रण समिति | व्यापार सहजीकरण समिति | अन्य सरोकारवाला निकाय | सीमावर्ती भन्सारसँग |
| १ | पशुपतिनगर | १० | १ | ० | ० |
| २ | मेची | १२ | ८ | ० | ६ |
| ३ | भद्रपुर | १२ | ० | ० | २ |
| ४ | विराटनगर | ८ | ६ | १० | ६ |
| ५ | सुनसरी | ४ | ५ | ० | ० |
| ६ | राजविराज | १२ | १५ | ० | २ |
| ७ | सिराहा | १२ | ० | ० | ० |
| ८ | ठाँडी | ० | ० | ० | ० |
| ९ | जनकपुर | १२ | ६ | ० | ४ |
| १० | जलेश्वर | १० | ६ | ० | २ |
| ११ | सर्लाही | ८ | ० | ० | ० |
| १२ | गौर | ७ | ० | ० | २ |
| १३ | वीरगञ्ज | १० | ८ | ० | १ |
| १४ | सुक्खा बन्दरगाह | १२ | ४ | ० | ० |
| १५ | महेशपुर | ८ | १ | ० | १ |

| सि.नं. | भन्सार कार्यालयको नाम | बैठक संख्या | | | |
|---|---|---|---|---|---|
| | | राजस्व चुहावट नियन्त्रण समिति | व्यापार सहजीकरण समिति | अन्य सरोकारवाला निकाय | सीमावर्ती भन्सारसँग |
| १६ | भैरहवा | ६ | ६ | ८ | २ |
| १७ | कृष्णनगर | १२ | ८ | ० | ५ |
| १८ | सुठौली | १२ | ५ | ० | २ |
| १९ | कोइलाबास | ६ | ४ | ४ | २ |
| २० | नेपालगञ्ज | १२ | ९ | ० | ४ |
| २१ | राजापुर | ६ | ४ | ० | ० |
| २२ | सती | ५ | २ | ० | ४ |
| २३ | कैलाली | ५ | ६ | ० | १ |
| २४ | कञ्चनपुर | १० | ४ | ० | ० |
| २५ | महाकाली | - | - | - | - |
| २६ | तातोपानी | १३ | ११ | ४ | ६ |
| ३७ | रसुवा | ७ | ९ | ० | ० |
| २८ | त्रि.वि.स्थल | ० | ३ | ५ | ० |
| २९ | दार्चुला | १० | ० | ० | ० |
| ३० | भन्सार जाँचपास परीक्षण | ० | ० | ० | ० |
| ३१ | चोभार सुक्खा बन्दरगाह | ६ | ६ | ० | ० |
| ३२ | मुस्ताङ | १ | १ | १ | १ |
| ३३ | त्रिवेणी | ५ | १२ | २ | २ |
| ३४ | गौतमवुद्ध | ० | ० | ० | ० |
| **जम्मा** | | **२५३** | **१५०** | **३४** | **५५** |

## ४.२ कानूनको परिपालना

भन्सार कानूनको परिपालनाले भन्सार जाँचपास कार्यलाई सहज बनाउँदै वैध व्यापारलाई सहजीकरण गर्छ। भन्सार प्रशासनले भन्सार सम्बन्धित ऐन, नियम तथा अन्य कानूनहरु समेतको परिपालन गर्ने गराउने कार्य गर्दछ। भन्सार कानूनको परिपालनाको माध्यमबाट भन्सार प्रशासनले सहजीकरण तथा नियन्त्रण दुबै किसिमको कार्यहरु गर्ने गरेको छ। यद्यपी अवैध व्यापार नियन्त्रण र वर्गीकरण एवम् मूल्याङ्कन सुधार गर्ने काममा भन्सार प्रशासनको प्रयास बढी केन्द्रित रहेको छ।

भन्सार ऐन, २०६४ ले भन्सारमा घोषणा हुने मालवस्तुको सम्बन्धमा व्यवसायीहरुले स्व-घोषणा गर्ने प्रावधानको व्यवस्था गरि व्यावसायीद्वारा नै कानूनको पूर्ण परिपालनाको सुनिश्चितता कायम गरिएको छ। स्वयम् घोषणामा फरक पाइएमा भन्सार ऐन, २०६४ मा दण्ड जरिवानाको समेत व्यवस्था गरिएको छ।

मालवस्तुको यथार्थ कारोबार मूल्य घोषणा नगरेमा भन्सार ऐनको दफा १३ बमोजिम जरिवाना हुने तथा वस्तुको गलत घोषणा गरेमा दफा ५७ बमोजिम कारबाही हुने व्यवस्था रहेको छ। यस्तो कारबाही गर्ने प्रावधानले कानूनको परिपालनामा सघाउन पुगेको देखिएको छ। आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिम कारवाही भएको देखिन्छः

| क्र.सं. | कार्यालय | यथार्थ कारोबार मूल्य घोषणा नभएको | | वस्तुको घोषणा गलत भएको | | मालवस्तुको ब्रान्ड, मोडल र साइज स्पष्ट घोषणा नभएको | |
|---|---|---|---|---|---|---|---|
| | | कारबाही गरेको प्रज्ञापनपत्र संख्या | असुली भएको थप राजस्व (रु.) | कारबाही गरेको प्रज्ञापनपत्र संख्या | असुली भएको थप राजस्व (रु.) | कारबाही गरेको प्रज्ञापनपत्र संख्या | असुली भएको थप राजस्व (रु.) |
| १ | भद्रपुर | १२२ | १७७९५४९ | १० | १६८३२० | ३ | ७७३७ |
| २ | भैरहवा | १४६०४ | ८२३१९४४३४ | ६८ | ४९३५५७९ | ३३५ | ३६४८९३० |
| ३ | वीरगञ्ज | १०२६४ | ७०१४२३११५ | ११८ | ४८५८६४३ | २०० | १४८६२७८ |
| ४ | विराटनगर | ३९०८ | २०८८९७३२३ | ७८ | ३४७८४२९ | ६९ | ८६११७० |
| ५ | चोभार | ३ | ३२४७२० | ० | ० | ० | ० |
| ६ | सुक्खा बन्दरगाह | १२१४ | २९५३६९४०८ | ३५ | ४३६२६१५ | २६ | ११७७७८८ |
| ७ | गौर | ५३ | १०४९००२ | १ | ४००३८ | ६ | ६०००० |
| ८ | जलेश्वर | ३२६ | १५२२१६९८ | २ | ३६८८ | ० | ० |
| ९ | जनकपुर | ६० | १४३२९७४ | ७ | १३२८७ | ० | ० |
| १० | कैलाली | ९५३ | ५२८५९८९३ | ७ | २८७९०५ | ३ | ९२०४० |
| ११ | कञ्चनपुर | २३७ | ३८२२०१२ | १ | ४८०५ | ० | ० |
| १२ | कृष्णनगर | २००१ | १११६०६१३७ | ४ | १४५५४८० | १५ | ३१००९७ |
| १३ | मेची | ३६९ | ४११८९३९२ | ६१ | ४६०४०३९ | ३५ | ५९२१०८ |
| १४ | महेशपुर | ३१६ | ६८१३६४७ | ० | ० | १ | २४३४ |
| १५ | नेपालगञ्ज | २२१७ | १६६१५०१४१ | ९ | ४५७८९० | ४ | ११५७९ |
| १६ | राजविराज | १३९ | १०६६३३७ | २ | ३०७१२ | ७ | ३२७७४ |
| १७ | रसुवा | २८९० | २४९३९३१०० | १५८ | १११४२९३१ | ६६३ | ७५३०९२३ |
| १८ | सर्लाही | ११२ | ३६६४८६२ | ५ | १२६०४० | ० | ० |
| १९ | सती | ७२५ | ६४०८५०६ | १७ | १२४०२६ | ३० | ५०७०० |
| २० | सिराहा | १५१ | १२६७४२४ | २ | ५२४४३ | ० | ० |
| २१ | सुठौली | ३८२ | १८१२९२५१ | ० | ० | ० | ० |
| २२ | सुनसरी | ३५६ | १०१६७११४ | ० | ० | ० | ० |
| २३ | तातोपानी | ९५६ | ९९८६५९९३ | ११९ | २१८८८०९६ | ८२ | १६३७५२४ |
| २४ | ठाँडी | २२ | ५३५३४५ | ० | ० | ० | ० |
| २५ | त्रि.वि. स्थल | ४०७७ | ३०४७६२५०१ | १६८ | ९५६९१७३ | ३१८ | २९५२३८८ |
| जम्मा | | ४६४५७ | ३१२६३९३८७८ | ८७२ | ६७६०४१३९ | १७९७ | २०४५४४७० |

## ४.३ राजस्व सङ्कलन

सरकारको वार्षिक अनुमानित खर्च व्यहोर्ने प्रमुख स्रोत राजस्व हो। राज्य सञ्चालनको लागि आवश्यक राजस्वको अंश मध्ये भन्सारबाट असुल हुने राजस्व महत्वपूर्ण रहेको छ। हरेक वर्षको आय व्ययको विवरण (बजेट) मा राजस्वको श्रोत मध्ये करिब आधा भाग भन्सारबाट असुल हुने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, कृषि सुधार शुल्क, भन्सार दस्तुर तथा भन्सारको अन्य आयबाट प्राप्त हुने गर्दछ। राजस्व नीतिमा हुने परिवर्तन र राजस्व असुलीको अनुमानित वार्षिक लक्ष्यमा हुने परिवर्तनको कारण यसको अंश हरेक वर्ष परिवर्तनशील हुने गरेको छ।

आ.व.२०८०/८१ को तथ्याङ्क अनुसार कुल राजस्वको करिब ४५.४७ प्रतिशत भन्सारबाट प्राप्त राजस्वको अंश छ भने कर राजस्वतर्फको असुली करिब ५१.८० प्रतिशत रहेको छ।

## ४.४ आन्तरिक नियन्त्रण एवम् सहजीकरण

भन्सार कार्यालयले मालवस्तु जाँचपास गर्दा हुने विभिन्न किसिमका त्रुटिहरू समयमै पत्ता लगाइ तत्कालै सुधार गर्न आन्तरिक नियन्त्रणका कार्यहरू गर्दै आएको छ। आन्तरिक लेखा परीक्षण, छड्के जाँच तथा स्थानीय अनलाइन मोनिटरिङ (LAN) बाट नियमित रूपमा नियन्त्रणका कार्यहरू हुँदै आएका छन्।

भन्सार कार्यालयले सम्भव भएसम्म मालवस्तु जाँचपास गरी पठाएका सम्पूर्ण प्रज्ञापनपत्रहरुको जाँचपासको क्रममा मालवस्तुको दरबन्दी सही लगाए नलगाएको, मूल्याङ्कनको हकमा कारोबार मूल्यभन्दा घटी भए-नभएको, लिनुपर्ने सम्पूर्ण शुल्क तथा महसुल लिए-नलिएको यकिन गरी छुट भएको वा नलिएको महसुल समयमै असुलउपर गर्न प्रत्येक भन्सारहरुमा आन्तरिक लेखापरीक्षण शाखा खडा गरी छुट महसुल असुल गर्ने गरिएको छ।

त्यस्तै भन्सारको बाटो भई ओहोरदोहोर गर्ने यात्रीहरुलाई सुविधा दिन र कार्यमा शीघ्रता ल्याउन निजहरुले लिई आउने रु. एकहजार मूल्य वा सो बराबरका मूल्यका मालवस्तुलाई र यात्रुहरुले आफूसँगै ल्याउन पाइने मालवस्तुको सम्बन्धमा समेत भन्सार नियमावलीको नियम ६०क. बमोजिम संक्षिप्त प्रज्ञापनपत्र भरी समदरमा महसुल लगाई ल्याउन पाइने गरी कार्यमा सरलीकरण गरिएको छ। आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन आ.व. २०८०/८१ मा प्रज्ञापनपत्रको आन्तरिक जाँच, छड्के जाँच र संक्षिप्त प्रज्ञापनपत्रको विवरण यस प्रकार रहेको छः

रकम रु.हजारमा

| क्र.सं. | कार्यालयको नाम | आ.ले.प.बाट भएको प्रगति (प्रणाली अनुसार) | | छड्के जाँच | | यात्रु जाँचपास | |
|---|---|---|---|---|---|---|---|
| | | कैफियत देखिएको प्रज्ञापनपत्र संख्या | थप राजस्व असुली | प्रज्ञापनपत्र संख्या | थप राजस्व असुली | प्रज्ञापनपत्र संख्या | राजस्व असुली |
| १ | पशुपतिनगर | ० | ० | ० | ० | ६१७ | १४८९ |
| २ | मेची | | १६४२ | ६० | १०१६ | २१०६४ | १०३८८३ |
| ३ | भद्रपुर | ० | ० | ० | ० | | १५६४९ |
| ४ | विराटनगर | ४५ | २१८८२ | १२३ | २३३२ | ७२४४६ | ७८८४८ |
| ५ | सुनसरी | ० | ० | ० | ० | ३८६ | १४१५ |
| ६ | राजविराज | ७ | १४४ | ७ | १४४ | ३६५२ | १७०० |
| ७ | सिराहा | ० | ० | ० | ० | १३१७२ | १०८६० |
| ८ | ठाँडी | ० | ० | ० | ० | ० | ० |
| ९ | जनकपुर | ० | ० | ० | ० | ० | ० |
| १० | जलेश्वर | ० | ० | ६ | ० | २१६० | ७०९८३ |
| ११ | सर्लाही | ० | ० | १४ | ० | ४०१ | १०११ |
| १२ | गौर | ० | ३८६ | ० | ९७ | ४४९०२ | ३५०६७ |
| १३ | वीरगञ्ज | ५४ | ११२९५ | ७७ | ९४१६ | १११५६२ | २८८८५ |
| १४ | सुक्खा बन्दरगाह | ५२ | १७९५९ | १३ | ७३५४ | ० | ० |
| १५ | महेशपुर | ० | ० | ० | ० | २५७७ | ६११५ |
| १६ | गौतमबुद्ध विमानस्थल | ० | ० | ० | ० | ० | ० |
| १७ | त्रिवेणी | ० | ० | ० | ० | १९३७२ | १३३२५ |
| १८ | भैरहवा | ६१ | २०६०० | ३५ | २७६ | १५७९४२ | ७७८०० |
| १९ | कृष्णनगर | ० | ० | ३२ | ० | १३४१५ | ४८३२३८ |
| २० | सुठौली | ० | ० | ० | ० | ६९१ | १९२८ |
| २१ | कोईलाबास | ० | ० | ० | ० | ० | ० |
| २२ | नेपालगञ्ज | २० | १५४८ | ५१ | १३५१ | १०७०११ | ५३५७५ |
| २३ | राजापुर | ० | ० | ० | ० | २१०९ | २७२० |
| २४ | सती | ० | ० | ० | ० | ९२६५ | ५००९ |
| २५ | कैलाली | ७ | ७३३ | ३८ | ३४८२ | २८६४ | ४२७५ |

रकम रु.हजारमा

| क्र.सं. | कार्यालयको नाम | आ.ले.प.बाट भएको प्रगति (प्रणाली अनुसार) | | छड्के जाँच | | यात्रु जाँचपास | |
|---|---|---|---|---|---|---|---|
| | | कैफियत देखिएको प्रज्ञापनपत्र संख्या | थप राजस्व असुली | प्रज्ञापनपत्र संख्या | थप राजस्व असुली | प्रज्ञापनपत्र संख्या | राजस्व असुली |
| २६ | कञ्चनपुर | ० | ० | ० | ० | २९८४१ | ४०९५३ |
| २७ | महाकाली | ० | ० | ० | ० | ० | ० |
| २८ | दार्चुला | ० | ० | ० | ० | ० | ० |
| २९ | तातोपानी | ८५ | ७४०० | ३६ | १४० | २४९३ | ११० |
| ३० | रसुवा | ३८ | ९६६४ | ५ | ७६० | ४३२ | ३६४१ |
| ३१ | त्रि. वि. भन्सार | ३ | १५९ | २९ | २३६८ | २६५६७ | ५५३४७०४ |
| ३२. | चोभार सुक्खा | ० | २८ | १२ | ० | ० | ० |
| ३३ | मुस्ताङ | ० | ० | ० | ० | २८१ | ६९० |
| | जम्मा | ३७२ | ९३४४० | ५३८ | २८७३६ | ६४५२२२ | ६५७७८७३ |

## ४.५ कर्मचारी बैठक

सङ्गठनमा कार्यरत जनशक्तिलाई नियमित उत्प्रेरित बनाउनु, मनोवल बढाउनु, कार्यबोझ र कार्य विभाजन मिलाउनु एवम् गुनासो व्यवस्थापन गर्नु कर्मचारी व्यवस्थापनका महत्वपूर्ण विषयहरु हुन्। यसका लागि सुपरवेक्षक मार्फत गुनासो सुन्ने र कार्यालयमा नियमित कर्मचारी बैठक हुँदै आएका छन्। भन्सारमा आरुसा घोषणापत्रको भावना अनुकुल र निजामती कर्मचारीको आचरण अनुरुप कार्य व्यवस्थापन गर्ने कार्यसंस्कृति प्रारम्भ गरी सदाचार संस्कृतिलाई प्रवर्द्धन गरिएको छ। भन्सार कार्यालयहरुमा आ.व. २०८०/८१ मा भएका कर्मचारीको बैठकको विवरण देहाय बमोजिम रहेको छ।

| सि.न. | भन्सार कार्यालयको नाम | कर्मचारी बैठक संख्या |
|---|---|---|
| १ | पशुपतिनगर | ९ |
| २ | मेची | १२ |
| ३ | भद्रपुर | ९ |
| ४ | विराटनगर | १३ |
| ५ | सुनसरी | ६ |
| ६ | राजविराज | १२ |
| ७ | सिराहा | २ |
| ८ | ठाँडी | ० |
| ९ | जनकपुर | १२ |
| १० | जलेश्वर | १० |
| ११ | सर्लाही | १२ |
| १२ | गौर | १२ |
| १३ | वीरगञ्ज | १६ |
| १४ | सुक्खा बन्दरगाह | १२ |
| २९ | महाकाली | - |
| ३१ | दार्चुला | ६ |

| सि.न. | भन्सार कार्यालयको नाम | कर्मचारी बैठक संख्या |
|---|---|---|
| १५ | महेशपुर | २ |
| १६ | भैरहवा | १२ |
| १७ | कृष्णनगर | १२ |
| १८ | सुठौली | १२ |
| १९ | कोइलाबास | १२ |
| २० | नेपालगञ्ज | ६ |
| २१ | राजापुर | १२ |
| २२ | सती | ४ |
| २३ | कैलाली | १२ |
| २४ | कञ्चनपुर | ८ |
| २५ | तातोपानी | १२ |
| २६ | रसुवा | १२ |
| २७ | त्रि.बि.स्थल | ५ |
| २८ | त्रिवेणी | १० |
| ३० | चोभार सुक्खा बन्दरगाह | १२ |
| ३१ | गौतम बुद्ध विमानस्थल | १२ |

## ४.६ मुद्दा व्यवस्थापन

भन्सार प्रशासनद्वारा सम्पादन गरिने प्रमुख कार्यहरूमध्येको एउटा काम मुद्दाको व्यवस्थापन हो। भन्सार प्रशासनले मुलतः चोरी निकासी वा चोरी पैठारी अभियोगमा पक्राउ परी दाखिला भएका मुद्दाको अनुसन्धान/तहकिकात गर्ने, मुद्दाको अन्तिम कारवाही किनारा गर्ने एवं जफत भएका मुद्दाका मालवस्तु लिलाम बिक्री गर्ने वा हस्तान्तरण गर्ने वा उपयोग गर्न नमिल्ने भएमा नष्ट गर्ने काम गर्दछ। यसैगरी कानुनले तोकेको प्रकृया बमोजिम निर्णय र लिलाम भइसकेका मुद्दाको मालवस्तुको लिलाम मूल्यबाट तोकिए बमोजिम सुराक दिने सुराकी र/वा चोरी निकासी वा पैठारी अभियोगमा पक्राउ गरी दाखिला गर्ने प्रतिवेदकहरुलाई पुरस्कार दिई बाँकी रकम सदरस्याहा गर्ने कानुनी व्यवस्था छ।

नेपालको करिब १७७० किलोमीटर भारततर्फ खुला सीमा रहेको साथै ती खुला सीमा क्षेत्रमा भन्सार कार्यालय नभएको स्थानमा समेत नेपाल-भारत आवत-जावत गर्ने धेरै बाटाहरु रहेका छन्। त्यस्ता खुला सीमा क्षेत्रबाट हुने चोरी निकासी वा चोरी पैठारी नियन्त्रण गर्न भन्सार

कार्यालय आफ्नै पहलमा वा नेपाल प्रहरीका विभिन्न निकायबाट वा सशस्त्र प्रहरीका विभिन्न निकायहरुले गस्ती गरी भन्सारको प्रकृया पूरा नगरी कुनै मालवस्तु विदेशबाट नेपालतर्फ ल्याएको वा ल्याउदै गरेको वा नेपालबाट विदेशी मुलुकमा लैजान लागेको पाइएमा पक्राउ गरी नजिकको भन्सार कार्यालयमा प्रतिवेदन सहित मालवस्तु दाखिला गर्ने गर्दछन्।यसरी भन्सार कार्यालयमा दाखिला भएको प्रतिवेदन मुद्दाको रुपमा दर्ता भई शुरु कारवाही प्रारम्भ गरिन्छ। यस्ता मुद्दाको शुरु कारवाही र किनारा सम्बन्धित भन्सार कार्यालयले गर्ने कानुनी व्यवस्था रहेको छ। तर यदि यस्ता मुद्दाको मालवस्तुको प्रतिवेदन मुल्य एक करोड रुपैंयाभन्दा बढी भएमा त्यस्ता मुद्दा हेर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतको हुने व्यवस्था छ।

आर्थिक वर्ष २०८०।८१ को लागि चोरी निकासी वा चोरी पैठारीसँग सम्बन्धित अघिल्लो आर्थिक वर्ष २०७९।८० बाट कुल १ अर्ब २२ करोड ९१ लाख ३५ हजार प्रतिवेदन मूल्य बराबरका जम्मा २ हजार ९ सय ३६ थान मुद्दा जिम्मेवारी सरी आएका छन्। यसैगरी आ.व. २०८०।८१ मा कुल ३ अर्ब ७१ करोड ३२ लाख ९७ हजार प्रतिवेदन मूल्य बराबरका जम्मा १८ हजार ७ सय ७२ थान मुद्दा दर्ता भएका छन्।यसरी आ.व. २०८०।८१ को लागि कुल ४ अर्ब ९४ करोड २४ लाख ३२ हजार प्रतिवेदन मूल्य बराबरका जम्मा २१ हजार ७ सय ८ थान मुद्दा रहेको देखिन्छ। जिम्मेवारी सरी आएकामध्ये कुल २७ करोड ९८ लाख ८८ हजार प्रतिवेदन मूल्य बराबरका जम्मा १ हजार ३ सय ७० थान र चालु आ.व.मा दर्ता भएकामध्ये कुल १ अर्ब ६१ करोड ९० लाख ३० हजार गरी जम्मा १ अर्ब ८९ करोड ८९ लाख १८ हजार प्रतिवेदन मूल्य बराबरका जम्मा १७ हजार ८ सय ७४ थान मुद्दा फर्छ्योट (८२.३४%) भएको छ। यसैगरी कुल १५ हजार ५ सय ९१ थान मुद्दाको मालवस्तु लिलाम भई सोबाट जम्मा रु. ५४ करोड ३५ लाख लिलाम मूल्य प्राप्त भएको छ।आ.व. २०८०/८१ को कार्यलयगत मुद्दाको अवस्था सम्बन्धी विस्तृत विवरण अनुसूची ८ मा रहेको छ।

आ.व. २०८०/०८१ को मुद्दा दर्ता, निर्णय एवं लिलामको सारांश विवरण

*रकम रु.हजारमा*

| सि. नं. | विवरण | भन्सार कर्मचारी गस्तीबाट | | सशस्त्र प्रहरीका विभिन्न निकायबाट | | नेपाल प्रहरीका बिभिन्न निकायबाट | | कूल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मुद्दा संख्या | प्रतिवेदन मुल्य | मुद्दा संख्या | प्रतिवेदन मुल्य | मुद्दा संख्या | प्रतिवेदन मुल्य | मुद्दा संख्या | रकम |
| १ | आ.व. २०७९।८० बाट जिम्मेवारी सरी आएका मुद्दा | २५० | ४४४०३२ | १२९१ | १६८८६४ | १३९५ | ६१६२३९ | २९३६ | १२२९१३५ |
| २ | जिम्मेवारी सरी आएकामध्ये चालु आ.व.मा निर्णय भएका मुद्दा | ७० | ३१५७२ | ६५१ | ६३३६८ | ६४९ | १८४९४८ | १३७० | २७९८८८ |
| ३ | चालु आ.व.मा दर्ता भएका मुद्दा | ८२१ | १६१७०१५ | १२१९० | ८६६५३५ | ५७६१ | १२२९७४७ | १८७७२ | ३७१३२९७ |
| ४ | चालु आ.व.मा दर्ता भएकामध्ये निर्णय भएका मुद्दा | ६८१ | १२७०४८ | १०८५४ | ७४६२०२ | ४९७० | ७४५७८० | १६५०४ | १६१९०३० |
| **५** | **दर्ता भएका जम्मा मुद्दा** | **१०७१** | **२०६१०४७** | **१३४८१** | **१०३५३९९** | **७१५६** | **१८४५९८६** | **२१७०८** | **४९४२४३२** |
| **६** | **निर्णय भएका जम्मा मुद्दा** | **७५१** | **१५८६२०** | **११५०५** | **८०९५७०** | **५६१९** | **९३०७२८** | **१७८७४** | **१८९८९१८** |
| **७** | **लिलाम भएका मुद्दा र लिलाम मूल्य** | **६१०** | **८६८३१** | **९८०१** | **२४५३००** | **५१८०** | **२१०९७२** | **१५५९१** | **५४३५००** |

माथिको तालिका अनुसार कुल दर्ता भएका मुद्दामध्ये संख्याको आधारमा सबैभन्दा बढी सशस्त्र प्रहरी बल नेपालबाट १३ हजार ४ सय ८१ थान (६२.१०%) मुद्दा दर्ता भएको छ भने सोको प्रतिवेदन मूल्य रु. १ अर्ब ३ करोड ५३ लाख ९९ हजार (२०.९५%) रहेको छ।यसैगरी प्रतिवेदन मूल्यको आधारमा सबैभन्दा बढी भन्सार कर्मचारी गस्तीबाट रु. २ अर्ब ६ करोड १० लाख ४७ हजार प्रतिवेदन मूल्य (४१.७०%) बराबरका जम्मा १ हजार ७१ थान मुद्दा दर्ता भएको छ भने नेपाल प्रहरीका विभिन्न निकायबाट कुल १ अर्ब ८४ करोड ५९ लाख ८६ हजार प्रतिवेदन मूल्य (३७.३५%) बराबरका जम्मा ७ हजार १ सय ५६ थान (३२.९६%) मुद्दा दर्ता भएको देखिन्छ।

| **सदरस्याहा र पुरस्कार विवतरणको सारांश** | | | | |
|---|---|---|---|---|
| सदरस्याहा भएका जम्मा मुद्दा संख्या | सुराकी वापत पुरस्कार भुक्तानी गरेको जम्मा रकम | प्रतिवेदकलाई पुरस्कार भुक्तानी गरेको जम्मा रकम | सुराकी र प्रतिवेदकलाई भुक्तानी गरेको जम्मा पुरस्कार रकम | सदरस्याहा भएको जम्मा रकम |
| ७७२४ | ११२९८ | ४३४०३ | ५४७०१ | ६६३६६० |

माथिको तालिका अनुसार आ.व. २०८०।८१ मा चोरी निकासी वा चोरी पैठारी अभियोगमा जफत एवं लिलाम भएका मुद्दाको मालवस्तु लिलाम भएपछि सो लिलाम मूल्यबाट जम्मा ५ करोड ४७ लाख १ हजार रुपैंया पुरस्कार (सुराकी/प्रतिवेदक) वितरण गरिएको छ भने जम्मा ६६ करोड ३६ लाख ६० हजार रुपैंया सदरस्याहा गरिएको छ।

कार्यालय अनुसार मुद्दा दर्ता, निर्णय एवं लिलाम सम्बन्धी विवरण अनुसूची ८ मा राखिएको छ।

## ४.७ भन्सार जाँचपासपछिको परीक्षण

### ४.७.१ भन्सार जाँचपासपछिको परीक्षणबाट सङ्कलन भएको राजस्वः

आ.व. २०८०/८१ मा भन्सार जाँचपासपछिको परीक्षणबाट देहायअनुसार राजस्व संकलन भएको छः

रकम रु. लाखमा

| क्र. सं. | विवरण | वार्षिक लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | भन्सार महसुल | १६५७ | ७९६ | ४८.०६% |
| २ | मूल्य अभिवृद्धि कर | १४४ | ३८३ | २६६% |
| ३ | अन्तःशुल्क | ११३ | १९४ | १७२% |
| ४ | स्वास्थ्य जोखिम कर | ० | ० | |
| ५ | अन्य | ० | ७४ | |
| जम्मा | | १९१४ | १४४७ | ७५.८६% |

### ४.७.२ भन्सार जाँचपासपछिको परीक्षण संख्याः

| क्र. सं. | परीक्षण प्रकार | संख्या |
|---|---|---|
| १ | Firm Audit | ५९ |
| २ | Product Based Audit | ४७ |
| ३ | Consignment Audit | २७३ |
| जम्मा | | ३७९ |

# खण्ड - पाँच

## भन्सार विभागका अन्य कार्यहरुको विवरण

भन्सार विभागका विभिन्न शाखाहरुबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका कार्य तथा निर्णयहरुलाई तथ्याङ्कगत रुपमा प्रस्तुत गरिएको छ। यसले कामको तथ्याङ्कगत जानकारी हासिल गर्न तथा तुलनात्मक अध्ययन गर्न सहज हुनेछ।

### ५.१ वस्तु वर्गीकरण र पुनरावलोकन सम्बन्धी विगत पाँच वर्षको तुलनात्मक विवरण

| आर्थिक वर्ष | वर्गीकरण तथा पुनरावलोकनका लागि निर्णय भएका मालवस्तुको संख्या | फछ्यौंटको अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्यालयले दावी गरे बमोजिम भएको | पैठारीकर्ताले दावी गरे बमोजिम भएको | अन्य (दुवैले दावी गरेभन्दा फरक भएको) | अन्य निकाय (आ.रा.वि., राजस्व अनुसन्धान विभाग) बाट निर्णयका लागि प्राप्त | |
| २०७६/७७ | १५९ | ३० | ४५ | ७० | १४ | " |
| २०७७/७८ | १०५ | ३० | ३४ | ३८ | ३ | " |
| २०७८/७९ | ६५ | १८ | ३९ | ५ | ३ | " |
| २०७९/८० | १११ | ५१ | ३० | १९ | ११ | " |
| २०८०/८१ | ४८ | २० | १३ | ८ | ५ | पुर्वदिश-२ वटा |

### ५.२ मूल्याङ्कन पुनरावलोकनका लागि प्राप्त भएका वस्तुहरुको विगत पाँच वर्षको तुलनात्मक विवरण

| आर्थिक वर्ष | अघिल्लो आ.व. बाट जिम्मेवारी सरेको निवेदन संख्या | चालु आ.व.मा दर्ता भएका निवेदन संख्या | चालु आ.व.मा फछ्यौंट संख्या | फछ्यौंट हुन बाँकी संख्या |
|---|---|---|---|---|
| २०७६/७७ | ३६९ | ३२७ | ७४ | ६२२ |
| २०७७/७८ | ६२२ | ३७३ | १६० | ८३५ |
| २०७८/७९ | ८३५ | १७ | १३२ | ७२० |
| २०७९/८० | ७२० | १२२ | ४५४ | ३८८ |
| २०८०/८१ | ३८८ | १५७ | २३५ | ३१० |

## ५.३ प्रयोगशाला परीक्षणको विगत पाँच वर्षको तुलनात्मक विवरण

| आ.व. | परीक्षण गरिएका मालवस्तुको संख्या | वस्तु वर्गीकरणका लागि राय दिईएको संख्या | जम्मा |
|---|---|---|---|
| २०७६/७७ | ८१६ | १४८ | ९६४ |
| २०७७/७८ | ९५४ | ६६ | १०२० |
| २०७८/७९ | ९९६ | ९२ | १०८८ |
| २०७९/८० | ५५२ | ८७ | ६३९ |
| २०८०/८१ | ७६६ | १३४ | ९०० |

## ५.४ निकासी पैठारी सङ्केत नम्बरको विगत पाँच वर्षको तुलनात्मक विवरण

| आर्थिक वर्ष | नयाँ दर्ता भएको संख्या | नवीकरण भएको संख्या | स्थगन संख्या | खारेज भएको संख्या | कुल सक्रिय निकासी पैठारी सङ्केत नं |
|---|---|---|---|---|---|
| २०७५/७६ | ७२७९ | १२९६६ | ३५ | ५२२ | २०२४५ |
| २०७६/७७ | ४६०१ | १४४९० | ८५ | ७३३ | १९०९१ |
| २०७७/७८ | ५६४७ | १५४३६ | २५ | ५९६ | २१०८३ |
| २०७८/७९ | ६१४७ | २५५१० | ३८२ | ११६५ | ३१६५७ |
| २०७९/८० | २३८८ | २१८११ | | १४३८ | २४१९९ |
| २०८०/८१ | २७४२ | १९२३० | | १३६७ | २१९७२ |

## ५.५ अनलाईन अनुगमनबाट सङ्कलित थप राजस्वको विवरण*

| क्र.सं. | आर्थिक वर्ष | राजस्व रकम (रु.) |
|---|---|---|
| १ | २०७५/७६ | ५८,७२,६२,३६१।०० |
| २ | २०७६/७७ | ३६,०९,७१,६५६।०० |
| ३ | २०७७/७८ | ४४,५१,४०,६६९।०० |
| ४ | २०७८/७९ | ५४,८०,७९,१३२।०० |
| ५ | २०७९/८० | ६७,७०,५९,५६५।०० |
| ६ | २०८०/८१ | १,२७,९३,००,०००।०० |

## ५.६ आ.व. २०७९/८० र आ. व. २०८०/८१ मा प्रविष्टि भएका प्रज्ञापनपत्रको तुलनात्मक विवरण

(TIV, PEI र PEX बाहेक)

| सि. नं. | भन्सार कार्यालय | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | | प्रज्ञापनपत्र वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| | | निकासी प्रज्ञापनपत्र संख्या | पैठारी प्रज्ञापनपत्र संख्या | जम्मा प्रज्ञापनपत्र संख्या | निकासी प्रज्ञापनपत्र संख्या | पैठारी प्रज्ञापनपत्र को संख्या | जम्मा प्रज्ञापनपत्र संख्या | |
| १ | भद्रपुर | ८ | १२२० | १२२८ | ८ | २७२६ | २७३४ | ५५.०८ |
| २ | भैरहवा | ६७७२ | १२२६४० | १२९४१२ | ११११३ | १२३२०५ | १३४३१८ | ३.६५ |
| ३ | वीरगञ्ज | १५०४३ | १४८४३७ | १६३४८० | १४३१८ | १५०९८३ | १६५३०१ | १.१ |
| ४ | विराटनगर | १३८५७ | ६११९८ | ७५०५५ | १३७३६ | ६१४६३ | ७५१९९ | ०.१९ |
| ५ | चोभार सुक्खा बन्दरगाह | ४ | १४० | १४४ | | २०१ | २०१ | २८.३६ |
| ६ | सुक्खा बन्दरगाह | ८७१ | २२०९२ | २२९६३ | १०५२ | २५४८३ | २६५३५ | १३.४६ |
| ७ | गौर | ११ | २२५५ | २२६६ | १३ | २१०१ | २११४ | -७.१९ |
| ८ | गौतमबुद्ध | २ | ६ | ८ | | | ० | ० |
| ९ | जलेश्वर | ५७२ | ७५०७ | ८०७९ | १३४३ | ७९९४ | ९३३७ | १३.४७ |
| १० | जनकपुर | १ | १९८२ | १९८३ | ६ | २३७० | २३७६ | १६.५४ |
| ११ | कैलाली | २९० | १२१७७ | १२४६७ | २९४ | ११२६६ | ११५६० | -७.८५ |
| १२ | कञ्चनपुर | ५७ | २९५१ | ३००८ | ८३ | ४०२६ | ४१०९ | २६.७९ |
| १३ | कृष्णनगर | १५८७ | १७६७२ | १९२५९ | २८३० | १९५०४ | २२३३४ | १३.७७ |
| १४ | मेची | ९००६ | १७०९७ | २६१०३ | १०४३२ | १६६७२ | २७१०४ | ३.६९ |
| १५ | महेशपुर | २ | १३६० | १३६२ | १ | ८१६ | ८१७ | -६६.७१ |
| १६ | नेपालगञ्ज | १०७४ | २८०१२ | २९०८६ | १०७१ | ३०१८३ | ३१२५४ | ६.९४ |
| १७ | पोखरा | | | ० | | १ | १ | |
| १८ | पशुपतिनगर | | | ० | ५७७ | १९८ | ७७५ | |
| १९ | राजविराज | | ६६३ | ६६३ | | ७३८ | ७३८ | १०.१६ |
| २० | रसुवा | ४८४ | ५५५४ | ६०३८ | ७४९ | १०५९४ | ११३४३ | ४६.७७ |
| २१ | सर्लाही | १५६ | ३१३४ | ३२९० | ६३१ | ३२१६ | ३८४७ | १४.४८ |
| २२ | सती | १२ | १२५२ | १२६४ | ७ | १४६१ | १४६८ | १३.९ |
| २३ | सिराहा | २ | १००० | १००२ | १ | ११९३ | ११९४ | १६.०८ |
| २४ | सुठौली | १८ | ७३६७ | ७३८५ | १३ | ४३८९ | ४४०२ | -६७.७६ |
| २५ | सुनसरी | | ६०४६ | ६०४६ | | ३७१५ | ३७१५ | -६२.७५ |
| २६ | तातोपानी | ७ | ३३०१ | ३३०८ | २१ | १०२७४ | १०२९५ | ६७.८७ |
| २७ | ठाँडी | | ६४० | ६४० | | ३९६ | ३९६ | -६१.६२ |
| २८ | त्रि वि | ३५४६४ | ५०९१४ | ८६३७८ | ३६२५७ | ४९८२१ | ८६०७८ | -०.३५ |
| २९ | त्रिवेणी | | ४ | ४ | | ४ | ४ | ० |
| कूल जम्मा | | ८५३०० | ५२६६२१ | ६११९२१ | ९४५५६ | ५४४९९३ | ६३९५४९ | ४.५१ |

## ५.७ छनौट प्रणाली कार्यान्वयनको अवस्था

| लेन | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्यको आधारमा (%) | राजस्वको आधारमा (%) | प्रज्ञापनपत्र संख्याको आधारमा (%) | मूल्यको आधारमा (%) | राजस्वको आधारमा (%) | प्रज्ञापनपत्र संख्याको आधारमा (%) | मूल्यको आधारमा (%) | राजस्वको आधारमा (%) | प्रज्ञापनपत्र संख्याको आधारमा (%) |
| हरियो | २२ | ३० | १३ | २१ | २६ | ११ | १३ | १९ | ७ |
| पहेंलो | ४९ | ३५ | २९ | ४६ | ३१ | ३० | ४५ | ३२ | २९ |
| रातो | २९ | ३५ | ५७ | ३३ | ४३ | ५९ | ४२ | ४९ | ६४ |

## ५.८ आ.व. २०८०/८१ मा विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको कार्यालयगत अवस्था

| क्र. सं. | कार्यालय | विद्युतीय माध्यमबाट भएको भुक्तानी | | अन्य माध्यमबाट भएको भुक्तानी | | विद्युतीय माध्यमबाट भएको भुक्तानी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | प्रज्ञापनपत्र संख्या | रकम रु. (करोडमा) | प्रज्ञापनपत्र संख्या | रकम रु. (करोडमा) | प्रज्ञापन पत्र संख्या | रकम |
| १ | भद्रपुर | १७६ | ३ | २९,३३८ | २३ | ०.६० | ११.०१ |
| २ | भैरहवा | ६१,०७८ | ५४३२ | २३१,२१० | २६७२ | २०.९० | ६७.०३ |
| ३ | वीरगञ्ज | ७०,०३३ | ४५४८ | २१५,३९४ | ११२२५ | २४.५४ | २८.८३ |
| ४ | विराटनगर | २६,२९६ | १२८८ | १२०,८६९ | १७६३ | १७.८७ | ४२.२१ |
| ५ | चोभार | ९७ | ३२ | १०५ | २८ | ४८.०२ | ५३.६३ |
| ६ | भन्सार विभाग | | ० | ३८२ | २२ | ०.०० | ०.०० |
| ७ | सुक्खा बन्दरगाह | १७,७६४ | २३५० | ८,८३९ | २४२८ | ६६.७७ | ४९.१९ |
| ८ | गौर | १,१६६ | २१ | ४५,८३९ | १३ | २.४८ | ६२.२२ |
| ९ | गौतमवुद्ध विमानस्थल | | ० | १० | ० | ०.०० | ०.०० |
| १० | जलेश्वर | ८,६४८ | १४२ | ८५,३१८ | १८९ | ९.२० | ४२.८४ |
| ११ | जनकपुर | १,८१२ | ३० | ४६,०५४ | ९ | ३.७९ | ७७.७० |
| १२ | कैलाली | ९,१५३ | २६४ | २२,९१६ | ५३३ | २८.५४ | ३३.११ |
| १३ | कञ्चनपुर | ५७५ | १२ | ३३,१४५ | ४७ | १.७१ | २०.३५ |
| १४ | कृष्णनगर | १३,३७७ | ३०७ | ८१,५३२ | १५९ | १४.०९ | ६५.८७ |
| १५ | मेची | १८,०५८ | २६७ | १७६,४०२ | ११६१ | ९.२९ | १८.७१ |
| १६ | महेशपुर | १४२ | ४ | ४०,१०१ | १५ | ०.३५ | १९.६२ |
| १७ | नेपालगञ्ज | २२,६६६ | ६२१ | १६३,८२३ | ११९१ | १२.१५ | ३४.२७ |
| १८ | पशुपतिनगर | | ० | २८,९७५ | ४ | ०.०० | ०.०० |
| १९ | राजविराज | १० | ० | ७४० | ७ | १.३३ | १.९७ |
| २० | रसुवा | १२,३८५ | २०२१ | २४३ | ६ | ९८.०८ | ९९.६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | सर्लाही | २,१७७ | ३९ | ४७,२२१ | १४ | ४.४१ | ७३.९६ |
| २२ | सती | ६४७ | ७ | १०,७५३ | ३ | ५.६८ | ६६.२५ |
| २३ | सिराहा | १३ | १ | ४२,११३ | ११ | ०.०३ | ४.६२ |
| २४ | सुठौली | ३,७४० | ५३ | २८,४६४ | ९ | ११.६१ | ८४.९१ |
| २५ | सुनसरी | २,५१२ | ३४ | ४०,३५२ | १० | ५.८६ | ७६.९९ |
| २६ | तातोपानी | १०,३९४ | १३११ | ६०४ | १९ | ९४.५१ | ९८.६० |
| २७ | ठाँडी | १६ | १ | २८,४५५ | ४ | ०.०६ | १६.६७ |
| २८ | त्रिवि | ९१,४१५ | २१३७ | ४१,१८७ | ८० | ६८.९४ | ९६.४० |
| २९ | त्रिवेणी | | ० | ९,२८७ | २ | ०.०० | ०.०० |
| | जम्मा | ३७४,३५० | २०९२५ | १,५७९,६७१ | २१६४७ | १९.१६ | ४९.१५ |

## ५.९ आशिकुडा प्रणाली तथा मोड्युलहरुको कार्यान्वयनको अवस्था

| S.N. | Customs Office | NECAS | Selectivity | Exit Note | Bank Receipt | Gate Entry | Valuation | Manifest | Deposit | Bank Guarantee | Mobile App | ePayment |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechi | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | Yes | Yes |
| 2 | Dryport | Yes | Yes | Yes | Yes | | Yes | Yes | | Yes | | Yes |
| 3 | Birgunj | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | Yes | Yes |
| 4 | Bhairahawa | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | Yes | Yes |
| 5 | Biratnagar | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | Yes | Yes |
| 6 | Krishnanagar | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | Yes | Yes |
| 7 | TIA | Yes | Yes | Yes | Yes | | Yes | Yes | Yes | Yes | Yes | Yes |
| 8 | Bhadrapur | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 9 | Nepalgunj | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 10 | Kailali | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 11 | Rasuwa | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 12 | Gaur | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 13 | Jaleshwor | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 14 | Suthouli | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 15 | Janakpur | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 16 | Kanchanpur | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 17 | Sarlahi | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 18 | Siraha | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 19 | Sunsari | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 20 | Rajbiraj | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 21 | Maheshpur | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 22 | Sati | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 23 | Thadi | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 24 | Tatopani | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 25 | Chobhar | Yes | Yes | Yes | Yes | Yes | Yes | | | Yes | | Yes |
| 26 | Goutambuddha | Yes | Yes | Yes | Yes | | Yes | | | Yes | | Yes |
| 27 | Koilabas | Yes | | | | | Yes | | | Yes | | |
| 28 | Triveni | Yes | | | | | Yes | | | Yes | | |
| 29 | Pasupatinagar | Yes | | | | | | | | | | |
| ***Total*** | | ***29*** | ***26*** | ***26*** | ***26*** | ***23*** | ***28*** | ***2*** | ***1*** | ***28*** | ***6*** | ***26*** |

## ५.१० नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन पश्चात जारी भएका LPCO को विवरण

| S.N. | Fiscal Year | 2077/78 | 2078/79 | 2079/80 | 2080/81 |
|---|---|---|---|---|---|
| 1 | PQPMC | 2,010 | 122,840 | 113,773 | 97,462 |
| 2 | PMRS | 0 | 304 | 2,285 | 6,159 |
| 3 | DFTQC | 5,815 | 18,786 | 15,584 | 16,041 |
| 4 | DLS | 1,012 | 4,846 | 3,917 | 4,774 |
| 5 | DOCSCP | 0 | 0 | 3,019 | 5,584 |
| 6 | DOTM | 0 | 132 | 233 | 607 |
| 7 | NBSM | 0 | 47 | 457 | 503 |
| 8 | DOI | 0 | 35 | 234 | 112 |
| 9 | FDB | 0 | 0 | 19 | 84 |
| 10 | DOA | 0 | 9,879 | 20,003 | 21,274 |
| 11 | DMG | 0 | 6 | 37 | 33 |
| 12 | FNCCI | 1 | 7,007 | 31,519 | 41,776 |
| 13 | CNI | 1 | 962 | 652 | 892 |
| 14 | NCC | 1 | 143 | 212 | 278 |
| 15 | FHAN | 5 | 1,002 | 909 | 1,065 |
| Total | | 8,845 | 165,989 | 192,853 | 196,644 |

# खण्ड - छ

# समस्या, चुनौती एवम् आगामी कार्यदिशा

## ६.१ प्रमुख समस्या तथा चुनौती

भन्सार मुलुकको सीमापार व्यापारलाई नियमन र व्यवस्थापन गर्ने प्रमुख सरकारी निकाय हो। यसले मूलतः राजस्व संकलन गर्ने, वैध व्यापारलाई सहजीकरण गर्ने र हानिकारक वस्तुहरूको आयात-निर्यातलाई नियन्त्रण गरी समाज र वातावरणको सुरक्षामा योगदान पुऱ्याउने कार्य गर्दछ। तर, आधुनिक परिवेशमा भन्सार प्रशासनले आफ्नो कार्य सम्पादन गर्दा अनेकौं जटिल समस्या तथा चुनौतीहरूको सामना गरिरहेको छ। जसमा चोरी निकासी/पैठारी प्रमुख समस्याको रुपमा रहेको छ। घोषणा गरिएका मालवस्तु र कागजातहरूको वैधता सुनिश्चित गर्नु, जोखिमको पहिचान र व्यवस्थापन गर्नु, मालवस्तुको यथार्थ मूल्याङ्कन तथा वर्गीकरण गर्नु र आयात-निर्यात प्रक्रिया सम्बन्धी कानूनको पूर्ण पालना गर्नु भन्सार प्रशासनमा रहेका प्रमुख चुनौतीहरु हुन्। यसका अलावा, नेपालको भन्सार प्रशासनमा रहेका प्रमुख समस्या तथा चुनौतीहरूलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

- विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता, विश्व भन्सार संगठनको संशोधित क्योटो अभिसन्धी र SAFE Framework जस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा जनाइएको प्रतिबद्धता अनुरुप अन्तर्राष्ट्रिय व्यापार सहजीकरण र नियमन गर्नु चुनौतीपूर्ण रहेको,
- नेपाल र भारतबीच करिब १७७० कि.मि. लामो, अव्यवस्थित र खुला सीमाना रहेकाले चोरी निकासी/पैठारी नियन्त्रणको प्रयास प्रभावकारी हुन नसकेको। अनौपचारिक अर्थतन्त्रको आकार घटाइ औपचारिक अर्थतन्त्रमा रुपान्तरण गर्न कठिनाइ भएको,
- सीमामा कार्यरत निकायहरुः जनपद प्रहरी, सशस्त्र प्रहरी, भन्सार कार्यालय, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग तथा राष्ट्रिय अनुसन्धान विभागको चोरी निकासी/पैठारी नियन्त्रणको सन्दर्भमा सुस्पष्ट एवम् परिभाषित जिम्मेवारी किटान नभएकाले चोरी निकासी/पैठारी नियन्त्रण प्रभावकारी हुन नसकेको,
- सबै किसिमका व्यापारिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याउन नसकिएको,
- पर्याप्त विश्लेषण र प्रभाव मूल्याङ्कन बिना नै भन्सार राजस्वमा छुट सुविधाको सूची बढ्दै जाँदा राजस्व सङ्कलनमा नकारात्मक प्रभाव परेको,
- भन्सार कार्यालयहरुमा अन्तर्राष्ट्रिय स्तरको व्यवस्थित यात्रु कक्ष/यात्रु मार्ग, यार्ड तथा गोदाम, पर्याप्त कार्यालय कार्यकक्ष, क्वारेन्टाइन, कर्मचारी आवास लगायतका पूर्वाधारहरुको कमी रहेको,
- भन्सार प्रशासनले सम्पादन गरेका नयाँ तथा रचनात्मक कार्यहरुको प्रचार हुन नसकेको,

- पैठारी हुने मालवस्तुको सही घोषणा र यथार्थ मूल्याङ्कन नहुने प्रवृत्ति कायमै रहेको,
- निकासी पैठारीकर्ताले यथार्थ कारोवार मूल्य घोषणा नगरेका कारण त्यसको अपजस भन्सार प्रशासनले बहन गर्नु परेको सन्दर्भमा मालवस्तुको घोषणालाई यथार्थपरक बनाउनु चुनौतीपूर्ण देखिएको,
- भन्सार जाँचपासमा रहेको जोखिम न्यूनीकरणका लागि भन्सार कार्यालयहरुमा NIIE-Non-Intrusive Inspection Equipment (X-ray, Vehicle Scanner etc.) को प्रयोगलाई बढाउन नसकिएको,
- भन्सार प्रशासनमा प्रयोगमा ल्याईएका ASYCUDA लगायतका स्वचालित प्रणालीहरुलाई विश्वासिलो र दिगो बनाउनुका साथै Nepal National Single Window र ASYCUDA World बीचको अन्तर आवद्धता, अन्तर निकाय प्रयोग र दिगोपना (जनशक्ति व्यवस्थापन, श्रोत साधनको उपलब्धता) सुनिश्चितता लागि रणनीतिक आधार बनाउनु चुनौतिपूर्ण देखिएको,
- चोभार सुक्खा बन्दरगाह, भैरहवा र पोखरा विमानस्थल भन्सार कार्यालय पूर्ण रुपमा सञ्चालनमा नआएकोले कर्मचारी दरवन्दी व्यवस्थापनमा समस्या देखिएको,
- सरकार तथा भन्सारको उपस्थिति देखाउन व्यवस्थापनको दायरा भन्दा बढी सङ्ख्यामा स्थापित भन्सार कार्यालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने चुनौती रहेको,
- उचित कार्य वातावरण अभाव समेतका कारण भन्सार प्रशासनमा कार्यरत कर्मचारीको उत्प्रेरणा तथा मनोबल कमजोर रहेको।

## ६.२ आगामी कार्यदिशा

विश्व परिवेशमा आएका आर्थिक, सामाजिक, राजनीतिक, पर्यावरणीय एवम् प्राविधिक परिवर्तनले नेपालको भन्सार प्रशासनलाई समय सापेक्ष सुधार र परिवर्तन गरी अझ बढी गतिशील बनाउन प्रेरित गरेका छन्। बाह्य गतिविधि र परिवर्तनलाई आत्मसात गर्दै यस्ता परिवर्तनलाई आन्तरिकीकरण गरी मूलतः व्यापार सहजीकरणको माध्यमद्वारा अन्तर्राष्ट्रिय व्यापारको लागत तथा समय न्यूनीकरण गर्ने, यथार्थ एवम् न्यायोचित राजस्व सङ्कलन गर्ने, अनुपालनको व्यवस्थापन एवम् स्वेच्छिक अनुपालन प्रवर्द्धन गर्ने, स्वचालन प्रणालीको सुदृढीकरण गर्ने, भौतिक पूर्वाधारको समुचित विकास गर्ने र लगानी मैत्री तथा व्यावसायिक वातावरण निर्माणमा सहयोग गर्ने दिशामा नेपालको भन्सार प्रशासनको गन्तव्य केन्द्रीत हुँदै आएको छ। सीमापार व्यापारको समयमा वस्तुको जाँचपासलाई छिटो र सरल बनाउन आधुनिक उपकरण र प्रविधिको प्रयोगलाई सुदृढ गर्दै प्रभावकारी प्रणालीको विकास गर्न सूचना प्रविधिमा आधारित जोखिम व्यवस्थापन प्रणाली, मालवस्तुको डिजिटल ट्र्याकिङ र अन्य नविनतम प्रविधिहरूको प्रयोग अपरिहार्य बनेको छ। प्रस्तुत पृष्ठभूमिमा, माथि उल्लेखित भन्सार प्रशासन सम्वद्ध समस्या तथा चुनौतीहरुलाई सामना गर्न नेपालको भन्सार प्रशासनको आगामी कार्यदिशा देहाय बमोजिम हुनेछः

- विश्व व्यापार संगठन (WTO) को व्यापार सहजीकरण सम्झौता, परिमार्जित क्योटो अभिसन्धिको सामान्य अनुसूचिका प्रावधानहरु एवम् भन्सार सम्बन्धी अन्य असल अन्तर्राष्ट्रिय

अभ्यासहरुलाई आत्मसात गर्ने गरी प्रस्तावित भन्सार विधेयक पारित भए पश्चात नयाँ भन्सार नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ। नयाँ भन्सार ऐन र भन्सार नियमावली अनुकूल हुनेगरी भन्सार कार्यविधि तर्जुमा गरिनेछ।

- छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/७९-२०८२/८३) लाई मार्गदर्शक नीतिका रुपमा अवलम्वन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। यसका लागि विकास गरिएको अनलाईन अनुगमन प्रणालीलाई योजना कार्यान्वयनको माध्यमका रूपमा उपयोग गरिनेछ। भन्सार सुधार योजना अनुरुप वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- आवश्यक कानूनी तथा प्रक्रियागत व्यवस्था गरी Authorized Business Person, Expedited Shipment, Pre-arrival processing, Cross-Border E-Commerce जस्ता भन्सार सुधार, भन्सार सहजीकरण एवम् भन्सार आधुनिकीकरणका आयामको कार्यान्वयन गरिनेछ।
- आशिकुडा प्रणालीवाटै Generated हुने विद्युतीय हस्ताक्षरलाई सबै भन्सार कार्यालयहरुमा विस्तार गरी क्रमशः कार्यान्वयन गरिनेछ।
- सीमा नाकामा आवतजावत गर्ने मानिस तथा सवारी एवं ढुवानीका साधन र मालवस्तु समेतको निगरानी र नियमन गर्न आवश्यक CCTV Camera, Metal Detector, X-ray Machine, Baggage Scanner, Walk Through Gate जस्ता पूर्वाधारको व्यवस्था गरिनेछ।
- Aritificial Intelligence (AI) मा आधारित जोखिम व्यवस्थापन मार्फत भन्सार जाँचपास प्रणालीलाई थप सुदृढ र विस्तार गरिनेछ। Aritificial Intelligence (AI) मा आधारित जोखिम व्यवस्थापन प्रणालीको विकास मार्फत जोखिमका सूचकहरु तयार गरी हरियो मार्ग (Green Lane) तथा पहेंलो मार्ग (Yellow Lane) बाट मालवस्तु जाँचपास हुने दर बढाई रातो मार्ग (Red Lane) लाई क्रमशः कम गर्दै लगिनेछ।
- अन्तर्राष्ट्रिय व्यापारको तथ्याङ्क विश्लेषण, भन्सार महसुल दर तथा राजस्व नीतिमा गरिने परिवर्तनका आधारमा भन्सारको सम्भाव्य राजस्व लक्ष्य प्रस्ताव गरिनेछ। स्वदेशी उद्योगहरुलाई संरक्षण पुग्ने गरी भन्सार महसुल दर परिमार्जन गर्न प्रस्ताव गरिनेछ। एकै प्रकृतिका मालवस्तुको भन्सार दर सम्भव भएसम्म समान कायम हुने गरी समायोजन गर्न प्रस्ताव गरिनेछ। विद्यमान निकासी पैठारी भन्सार महसुल दरको विश्लेषण गरी दरमा पुनरावलोकनका लागि प्रस्ताव गरिनेछ। भन्सार महसुल छुटका प्रावधानहरुलाई क्रमशः हटाई भन्सार दरबन्दीमा नै समायोजन गर्दै जान प्रस्ताव गरिनेछ।
- अन्तर्राष्ट्रिय व्यापार सहजीकरण एवम् विकासका लागि द्विपक्षीय एवम् बहुपक्षीय समन्वय गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ। भारत तथा बङ्गलादेशका भन्सार प्रशासनहरुसँग पारस्परिक भन्सार सहयोग सम्बन्धी सम्झौता गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

- आसिकुडा प्रणालीमा कार्यान्वयनमा ल्याइएको Valuation Control sub-module वाट निर्माण भएको डाटावेसलाई अद्यावधिक एवं प्रयोगयोग्य बनाइनेछ। बढी जोखिम भएका मालवस्तुहरुको अन्तर्राष्ट्रिय मूल्य सूची तयार गरी प्रणालीमै अद्यावधिक गरिनेछ। वस्तुको कारोबार मूल्यलाई यथार्थपरक बनाइनेछ।
- भन्सार जाँचपास परीक्षण कार्यालयको संरचना पुनरावलोकन गरिनेछ। परीक्षणमा आधारित नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि जोखिमका सूचकको विकास गरी सूचकका आधारमा जाँचपासपछिको परीक्षण छनौट गरी परीक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ। जाँचपास पछिको परीक्षणलाई भन्सारको जोखिम व्यवस्थापनसँग आबद्ध गरि जाँचपासपछिको परीक्षणको लागि पैठारीकर्ता छनौट कार्य प्रणाली मार्फत गरिनेछ।
- अग्रिम यात्रु सूचना प्रणाली (Advance Passenger Information System) को माध्यमबाट यात्रुहरु र Cargo Maniest Information System को माध्यमबाट मालवस्तुको पूर्व सूचना लिई जोखिम व्यवस्थापन प्रणाली मार्फत जोखिम पहिचान गरिनेछ।
- सवै भन्सार कार्यालयहरुको भन्सार परिसरभित्र आवश्यक उपकरण सहित सुविधा सम्पन्न प्रयोगशालाको स्थापना गरी नियन्त्रित एवं हानिकारक वस्तुहरुको परीक्षण गर्न सक्ने गरी भन्सार प्रयोगशालाको क्षमता अभिवृद्धि गरिनेछ। राष्ट्रिय सुरक्षा, मानव स्वास्थ्य र वातावरणमा असर गर्ने वस्तु पैठारी हुन नदिइने र प्रणालीवाट नियमित अनुगमन गरिनेछ।
- मानव स्वास्थ्य तथा वातावरणको दृष्टिकोणले संवेदनशील र बढी राजस्व जोखिम हुने मालवस्तुहरु तोकिएको भन्सार कार्यालयबाट मात्र पैठारी गर्न पाउने गरी व्यवस्था मिलाईनेछ।
- आशिकुडा वर्ल्ड प्रणाली लागू हुन बाँकी भन्सार कार्यालयहरुमा क्रमशः यो प्रणाली कार्यान्वयनमा ल्याइनेछ। आवश्यक पूर्वाधार तयार गरी आशिकुडा वर्ल्ड प्रणाली लागू भएका भन्सार कार्यालयको कार्य प्रकृति अनुसार आवश्यक पर्ने आशिकुडा वर्ल्ड प्रणाली अन्तर्गतका Sub-module लागू गरिनेछ।
- अन्तर्राष्ट्रिय व्यापारमा संलग्न सवै निकायहरुले एकै प्रणालीबाट कार्य गर्न सक्ने व्यवस्थाका लागि विकास गरिएको नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) मा अन्तर्राष्ट्रिय व्यापारमा संलग्न पहिचान भएका ४८ निकायहरु सबैलाई उक्त प्रणाली संचालन गर्नको लागि पहल गरिनेछ।
- विद्यमान विषय विज्ञहरुको सूचीमा थप विज्ञहरु समावेश गरी Pool of Expert सूचीलाई अद्यावधिक गरिनेछ। भन्सार प्रशासनमा कार्यरत कर्मचारीहरुको आचार संहिता अध्यावधिक गरी सोको परिपालनाको सुनिश्चितता गरिनेछ।

- भन्सार कार्यालयहरुले सम्पादन गरेका कार्यहरुको अनुगमनलाई प्रभावकारी बनाउनका साथै कार्यसम्पादनमा आधारित सूचना व्यवस्थापन प्रणाली (PBIMS) थप परिमार्जन गरी कार्यान्वयन गरिनेछ।
- सदाचार पद्धतिको परिपालनामा विशेष जोड दिई खराब आचरण प्रदर्शन गर्ने कर्मचारीहरुलाई शून्य सहनशिलता नीति अवलम्बन गरी कारवाही गरिनेछ। कर्मचारीको नैतिक मूल्य मान्यता, सुक्ष्म नियमन र निगरानी सहितको आचारसंहिताको व्यवस्था गरिनेछ। स्वेच्छिक अनुपालन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ। सरोकारवालाहरूमा स्वेच्छिक अनुपालन मापदण्डसम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ।
- मुद्दा तथा लिलाम व्यवस्थापनलाई प्रभावकारी बनाउन लागू गरिएको मुद्दा व्यवस्थापन प्रणाली पूर्ण रुपमा कार्यान्वयन गरी पारदर्शी बनाइनेछ। वेवारिसे मुद्दा १ महिना भित्रमा, वारिसे मुद्दा ३ महिना भित्रमा फछ्र्यौट गर्ने र वेवारिसे मुद्दाको मालवस्तु ३ महिना र वारिसेको हकमा ६ महिना भित्र लिलामी गर्ने व्यवस्था मिलाइनेछ।
- भन्सार विभागलाई वैदेशिक व्यापार तथ्याङ्कको राष्ट्रिय केन्द्र बिन्दु (Focal Point) का रुपमा विकास गरिनेछ। दीर्घकालीन तथ्याङ्क व्यवस्थापनका लागि NNSW मा Data Management को Module विकास गरिनेछ। आशिकुडा प्रणाली लागु भएका सबै भन्सार कार्यालयहरुमा तथ्याङ्क, व्यवस्थापन इकाई गठन गरी नियमित रुपमा तथ्याङ्क संकलन तथा प्रकाशन गरिनेछ।
- सुधारका प्रयासहरुको सरोकारवालाहरुसमक्ष सम्प्रेषण गर्ने एवम् भन्सारमा सदाचार र सुशासन प्रवर्द्धन गर्नका लागि मिडिया तथा अन्य सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। भन्सारको विषयमा शिक्षा, सचेतना तथा सीमा क्षेत्रमा सामाजिक जिम्मेवारीसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- मालवस्तुको सही घोषणा र सही वर्गीकरण गर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ। राजस्व जोखिम भएका मालवस्तुको पहिचान गरी त्यस्तो मालवस्तुको विभिन्न भन्सारमा कायम भएको मूल्यको जाँच गरी कुनै कार्यालयमा अस्वाभाविक रुपमा मूल्य फरक पाइएमा फरक देखिएको भन्सार कार्यालयमा तत्काल पुनरावलोकन गर्ने/गराउने व्यवस्था मिलाइनेछ।
- समाजको सुरक्षा र संरक्षणलाई टेवा पुऱ्याउन भन्सारका नीति तथा प्रक्रियाहरूको एकीकृत एवम् समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिनेछ। सबै अन्तर्राष्ट्रिय विमानस्थल, आइसिपीहरू र प्रमुख भन्सार कार्यालयहरुमा कार्गो र यात्रु मार्ग निर्माण गरिनेछ। अग्रिम यात्रु सूचना प्रणाली (Advanced Passenger Information System) को माध्यमबाट यात्रुहरूको र कार्गो म्यानिफेस्टबाट मालवस्तुको पूर्व सूचना लिई जोखिम निर्धारण गरी कार्यान्वयन गरिनेछ।

- सीमामा रहेका भन्सारका पूर्वाधारहरुको विकास र विस्तार गरिनेछ। कारोबार नहुने छोटी भन्सार कार्यालयहरूको जग्गा र भवनको संरक्षण र व्यवस्थापन गरिनेछ।
- टर्मिनल व्यवस्थाको जिम्मेवारी पाएका इन्टरमोडल यातायात विकास समिति र निजी क्षेत्रहरुसँग समन्वय गर्न स्थानीयस्तरमा भन्सार कार्यालयका प्रमुखको संयोजकत्वमा कमिटी गठन गरी यार्ड व्यवस्थापनमा देखिएका समस्याहरुको समाधान गरिनेछ।

# अनुसूचीहरु

# अनुसूची १

## भन्सार कार्यालयहरु र छोटी भन्सार कार्यालयहरु

| सिनं | प्रदेश | भन्सार कार्यालयहरु | सीमा | भन्सार प्रकार | छोटीको संख्या | छोटी भन्सार कार्यालयहरु |
|---|---|---|---|---|---|---|
| १ | कोशी | ओलाङचुङगोला भन्सार कार्यालय, ताप्लेजुङ | चीन | भूस्थल | | |
| २ | कोशी | किमाथांका भन्सार कार्यालय, संखुवासभा | चीन | भूस्थल | | |
| ३ | कोशी | पशुपतिनगर भन्सार कार्यालय, इलाम | भारत | भूस्थल | ८ | हिले (छविसे), तुम्लिङ, मेमेङ, च्याङथापु, छिरुवा, बन्दुके, माईमजुवा, मानेभन्ज्याङ |
| ४ | कोशी | मेची भन्सार कार्यालय, झापा | भारत | भूस्थल | ६ | नकलबन्दा, आठमौजा, बाहुनडाँगी, गाडागल्ली, सतीघाट, महाभारा |
| ५ | कोशी | भद्रपुर भन्सार कार्यालय, झापा | भारत | भूस्थल | ५ | केचना, घेरावारी, कुमरखोद झापा, पाठामारी, पञ्थपाडा |
| ६ | कोशी | विराटनगर भन्सार कार्यालय, मोरङ्ग | भारत | भूस्थल | ९ | रंगेली, डोरीया, चुत्रीवारी, डाइनिया, कदमाहा, मधुमल्ला, मायागन्ज, चौकीघाट, तरिगामा |
| ७ | कोशी | सुनसरी भन्सार कार्यालय, सुनसरी | भारत | भूस्थल | ६ | साहेवगञ्ज, कौवाखोज, घुस्की, सिसुवालाही, लौकही, भण्टाबारी |
| ८ | मधेश | राजविराज भन्सार कार्यालय, सप्तरी | भारत | भूस्थल | ७ | बनैनीया, श्वर्णपट्टि, कोदरकट्टी, हनुमाननगर, गोविन्दपुर, बेल्ही, कुशाहपातो |
| ९ | मधेश | ठाडी भन्सार कार्यालय, सिराहा | भारत | भूस्थल | २ | कचनारी (नरंगी), नवराजपुर (झाँझपट्टि) |
| १० | मधेश | सिराहा भन्सार कार्यालय, सिराहा | भारत | भूस्थल | ३ | लगडीगदयानी (सिखाज्योती), औरही, बरियारपट्टी |

| सिनं | प्रदेश | भन्सार कार्यालयहरु | सीमा | भन्सार प्रकार | छोटीको संख्या | छोटी भन्सार कार्यालयहरु |
|---|---|---|---|---|---|---|
| ११ | मधेश | जनकपुर भन्सार कार्यालय, धनुषा | भारत | भूस्थल | ८ | इनर्वा, कठाल, खजुरी इस्टेशन, खजुरी महुवा, महिनाथपुर, बैदेही, भडरिया, लग्मा (जटही) |
| १२ | मधेश | जलेश्वर भन्सार कार्यालय, महोत्तरी | भारत | भूस्थल | ६ | बथनाहा, सिसवा (कटैया), रघुनाथपुर, पोखरभिडा, सम्सी, मटिहानी |
| १३ | मधेश | सर्लाही भन्सार कार्यालय, मलंगवा | भारत | भूस्थल | ७ | त्रिभुवननगर, धर्मपुर (भांडसर), फेनरा, पर्सा, संग्रामपुर, बारा, बलरा |
| १४ | मधेश | गौर भन्सार कार्यालय, रौतहट | भारत | भूस्थल | ५ | ब्रम्हपुरी, औरैया, रामपुर खाप, मठिया, बंकुल |
| १५ | मधेश | वीरगञ्ज भन्सार कार्यालय, पर्सा | भारत | भूस्थल | ११ | अलौ, कवही, मटिअर्बा, भिश्वा, सिम्रौनगढ, गाडपर्सौनी भाठा, कचर्वा, अमृतधारा (ठोरी), पिपरपाटी, जानकीटोला नाका, सिर्सिया नाका |
| १६ | मधेश | सुक्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा | भारत | रेल मार्ग | | |
| १७ | बागमती | त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौं | अन्तर्राष्ट्रिय | हवाई मार्ग | १ | वैदेशिक हुलाक |
| १८ | बागमती | चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालय | आन्तरिक परिवहन | भूस्थल | | |
| १९ | बागमती | लामाबगर भन्सार कार्यालय, दोलखा | चीन | भूस्थल | | |
| २० | बागमती | तातोपानी भन्सार कार्यालय, सिन्धुपलान्चोक | चीन | भूस्थल | | |
| २१ | बागमती | रसुवा भन्सार कार्यालय, टिमुरे, रसुवा | चीन | भूस्थल | | |

| सिनं | प्रदेश | भन्सार कार्यालयहरु | सीमा | भन्सार प्रकार | छोटीको संख्या | छोटी भन्सार कार्यालयहरु |
|---|---|---|---|---|---|---|
| २२ | बागमती | भन्सार जाँचपास परीक्षण कार्यालय | | | | |
| २३ | गण्डकी | लार्के भन्सार कार्यालय, गोरखा | चीन | भूस्थल | | |
| २४ | गण्डकी | मुस्ताङ भन्सार कार्यालय, नेचुङ, मुस्ताङ | चीन | भूस्थल | | |
| २५ | गण्डकी | त्रिवेणी भन्सार कार्यालय, नवलपरासी सुस्ता पूर्व | भारत | भूस्थल | | |
| २६ | गण्डकी | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, रुपन्देही | अन्तर्राष्ट्रिय | हवाईमार्ग | | |
| २७ | लुम्बिनी | गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय, रुपन्देही | अन्तर्राष्ट्रिय | हवाईमार्ग | | |
| २८ | लुम्बिनी | महेशपुर भन्सार कार्यालय, नवलपरासी सुस्ता पश्चिम | भारत | भूस्थल | ३ | पर्सौनी, भुजाहा, विष्णुपुरा |
| २९ | लुम्बिनी | भैरहवा भन्सार कार्यालय, रुपन्देही | भारत | भूस्थल | ७ | पक्लीहवा, लुम्वीनी, वुच्चीवरेवा, अमुवा, थुमुवा, मंझरीया, बेथरी |
| ३० | लुम्बिनी | सुठौली भन्सार कार्यालय, कपिलवस्तु | भारत | भूस्थल | ४ | चाकरचौडा, रंगपुर, गौरा, दोहनी |
| ३१ | लुम्बिनी | कृष्णनगर भन्सार कार्यालय, कपिलवस्तु | भारत | भूस्थल | ४ | भिल्मी, कुसाहा, बाणगंगा, हरिहरपुर |
| ३२ | लुम्बिनी | कोइलावास भन्सार कार्यालय, दाङ | भारत | भूस्थल | १ | देचङ्गवा |
| ३३ | लुम्बिनी | नेपालगञ्ज भन्सार कार्यालय, बांके | भारत | भूस्थल | ७ | साइगाउँ, भघोटना, खडैचा, उदरापुर, भगवानपुर, नरैनापुर, सुइयाबगोडा |
| ३४ | लुम्बिनी | राजापुर भन्सार कार्यालय, बर्दिया | भारत | भूस्थल | ८ | गुलरीया, टपरा, धनौरा, छेदापुर, पडरिया, |

| सिनं | प्रदेश | भन्सार कार्यालयहरु | सीमा | भन्सार प्रकार | छोटीको संख्या | छोटी भन्सार कार्यालयहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | कोठियाघाट, ताराताल, गणेशपुरा |
| ३५ | कर्णाली | मुगु भन्सार कार्यालय, मुगु | चीन | भूस्थल | | |
| ३६ | कर्णाली | यारिनाका भन्सार कार्यालय , हुम्ला | चीन | भूस्थल | | |
| ३७ | सुदुरपश्चिम | सती भन्सार कार्यालय, कैलाली | भारत | भूस्थल | ३ | पृथ्वीपुर, बर्दवा, सोनाफाटा |
| ३८ | सुदुरपश्चिम | कैलाली भन्सार कार्यालय, धनगढी | भारत | भूस्थल | ५ | बेलौरी, परासन, भडरी, कनरी, घुइयाँफाटा |
| ३९ | सुदुरपश्चिम | कञ्चनपुर भन्सार कार्यालय, महेन्द्रनगर | भारत | भूस्थल | २ | पचुइ, चाँदनी, दोधारा |
| ४० | सुदुरपश्चिम | दार्चुला भन्सार कार्यालय, दार्चुला | भारत | भूस्थल | १ | धर्माघाट |
| ४१ | सुदुरपश्चिम | महाकाली भन्सार कार्यालय, बैतडी | भारत | भूस्थल | ४ | टिंकर, झोलुंगेवगर, व्यासछांग्रु, दत्तु |

# अनुसूची २

## भन्सार कार्यालयहरुको स्वीकृत दरबन्दी

| पद | श्रेणी वा तह | सेवा | समुह | दरवन्दी |
|---|---|---|---|---|
| **पशुपतिनगर भन्सार कार्यालय** | | | | |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | १ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | ७ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | विविध | १ |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | १ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ९ |
| **कार्यालयको दरबन्दी** | | | | २० |
| **मेची भन्सार कार्यालय** | | | | |
| प्रमुख भन्सार अधिकृत | रा.प. द्वितीय | नेपाल प्रशासन | राजस्व | १ |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | ४ |
| केमिष्ट | रा.प. तृतीय | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | १ |
| कम्प्यूटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | | १ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | १६ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| असिष्टेन्ट केमिष्ट | रा.प.अनं. प्रथम | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | १ |
| कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | विविध | ० |
| खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | ० |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | २ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २१ |
| **कार्यालयको जम्मा दरबन्दी** | | | | ४९ |
| **भद्रपुर भन्सार कार्यालय** | | | | |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | १ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | ८ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |

| पद | श्रेणी वा तह | सेवा | समुह | दरवन्दी |
|---|---|---|---|---|
| कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | विविध | १ |
| मुखिया | रा.प.अनं. तृतीय | नेपाल प्रशासन | राजस्व | ० |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | १ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ८ |
| **कार्यालयको जम्मा दरबन्दी** | | | | २० |
| **विराटनगर भन्सार कार्यालय** | | | | |
| प्रमुख भन्सार अधिकृत | रा.प. द्वितीय | नेपाल प्रशासन | राजस्व | १ |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | ८ |
| लेखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | लेखा | १ |
| केमिष्ट | रा.प. तृतीय | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | १ |
| कम्प्यूटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | | २ |
| कम्प्यूटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | | ० |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | २२ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| असिष्टेन्ट केमिष्ट | रा.प.अनं. प्रथम | नेपाल इन्जिनियरिङ्ग | केमिष्ट | १ |
| कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | विविध | ० |
| भन्सार सङ्केत निरीक्षक | रा.प.अनं. प्रथम | आ. यो. तथा तथ्याङ्क | तथ्याङ्क | ० |
| भ स स नि | रा.प.अनं. द्वितीय | आ. यो. तथा तथ्याङ्क | तथ्याङ्क | ० |
| खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | राजस्व | ० |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | २ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २० |
| **कार्यालयको जम्मा दरबन्दी** | | | | ६० |
| **सुनसरी भन्सार कार्यालय** | | | | |
| प्रमुख भन्सार अधिकृत | रा.प. द्वितीय | नेपाल प्रशासन | राजस्व | १ |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | १ |
| कम्प्यूटर अधिकृत | रा.प. तृतीय | नेपाल विविध | | ० |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | ८ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |

| पद | श्रेणी वा तह | सेवा | समुह | दरवन्दी |
|---|---|---|---|---|
| कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | विविध | १ |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | २ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १० |
| **कार्यालयको जम्मा दरबन्दी** | | | | २४ |
| **राजविराज भन्सार कार्यालय** | | | | |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | १ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | ८ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | विविध | १ |
| हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग | १ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १० |
| **कार्यालयको जम्मा दरबन्दी** | | | | २२ |
| **सिराहा भन्सार कार्यालय** | | | | |
| प्रमुख भन्सार अधिकृत | रा.प. द्वितीय | नेपाल प्रशासन | राजस्व | १ |
| भन्सार अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | १ |
| नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | ८ |
